# प्रथम आवधिक योजना

(२०७८/७९-२०८२/८३)

**गण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

भुम्लिचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०७८

| | | |
|---|---|---|
| **प्रकाशक** | : | गण्डकी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>भुम्लिचोक, गोरखा<br>गण्डकी प्रदेश, नेपाल |
| **सम्पर्क** | : | फोन : ९८५६०४०१००, ९८४६०७०४४९, ९८५६०१०९७६<br>इमेल : gandakirm@gmail.com, ito.gandakirm@gmail.com<br>info@gandakimun.gov.np<br>वेवसाइट : www.gandakimun.gov.np |
| **सर्वाधिकार©** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | २०७८ |
| **प्राविधिक सहयोग** | : | भूकम्प पश्चातको पुनर्लाभमा वेलायती सरकारको सहयोग पूर्णिमा परियोजना र एसडीआइसी काडमाण्डौ |

## मन्तव्य



संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धि र समता, सुशासनको जनआकांक्षा पुरा गर्नलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमाको आवश्यकता रहेको छ। साथै नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकास तथा वातावरण सन्तुलनको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानुन बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय संरचना अनुसारको राज्यको पुनस्थापना पछि स्थानीय सरकारको रुपमा स्थापित यस गण्डकी गाउँपालिकाले पहिलो प्रयासको रुपमा यस प्रथम आवधिक विकास योजना (२०७८/०७९-२०८२/८३) तर्जुमा गरेको छ।

यस आवधिक विकास योजनामा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास, वातावरण सन्तुलन तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् विकासको समष्टिगत मार्गचित्र प्रस्तुत गरिएको छ। यस योजनाले आगामी ५ बर्षको अवधिका लागि गाउँपालिकालाई दीर्घकालीन सोचतर्फ डोऱ्याउने अपेक्षा रहेको छ। स्थानीय तहको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्रगत गुरुयोजना, आवधिक तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्सा सहित वस्तुस्थिति विवरण तयार समेत गरिएको छ। जुन आवधिक योजनाको आधार दस्तावेजको रुपमा रहेको छ।

वस्तुस्थिति विश्लेषण विवरणको आधारमा गाउँपालिकाको विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी गाउँपालिकाको एकीकृत र स्थानगत स्वरुपको यस प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ। आवधिक विकास योजना तयारी तथा अभिमुखीकरण, तथ्याङ्क संकलन, विश्लेषण र प्रस्तुती, दीर्घकालीन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला, आवधिक योजना तर्जुमा विस्तृत कार्यशाला, मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशाला चरणबद्ध रुपमा संचालन गरी सहभागितामूलक प्रक्रिया बमोजिम यो आवधिक विकास योजना तर्जुमा गरिएको छ। गाउँ सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी आवधिक योजनालाई सहभागितामूलक, समावेशी र नतिजामूलक बनाउने प्रयास गरिएको छ। आवधिक योजना तर्जुमा प्रक्रियामा जस्तै बार्षिक योजना र बजेट मार्फत कार्यान्वयनमा समेत सम्बन्धित सबैको सहयोग प्राप्त हुने र योजनामा प्रस्तावित श्रोत प्रक्षेपण अनुसार स्रोत परिचालन हुने अपेक्षा राखिएको छ।

आवधिक विकास योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको विकासको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। यस योजनाको आधारमा आगामी वर्षहरुमा मध्यमकालीन खर्च संरचना र मध्यमकालीन खर्च संरचनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक

योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरी योजना कार्यान्वयन सुनिश्चित गरिनेछ ।

अन्त्यमा यस कार्यलाइ आर्थिक साझेदारी गर्ने **UK Aid** , ब्यवस्थापकीय सहयोग गर्ने मोट **MacDonald** र प्राबिधिक सहयोग पुर्याउने **SDIC** काठमाडौं , यसमा संलग्न सम्पूर्ण बिषय बिज्ञ तथा कर्मचारीहरु , समस्त गाउपलिकाका जनप्रतिनिधि ज्युहरु , राजनैतिक दलका प्रतिनिधिहरु, सरोकार वाला नागरिक समाज तथा भद्र भलाद्मी एवं समस्त गाँउपलिकाका शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

**मंसिर, २०७८**



.............................

**होम वहादुर राना**

अध्यक्ष

मिति : २०७८ मंसिर

## धन्यवाद ज्ञापन



नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रही यस गाउँ पालिकाले आफ्नो प्रथम पाँच वर्षे आवधिक विकास योजना तर्जुमा गरि कार्यान्वयनको प्रतिवद्धता सहित प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। यस आवधिक विकास योजना तर्जुमाका बिभिन्न चरणमा संलग्न अध्यक्ष ज्यु लगायत सवै वडा अध्यक्षहरु कार्यपालिकाका सवै सदस्यहरु, विषयगत समितिहरु, प्रमुख प्रशासकीय अधिकृत एवं विषयगत शाखा प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरु र पुर्णिमा परियोजनाका तर्फवाट यस गाउँ पालिकाका योजना तथा सुशासन सल्लाहकार र ईन्जिनियर सवै लाई उहाँहरुको सहयोग र सहकार्यका लागी धन्यवाद दिन चाहन्छु। प्रत्यक्ष अप्रत्यक्ष सहयोग र सहकार्य गर्ने सम्वद्ध सम्पूर्ण पक्षहरुप्रति मेरो व्यक्तिगत तथा गण्डकी गाउँ पालिकाको तर्फवाट आभार व्यक्त गर्न चाहन्छु।

**" विविधतामा एकता गण्डकी बासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान"** भन्ने दीर्घकालिन सोच सहित निर्माण भएको यस आवधिक योजनाको सफल कार्यान्वयनले समग्र गाउँ पालिकाको मुहार फेर्ने कुरामा हामी सवै आशावादी छौं। यसको सफल कार्यान्वयनमा यहाँहरुको भुमिका अझै महत्वपुर्ण र सकारात्मक रहने विश्वास लिएको छ। यसका लागी सवैको सहयोग, सहकार्य र सदभाव हाम्रा लागी अपरिहार्य छ। अन्तमा, यो आवधिक विकास योजना दस्तावेज निर्माणमा आर्थिक साझेदारी गर्ने UK Aid , व्यवस्थापकीय सहयोग गर्ने Mott MacDonald र प्राबिधिक सहयोग पुर्याउने SDIC काठमाडौँका समग्र परामर्शदाता विज्ञ समूहका सदस्यहरूप्रति आभार प्रकट गर्न चाहन्छु।

**मंसिर, २०७८**

..............................

**(ललिताा अधिकारी)**

उपाध्यक्ष

गण्डकी गाउँपालिका

# कृतज्ञता ज्ञापन



गण्डकी गाउँपालिकाको योजनाबद्ध विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ । गाउँपालिकाको योजनाबद्ध विकासद्वारा समस्त नागरिकको जीवनस्तर सुधारको लागि **" विविधतामा एकता गण्डकी बासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान"** भन्ने दीर्घकालीन सोच र स्पष्ट खाका सहित आर्थिक वर्ष २०७८ /७९ देखि २०८२/८३ सम्मका लागि गण्डकी गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ ।

यस आवधिक योजना निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्नुहुने गण्डकी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष्यहरु, कार्यपालिका सदस्यहरु लगायत सम्पूर्ण जनप्रतिनिधि, विशेषज्ञ, विज्ञ र समस्त सरोकारवालाहरु तथा कर्मचारी मित्रहरु धन्यवादका पात्र छन् । यस योजना निर्माणका सन्दर्भमा गाउँपालिकालाई आर्थिक साझेदारी गर्ने UK Aid , व्यवस्थापकीय सहयोग गर्ने Mott MacDonald र प्राबिधिक सहयोग पुर्याउने SDIC काठमाडौँका समग्र परामर्शदाता विज्ञ समूहका सदस्यहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

**मंसिर, २०७८**

..............................

**(जित बहादुर भण्डारी)**
**प्रमुख प्रशासकीय अधिकृत**

# आवधिक योजनाको सारांश

| | | |
|---|---|---|
| **दीर्घकालीन सोच** | : | विविधतामा एकता गण्डकी बासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान |
| **लक्ष्य** | : | उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त गाउँपालिका |
| **उद्देश्य** | : | • उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्द्धन गर्ने,<br>• सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,<br>• गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,<br>• बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,<br>• वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने,<br>• विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने,<br>• कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट आर्थिक सामाजिक क्षेत्रलाई पुनःजागृत गराउने,<br>• स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने । |
| **मार्गदर्शक सिद्धान्त** | | • उत्पादनमूखी, आत्म निर्भर र उन्नत अर्थतन्त्र<br>• आर्थिक विकासमा तीन खम्बे (सार्वजनिक, निजी र सहकारी) अग्रसरता<br>• दिगो तथा योजनाबद्ध विकास<br>• मानव विकास तथा गुणस्तरीय जीवन<br>• समन्वय, साझेदारी र सहकार्य<br>• सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास<br>• विपद् उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकूलन<br>• मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रबाह<br>• सुशासन तथा सदाचार प्रवर्द्धन<br>• गुणस्तरीय सेवा प्रवाह |
| **प्रमुख रणनीति** | | • कृषि तथा पशुजन्य उपजको मुल्य तथा बजार मागका आधारमा उत्पादनलाई विशिष्ठिकरण, व्यावसायिकरण, विविधिकरण गरी उत्पादन, रोजगारी तथा आम्दानीमा वृद्धि गर्ने<br>• पर्यटन, उद्योग तथा व्यवसायको प्रवर्द्धन मार्फत आय तथा रोजगारीमा वृद्धि गर्ने<br>• शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तर अभिवृद्धि, स्वस्थ जीवन शैली, सुद्धढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने<br>• सामाजिक न्याय, समावेशीकरण, सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने<br>• दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, सुलभ सञ्चार सुबिधा र स्वच्छ उर्जाको विस्तार र स्तरोन्नति गर्ने<br>• विकासको प्रकृयालाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने<br>• विकास प्रकृयालाई द्रुततर तुल्याउन अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी गराउने<br>• जनमुखी सेवा प्रबाह, आयोजना व्यवस्थापन क्षमता र जवाफदेहिताको अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्ने<br>• आन्तरिक राजश्व सदृढिकरण, विवेकपूर्ण श्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने<br>• कोभिड १९ को संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभाबकारी गराउँदै यसबाट जीविका संकटमा परेका, आर्थिक क्षति भएकाहरुका लागि राहत, आम्दानी तथा रोजगारीका अवसरहरु सृजना गर्ने |
| **योजनाको अनुमानित रकम** | : | (तलको तालिका) |

| विषय क्षेत्र | अनुमानित श्रोत (हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ८३३००० | १५.१ |
| संस्कृति तथा पर्यटन विकास | ६५००० | १.२ |
| सामाजिक विकास | ९४४७५० | १७.१ |
| पूर्वाधार विकास | ३०४७५८० | ५५.२ |
| वन तथा वातावरण | २०८४७० | ३.८ |
| विपद् व्यवस्थापन | १०५७५० | १.९ |
| आर्थिक सामाजिक पुनर्लाभ | १२७८५० | २.३ |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थागत विकास र सुशासन | १९२२५० | ३.५ |
| | | **जम्मा** | **५५२४६५०** | **१००** |

# विषय सूची


*आवधिक योजनाको सारांश* .................... *v*
*विषय सूची* .................... *viii*
*तालिका सूची* .................... *xii*
**परिच्छेद एक : परिचय .................... १**
१.१ पृष्ठभूमि .................... १
१.२ आवधिक योजनाको उद्देश्य .................... १
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया .................... २
**परिच्छेद दुई : गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा .................... ४**
२.१ गाउँपालिकाको परिचय .................... ४
२.२ आर्थिक विकास अवस्था .................... ६
२.३ सामाजिक विकासको अवस्था .................... ८
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था .................... १०
२.५ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था .................... ११
२.६ सुशासन तथा संस्थागत व्यवस्था .................... १२
**परिच्छेद तीन : गाउँपालिका विकासको सोच तथा अवधारणा .................... १४**
३.१ विकासका प्रमुख सम्भावना तथा अवसरहरु .................... १४
३.२ प्रमुख समस्या तथा चुनौतिहरु .................... १४
३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त .................... १५
२.४ लक्ष्य तथा उद्देश्य .................... १८
२.५ प्रमुख प्राथमिकता .................... १८
२.६ प्रमुख रणनीति .................... १९
२.७ परिमाणात्मक लक्ष्य निर्धारण .................... २१
२.८ स्थानीय गौरवका आयोजना .................... २१
**परिच्छेद चार : आर्थिक विकास योजना .................... २३**
४.१ पृष्ठभूमि .................... २३
४.२ वर्तमान अवस्था .................... २३
४.२.१ कृषि विकास .................... २४
४.२.२ सिंचाई विकास .................... २५
४.२.३ पशुपन्छी विकास .................... २५
४.२.४ उद्योग र व्यापार .................... २६
४.२.५ वैक, सहकारी र वित्तीय सेवा .................... २७
४.२.६ श्रम, आय तथा रोजगारी .................... २७
४.३ सोच .................... २७
४.४ लक्ष्य .................... २८
४.५ उद्देश्य .................... २८
४.६ रणनीति तथा कार्यनीति .................... २८
४.७ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) .................... ३१
४.८ आयोजना तथा कार्यक्रमको सांकेतीकरण .................... ३६

४.९ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ...... ३६
**परिच्छेद पाँच : संस्कृति तथा पर्यटन योजना ...... ३७**
५.१ पृष्ठभूमि ...... ३७
५.२ वर्तमान अवस्था ...... ३७
५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ...... ३८
५.३.१ सोच ...... ३८
५.३.२ लक्ष्य ...... ३८
५.३.३ उद्देश्य ...... ३८
५.३.४ रणनीति तथा कार्यनीति ...... ३८
५.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी ...... ३९
५.४.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ...... ३९
५.४.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण ...... ४१
५.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ...... ४१
**परिच्छेद छ : सामाजिक विकास योजना ...... ४२**
६.१ पृष्ठभूमि ...... ४२
६.२ वर्तमान अवस्था ...... ४२
६.२.१ शिक्षा तथा सीप विकास ...... ४३
६.२.२ स्वास्थ्य तथा पोषण ...... ४४
६.२.३ खानेपानी तथा सरसफाई ...... ४५
६.२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ...... ४५
६.२.५ युवा तथा खेलकूद ...... ४६
६.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ...... ४७
६.३.१ सोच ...... ४७
६.३.२ लक्ष्य ...... ४७
६.३.३ उद्देश्य ...... ४७
६.३.४ रणनीति तथा कार्यनीति ...... ४८
६.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी ...... ५४
६.४.१ प्रमुख कार्यक्रम तथा आयोजना ...... ५४
६.४.२ आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण ...... ५८
६.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ...... ५८
**परिच्छेद सात : पूर्वाधार विकास योजना ...... ५९**
७.१. पृष्ठभूमि ...... ५९
७.२. विद्यमान अवस्था, सम्भावना तथा समस्या ...... ५९
७.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास ...... ५९
७.२.२ पुल तथा यातायात ...... ६१
७.२.३ विद्युत तथा वैकल्पिक उर्जा ...... ६२
७.२.४ सूचना, संचार र प्रविधि ...... ६३
७.२.५ पूर्वाधार विकास क्षेत्रको अवसर ...... ६३
७.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ...... ६४
७.३.१ सोच ...... ६४
७.३.२ लक्ष्य ...... ६४
७.३.३ उद्देश्य ...... ६४
७.३.४ रणनीति तथा कार्यनीति ...... ६४
७.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि ...... ६८
७.४.१ प्रमुख कार्यक्रम तथा आयोजना ...... ६८
७.४.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण ...... ७१
७.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ...... ७१
**परिच्छेद आठ : वन तथा वातावरण व्यवस्थापन योजना ...... ७२**
८.१ पृष्ठभूमि ...... ७२
८.२ वन, हरियाली, जैविक विविधता ...... ७३
८.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ...... ७४

८.४ फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता ....................................................................७५
८.५ सोच, लक्ष्य, उद्देश्य, रणानीति, कार्यनीति तथा प्रमुख कार्यक्रम.....................................................७६
८.५.१ सोच ..........................................................................................................................७६
८.५.२ लक्ष्य..........................................................................................................................७६
८.५.३ उद्देश्य .......................................................................................................................७६
८.५.४ रणनीति तथा कार्यनीति ..................................................................................................७६
८.६ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी ...................................................................................७९
८.६.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ...........................................................................७९
८.६.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण.............................................................................८३
८.६.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका ...............................................................................८३
**परिच्छेद नौं : विपद् व्यवस्थापन योजना ......................................................................................८४**
९.१ पृष्ठभूमि ..........................................................................................................................८४
९.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..........................................................................८६
९.२.१ सोच ..........................................................................................................................८६
९.२.२ लक्ष्य ..........................................................................................................................८६
९.२.३ उद्देश्य........................................................................................................................८६
९.२.४ रणनीति तथा कार्यनीति ..................................................................................................८७
९.३ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि...................................................................................८९
९.३.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना.......................................................................... ८९
९.३.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण .............................................................................९१
९.३.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका ................................................................................९१
**परिच्छेद दश : आर्थिक सामाजिक पुनर्लाभ योजना ..........................................................................९२**
१०.१ पृष्ठभूमि..........................................................................................................................९२
१०.२ वर्तमान अवस्था................................................................................................................९२
१०.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........................................................................९३
१०.३.१ सोच ........................................................................................................................९३
१०.३.२ लक्ष्य........................................................................................................................९३
१०.३.३ उद्देश्य .....................................................................................................................९३
१०.३.४ रणनीति तथा कार्यनीति ................................................................................................९३
१०.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी................................................................................ ९४
१०.४.१ प्रमुख कार्यक्रम तथा आयोजना...................................................................................... ९४
१०.४.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण .............................................................९५
१०.४.३ आयोजना तथा कार्यक्रमको सांकेतीकरण...........................................................................९५
१०.४.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ...........................................................................९५
**परिच्छेद एघार : संस्थागत विकास तथा सुशासन योजना ...............................................................९६**
११.१ पृष्ठभूमि ........................................................................................................................९६
११.२ सम्भावना तथा अवसर .......................................................................................................९६
११.३ समस्या तथा चूनौति......................................................................................................... ९८
११.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ......................................................९९
११.४.१ सोच.........................................................................................................................९९
११.४.२ लक्ष्य........................................................................................................................९९
११.४.३ उद्देश्य .....................................................................................................................९९
११.४.४ विषयगत रणनीति तथा कार्यनीति...................................................................................९९
११.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि .............................................................................१०५
११.५.१ प्रमुख कार्यक्रम तथा आयोजना ....................................................................................१०५
११.५.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण ........................................................................१०९
११.५.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका............................................................................१०९
**परिच्छेद वाह्र : कार्यान्वयन व्यवस्था.......................................................................................१११**
१२.१ वित्तीय व्यवस्थापन योजना ...............................................................................................१११
१२.१.१ श्रोत अनुमान तथा प्रक्षेपण...........................................................................................१११
१२.१.२ विषयक्षेत्र अनुसार आवश्यक स्रोत अनुमान.......................................................................११३

१२.१.३ परिचालन रणनीति ........................................................................................ ११४
१२.२ आवधिक योजना कार्यान्वयन ..................................................................................११५
१२.२.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना .......................................................११६
१२.३ अनुगमन तथा मूल्याकंन योजना............................................................................. ११८
१२.३.१ विद्यमान व्यवस्था र अवस्था.................................................................................. ११८
१२.३.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी ................................................................... ११८
१२.३.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया ............................................................. ११८
**परिच्छेद तेह्र : मध्यमकालीन खर्च संरचना............................................................................. १२०**
१३.१ पृष्ठभूमि ......................................................................................................... १२०
१३.२ अवधारणा ....................................................................................................... १२०
१३.३ उद्देश्य ...........................................................................................................१२१
१३.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु.........................................................१२१
१३.५ मध्यमकालीन समष्टिगत आर्थिक खाका ...................................................................१२२
१३.६ समष्टिगत मध्यमकालीन नतिजा खाका......................................................................१२२
१३.७ समष्टिगत मध्यमकालीन बजेट खाका .......................................................................१२३
१३.८ विषय क्षेत्रगत तीन आर्थिक वर्षको कार्यक्रम तथा बजेट अनुमान तथा प्रक्षेपण ................................ १२५
१३.८.१ आर्थिक विकास क्षेत्र.............................................................................................१२५
१३.५.२ पर्यटन तथा संस्कृति क्षेत्र ...................................................................................... १२८
१३.५.३ सामाजिक विकास क्षेत्र .........................................................................................१३०
१३.५.४ पूर्वाधार विकास क्षेत्र.............................................................................................१३३
१३.५.५ वन तथा वातावरण क्षेत्र .......................................................................................१३५
१३.५.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्र ......................................................... १३८
१३.५.७ आर्थिक सामाजिक पुनर्लाभ क्षेत्र.............................................................................१३९
१३.५.८ सुशासन तथा संस्थागत विकास क्षेत्र ....................................................................... १४१
*अनुसूची १: आर्थिक विकास क्षेत्रको स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ..................................... १४५*
*अनुसूची २: आयोजना तथा कार्यक्रमको सांकेतीकरण ........................................................................ १४९*
*अनुसूची ३: आर्थिक विकास क्षेत्रको नतिजा खाका.............................................................................१५२*
*अनुसूची ४: संस्कृति तथा पर्यटन विकास .........................................................................................१५६*
*अनुसूची ५: संस्कृति तथा पर्यटन क्षेत्रको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण.................................... १५७*
*अनुसूची ६: संस्कृति तथा पर्यटन क्षेत्रको नतिजा खाका.................................................................... १५८*
*अनुसूची ७: सामाजिक विकास क्षेत्रको स्थानगत तथा आयोजना/कार्यक्रम विवरण.......................................१६०*
*अनुसूची ८: सामाजिक विकास क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण .........................................१६९*
*अनुसूची ९: सामाजिक विकास क्षेत्रको नतिजा खाका..........................................................................१७२*
*अनुसूची १०: पूर्वाधार विकास क्षेत्रका कार्यक्रमको स्थानगत तथा आयोजना/कार्यक्रम विवरण..........................१७७*
*अनुसूची ११: पूर्वाधार विकास क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण................................ १८१*
*अनुसूची १२: पूर्वाधार विकास विषय क्षेत्र नतिजा खाका.................................................................... १८२*
*अनुसूची १३: वन तथा वातावरण व्यवस्थापन क्षेत्रका कार्यक्रमको स्थानगत तथा आयोजना/कार्यक्रम विवरण........ १८५*
*अनुसूची १४: वन तथा वातावरण क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण...........................१८८*
*अनुसूची १५: वन तथा वातावरण क्षेत्रको नतिजा खाका..................................................................... १९०*
*अनुसूची १६: विपद् जोखिम व्यवस्थापन क्षेत्रका कार्यक्रमको स्थानगत तथा आयोजना/कार्यक्रम विवरण...............१९३*
*अनुसूची १७: विपद् जोखिम व्यवस्थापन क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण..................... १९५*
*अनुसूची १८: विपद् जोखिम व्यवस्थापन क्षेत्रको नतिजा खाका ............................................................ १९७*
*अनुसूची १९: आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रका कार्यक्रमको स्थानगत तथा आयोजना/कार्यक्रम विवरण............. २०२*
*अनुसूची २०: आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण.................... २०३*
*अनुसूची २१: आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको नतिजा खाका.......................................................... २०४*
*अनुसूची २२: संस्थागत विकास तथा सुशासन क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण............... २०६*
*अनुसूची २३: संस्थागत विकास तथा सुशासन क्षेत्रको नतिजा खाका...................................................... २०८*

# तालिका सूची

तालिका १ : जनसंख्याको अवस्था........ ५
तालिका २ : जनसंख्याको वृद्धिदर........ ६
तालिका ३ : आवधिक योजनाको परिमाणात्मक लक्ष्य........ २१
तालिका ४ : स्थानीय गौरवका आयोजना तथा कार्यक्रमको विवरण........ २२
तालिका ५ : आर्थिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति........ २८
तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ३२
तालिका ७ : सांस्कृतिक तथा पर्यटन विकासका लागि लिईने रणनीति तथा कार्यनीति........ ३८
तालिका ८ : संस्कृति तथा पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ४०
तालिका ९ : सामाजिक विकासका लागि रणनीति तथा कार्यनीति........ ४८
तालिका १० : सामाजिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ५५
तालिका ११ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति........ ६४
तालिका १२ : पूर्वाधार विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ६९
तालिका १३ : वन तथा वातावरण क्षेत्रको रणनीति तथा कार्यनीति........ ७६
तालिका १४ : वन तथा वातावरण व्यवस्थापनका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ८०
तालिका १५ : विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति........ ८७
तालिका १६ : विपद् जोखिम व्यवस्थापनका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना........ ९०
तालिका १७ : आर्थिक सामाजिक पुनलार्भ क्षेत्रको प्रमुख कार्यक्रम........ ९५
तालिका १८ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति........ १००
तालिका १९ : सुशासन तथा संस्थागत विकास क्षेत्रको कार्यान्वयन योजना........ १०६
तालिका २० : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु हजारमा)........ १११
तालिका २१ : विषय क्षेत्रगत स्रोत अनुमान........ ११३
तालिका २२ : अनुमानित श्रोत तथा उपलब्ध बजेट प्रक्षेपण........ ११५
तालिका २३ : प्रस्तावित कर्मचारी दरबन्दी........ ११८
तालिका २४ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया........ ११९
तालिका २५ : समष्टिगत आर्थिक खाका विवरण........ १२२
तालिका २६ : समष्टिगत नतिजा खाका........ १२२
तालिका २७ : त्रिवर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रु हजारमा)........ १२४
तालिका २८ : आर्थिक विकास क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १२५
तालिका २९ : आर्थिक विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १२६
तालिका ३० : पर्यटन विकास तथा संस्कृति क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १२९
तालिका ३१ : पर्यटन विकास तथा संस्कृति क्षेत्रको तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १२९
तालिका ३२ : सामाजिक विकास क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १३०
तालिका ३३ : सामाजिक विकास क्षेत्र तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १३१
तालिका ३४ : पूर्वाधार विकास क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १३३
तालिका ३५ : पूर्वाधार विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १३४
तालिका ३६ : वन तथा वातावरण क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १३५
तालिका ३७ : वन तथा वातावरण क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १३६
तालिका ३८ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १३८
तालिका ३९ : विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १३८
तालिका ४० : आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको खर्च तथा श्रोतको अनुमान........ १३९
तालिका ४१ : आर्थिक-सामाजिक पुनर्लाभ योजनाको मध्यमकालीन खर्च संरचना........ १४१
तालिका ४२ : सुशासन तथा संस्थागत विकास क्षेत्रको त्रिवर्षिय खर्च तथा श्रोतको अनुमान........ १४२
तालिका ४३ : सुशासन तथा संस्थागत विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण........ १४२

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले आत्मसात गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय संकल्पलाई सहज तुल्याउने महत्वपूर्ण माध्यम योजनावद्ध विकास हो । दीर्घकालीन सोच उन्मुख हुने गरी तयार हुने मध्यमकालीन अवधिको स्थानीय तहको आवधिक योजनाले स्थानीय विकासको अपेक्षित गन्तब्य तय गरी विकास प्रकृयालाई सोही दिशातर्फ निर्देशित गर्दछ । आवधिक योजना स्थानीय सरकारको अपेक्षित नतिजा हासिल गर्ने सुसंगत पद्धती पनि हो । यस योजनाले विषय क्षेत्रगत रणनीतिक योजना तथा वार्षिक योजनालाई ठोस आधार समेत प्रदान गर्दछ ।

नेपालको सन्दर्भमा आवधिक योजनाको अवधारणालाई सर्वप्रथम वि.सं. २०१३ सालबाट अवलम्बन गरेको देखिन्छ । हालसम्म आइपुग्दा संघीय लोकतान्त्रिक शासन व्यवस्थाअन्तरगत तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन् । स्थानीय तहका योजनाले स्थानीय तहको योजना अनुशासन कायम गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको खेल्दछ । नेपालको संविधानले अधिकार क्षेत्रभित्र रही योजना तर्जुमा गर्ने कार्यलाई आर्थिक अधिकारको रुपमा उल्लेख गरेको छ ।  गाउँपालिकाले उपलब्ध श्रोतको उच्चतम परिचालन मार्फत आशातित उपलब्धी हासिल गर्न स्पष्ट मार्गदिशा कायम गर्न आवधिक योजना आवश्यक रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमासम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको योजना तर्जुमा नमुना दिग्दर्शन २०७५ उपलब्ध गराएको छ । कोभिड १९ को महामारीको विशिष्ट परिवेशमा तर्जुमा गरिएको गण्डकी गाउँपालिकाको आवधिक योजनाले स्थानीय विकास, प्रादेशिक विकास तथा राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

गाउँपालिकाको दीर्घकालीन सोच उन्मुख रही एकीकृत, योजनाबद्ध र नतिजामूलक विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य रहेको छ । यस योजनाको विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- एकीकृत, नतिजामुलक र योजनावद्ध विकासका लागि साझेदार तथा सरोकारवालाहरुको सहभागिता र प्रतिवद्धतासहित विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने,
- गाउँ विकासको सम्भावना तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गर्ने,
- सहभागितात्मक छलफलका आधारमा गाउँ विकासको योजनाको व्यवस्थित खाका तयार गर्ने,
- मध्यकालीन खर्च संरचनाको त्रिवर्षिय कार्यक्रम तथा खर्चको विवरण तयार गर्ने, र
- विषयगत गुरु योजना तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई दिशानिर्देश गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ को व्यवस्था तथा स्थानीय अनुकूलता र विगतका अनुभवलाई आत्मसात गर्दै प्राविधिक सहयोग टोलीको सहयोग परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । यस आवधिक योजना तर्जुमा प्रकृयामा कोभिड १९ को महामारीलाई मध्यनजर गर्दै आवश्यक सुरक्षात्मक मापदण्डको सचेततापूर्वक पालना गरी भौतिक उपस्थितिलाई यथासक्य कमी तथा विद्युतीय सूचना प्रविधिको उपयोग गरी सरोकारवालहरुसँगको भर्चुअल छलफल समेतको उपयोग गरिएको थियो । आवधिक योजना तर्जुका विधि तथा प्रकृया देहायअनुसार रहेको छ :

### *१.३.१ आवधिक योजना तयारी तथा अभिमुखिकरण*

आवधिक योजनाको ढाँचासहित तर्जुमा विधि तथा प्रकृया सम्बन्धमा समान बुझाई कायम गर्न फागुन १४ गते एक दिवसीय आवधिक योजना तयारी कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गाउँ कार्यपालिका कार्यालयको आयोजनामा सम्पन्न उक्त कार्यशाला गोष्ठीमा कार्यपालिकाका सदस्य, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका कार्यालयका कर्मचारी, वडा सचिव तथा स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत गरी ४७ जनाको सहभागिता रहेको थियो । गोष्ठीको अध्यक्षता गाउँ कार्यपालिका अध्यक्ष होम बहादुर राना मगरले गर्नु भएको थियो । उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती, छलफल र कार्ययोजना तयार गरिएको थियो । कार्यशालाको सहजिकरण एसडिआइसीका विषय विज्ञले गर्नुभएको थियो ।

### *१.३.२ स्थिति विश्लेषण तथा आधार सूचना तयारी*

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि गाउँ वस्तुस्थिति विवरण २०७७, राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन, विषयगत शाखाहरुको अभिलेख तथा तथ्याङ्क, संघीय तथा प्रदेशस्तरका अध्ययन प्रतिवेदनका उपयोगी तथ्याङ्कका अतिरिक्त सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतलाई समावेश गरी आधाररेखा सूचनाको रुपमा तयार गरियो । यस प्रयोजनका लागि दस्तावेजहरुको समिक्षाका साथै सहभागितामूलक छलफलबाट प्राप्त विषय क्षेत्रगत सूचनाको निचोडलाई आवधिक योजनाको आधार सूचनाको रुपमा लिइएको छ ।

### *१.३.३ योजना तर्जुमा बृहत कार्यशाला गोष्ठी*

गाउँ विकासको योजना तर्जुमा प्रकृयामा सरोकारवालाबीच व्यापक छलफल गरी आधाररेखा सूचना, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, श्रोत प्रक्षेपण, रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा तयारी गर्ने उद्देश्यले साउन १३ र १४ गते योजना तर्जुमा बृहत कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गाउँ कार्यपालिकाको आयोजना तथा गाउँ कार्यपालिका अध्यक्ष होम बहादुर रानाको अध्यक्षतामा उक्त कार्यशाला गोष्ठीको सञ्चालन भएको थियो । कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण समेत अन्य विभिन्न स्रोतबाट आगामी ५ बर्षमा उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरिएको थियो । मस्तिष्क मन्थन, समूह कार्य, बृहत समूह प्रस्तुती र छलफल आदी जस्ता सहभागितामूलक विधिहरुको प्रयोग गरी कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा

कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनीतकि दलका प्रमुख तथा प्रतिनिधि र कार्यलयका कर्मचारी, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला गरी ५३ जनाको सहभागिता रहेको थियो ।

### *१.३.४ योजना दस्तावेज तयारी*

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा बृहत कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त नतिजालाई तर्कबद्ध रुपमा प्रस्तुत गरी योजनाको स्वीकृत खाकामा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएकोछ । विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको क्षेत्रगत योजनालाई एकीकृत गरी आवधिक योजनाको रुपमा ११ परिच्छेदमा विभक्त गरी प्रस्तुत गरिएको छ । यस दस्तावेजमा समाविष्ट परिच्छेदहरुमा क्रमशः परिचय, गाउँपालिकाको संक्षिप्त परिचय तथा विकास समिक्षा, गाउँ विकासको दीर्घकालीन सोच तथा अवधारणा, आर्थिक विकास योजना, संस्कृति तथा पर्यटन विकास योजना, सामाजिक विकास योजना, भौतिक विकास योजना, वातावरण व्यवस्थापन योजना, विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन अनुकूलन योजना, आर्थिक-सामाजिक पुनर्लाभ योजना, संस्थागत विकास तथा सुशासन योजना, कार्यान्वयन व्यवस्था र मध्यकालीन खर्च संरचना रहेका छन् । दस्तावेज तयारीमा गर्दा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य गाउँपालिका, साविक जिल्ला तथा गाविसका आवधिक योजनाको समिक्षा गरी उपयोगी प्रारुपलाई आत्मसात गरिनुका साथै योजनाविद्, विषयविज्ञ र अन्य सरोकारवालाको सुझाबलाई आत्मसात गरिएको थियो ।

### *१.३.५ योजना अन्तिम दस्तावेज तयारी*

सुझाब संकलन कार्यशालाबाट प्राप्त सुझाबको निष्कर्श तथा विषय विज्ञका बमोजिम दस्तावेजलाई परिमार्जन गरी अन्तिम दस्तावेजका रुपमा तयार गरियो । दस्तावेज तयारीमा प्राविधिक सहयोग टोलीका विज्ञहरुको सहयोग परिचालन गरी प्रथम आवधिक योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको थियो ।

# परिच्छेद दुई

# गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### *२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना*

गण्डकी गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले गाउँपालिका क्षेत्र २७ डिग्री ४७ मिनेट ४३ सेकेण्डदेखि २७ डिग्री ५५ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८४ डिग्री ३८ मिनेट ६ सेकेण्ड पूर्वदेखि ८४ डिग्री ४७ मिनेट ४ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यस गाउँपालिकाले मध्य पहाडी क्षेत्रको नदी तटिय वेसी देखि महाभारत पर्वतको सेरोफेरोलाई समेटेको छ। गाउँपालिका समुन्द्र सतहको २७० मिटर देखि १७१० मिटर उचाईसम्मको भौगोलिक उचाईमा अवस्थित रहेको छ। महाभारत पर्वतीय श्रृखंलाको नदी तटिय आधार क्षेत्र देखि पहाडको माथिल्लो भागसम्म यस क्षेत्रले ओगटेको छ। नदी तटिय क्षेत्रमा समथर फाँट तथा माथिल्लो क्षेत्रमा आंशिक भिरालो र केही स्थलमा चट्टानी क्षेत्र रहेको छ। यस गाउँपालिका गण्डकी प्रदेशको गोरखा जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित रहेको छ। गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको ज्वालामूखी गाउँपालिका तथा सिद्धलेक गाउँपालिका पर्दछ भने दक्षिणमा धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिका, पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका र उत्तरमा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका अवस्थित रहेको छ। साविक फुजेल, दर्बुङ, भूम्लिचोक, घ्याल्चोक, ताङलीचोक र मकैसिङ गाविस मिलेर वि. सं. २०७३ सालमा गण्डकी गाउँपालिकाको गठन भएको हो। कुल ८ वटा वडामा विभाजित गरिएको यस गाउँपालिकाको क्षेत्रफल १२३.९४ वकिमि रहेको छ। गाउँपालिकाको केन्द्र हाललाई वडा नं. ६ को भम्लिचोक कायम गरिएको छ। गाउँपालिकाको भौगोलिक नक्शा देहायबमोजिम रहेको छ।




| वार्ड नं | नाम | क्षेत्रफल (ब. कि. मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | मकैसिं | १०.८६ | ८.७७ |
| २ | ताङ्लीचोक | २०.०० | १६.१५ |
| ३ | फुजेल (४-८) | ७.०९ | ५.७३ |
| ४ | फुजेल (१-३,९) | ७.३५ | ५.९३ |
| ५ | दर्भुङ | २२.९६ | १८.५४ |
| ६ | भूम्लीचोक | २१.४५ | १७.३२ |
| ७ | घ्याल्चोक (१,५-७) | १८.६२ | १५.०३ |
| ८ | घ्याल्चोक (२-४,८,९) | १५.५२ | १२.५३ |
|  | जम्मा | १२३.८६ | १००.०० |

### *२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा*

प्राकृतिक सम्पदाका रूपमा वन जंगल, नदीनाला, खानी तथा खनिज र समथर तथा उर्वरशिल जमिनको व्यापकता रहेको छ। वार्षिक औषत वर्षा १९०० मिमि हुने यस क्षेत्रको तापक्रम गर्मी याममा अधिकतम

३५ डिग्रीसम्म र जाडोमा न्यूनतम १० डिग्रीसम्म रहने गर्दछ । भू-उपयोगको अवस्था हेर्दा खेती गरिएको जमिन ५८.६० प्रतिशत, झाडी तथा बुट्यान २२.३८ प्रतिशत, जंगल १६.८७ प्रतिशत, बगर १.६६ प्रतिशत र अन्य क्षेत्र ०.५ प्रतिशत रहेको छ । जलसम्पदाका रुपमा त्रिशुली तथा बुढी गण्डकी नदी लगायत दर्जनौं सदावहार बहने नदी र खोला र ९ वटा पोखरी यस रहेका छन् भने नदी तटीय क्षेत्रमा बालुवा उपलब्ध हुने गरेको छ । यस क्षेत्रमा सामुदायिक वन, साझेदारी वन तथा कवुलियत वन गरी ४६८०४ रोपनी क्षेत्रमा वन रहेको छ । गाउँपालिकाको होचो भूभागमा उपोष्ण तथा माथिल्लो भागमा समशितोष्ण हावापानी रहेको छ ।

यस क्षेत्रमा पहाडी ब्रामहृण क्षेत्री, पहाडी आदिवासी जनजाति तथा पहाडी दलित समुदायको मिश्रित बसोबास रहेको छ । धार्मिक रुपमा हिन्दु तथा बौद्ध धर्मालम्बीको बाहुल्यता रहेको यस क्षेत्रमा क्रिश्चियन तथा मुस्लिम धर्मालम्बीहरू पनि बसोवास रहेको छ । भाषागत रुपमा नेपाली, मगर, नेवारी, गुरुङ तथा चेपाङ भाषा प्रचलनमा रहेको छ । प्रमुख चाडपर्वहरूमा दशैं, तिहार, तमु ल्होसार, यमरी पुर्णिमा, बुद्ध पुर्णिमा, माघे संक्रान्ति, शिवरात्री, श्रीकृष्ण जन्माष्टमी, तिज र होली मुख्य रूपमा रहेका छन् । तथापि, मौलिक भेसभूषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको देखिन्छ ।

### *२.१.३ जनसांख्यिक अवस्था*

राष्ट्रिय जनगणना २०६८ को जनसंख्या र २०७७ को सर्भेक्षणको नतिजाबीच तुलना गर्दा २०७७ को सर्भेक्षणले ७९५२ जनसंख्या र ५१८ घरधुरी संख्या बढी देखिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कुल घरधुरी संख्या ५२५३, जनसंख्या २३२५३ रहेकोमा घरधुरी सर्भेक्षण २०७७ अनुसार कुल घरधुरी संख्या ५७७१, जनसंख्या ३१२०५, औषत घरधुरीको आकार ५.३९ र लैंगिक अनुपात १०२.८४ रहेको देखाएको छ । यससम्बन्धी वडागत विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

*तालिका १ : जनसंख्याको अवस्था*

| वडा नम्बर | राष्ट्रिय जनगणना २०६८अनुसार | | | | घरधुरी सर्वेक्षण २०७७अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | | औसत घरधुरी आकार | लैंगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | |
| १ | ५५२ | २३०७ | १०९४ | १२१३ | ६३८ | ३४११ | १७३७ | १६७४ | ५.३५ | १०३.७६ |
| २ | ८०२ | ३३६९ | १५२५ | १८४४ | ८६३ | ४६७६ | २३७७ | २२९९ | ५.४२ | १०३.३९ |
| ३ | ५५१ | २१९९ | ९२६ | १२७३ | ५९२ | ३२०९ | १६४९ | १५६० | ५.४२ | १०५.७१ |
| ४ | ६०२ | २४९५ | १०७२ | १४२३ | ६२६ | ३३१० | १६७७ | १६३३ | ५.२९ | १०२.६९ |
| ५ | ७६३ | ३३८६ | १५३० | १८५६ | ८२० | ४५९३ | २३४७ | २२४६ | ५.६० | १०४.५० |
| ६ | ६८५ | ३५४५ | १६५३ | १८९२ | ७९५ | ४६०० | २३३५ | २२६५ | ५.७९ | १०३.०९ |
| ७ | ५७१ | २६१५ | १२३० | १३८५ | ६३८ | ३२२३ | १५९६ | १६२७ | ५.०५ | ९८.०९ |
| ८ | ७२७ | ३३३७ | १५२९ | १८०८ | ७९९ | ४१८३ | २१०७ | २०७६ | ५.२४ | १०१.४९ |
| **जम्मा** | **५२५३** | **२३२५३** | **१०५५९** | **१२६९४** | **५७७१** | **३१२०५** | **१५८२५** | **१५३८०** | **५.४०** | **१०२.८४** |

*स्रोत: गाउँ वस्तुस्थिति विवरण, २०७७*

वडागत रूपमा हेर्दा सबैभन्दा उच्च जनसंख्या वडा नं. २ मा ४६७६ र सबैभन्दा न्यून जनसंख्या वडा नं. ३ मा ३२०९ रहेको छ । उपरोक्त दुई समयावधीको जनसंख्याका आधारमा यस क्षेत्रको जनसंख्या वृद्धिदर २.९ रहेको देखिन्छ । गाउँपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपणलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

*तालिका २ : जनसंख्याको वृद्धिदर*

| वडा नम्बर | राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७७ अनुसारको जनसंख्या र ५ बर्षको प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६८ | २०७७ | वृद्धिदर | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | २३०७ | ३४११ | ३.९ | ३५४४ | ३६८३ | ३८२७ | ३९७७ | ४१३२ |
| २ | ३३६९ | ४६७६ | ३.३ | ४८२९ | ४९८८ | ५१५१ | ५३२० | ५४९४ |
| ३ | २१९९ | ३२०९ | ३.८ | ३३३० | ३४५६ | ३५८७ | ३७२२ | ३८६३ |
| ४ | २४९५ | ३३१० | २.८ | ३४०४ | ३५०० | ३५९९ | ३७०० | ३८०५ |
| ५ | ३३८६ | ४५९३ | ३.० | ४७३३ | ४८७७ | ५०२६ | ५१७९ | ५३३७ |
| ६ | ३५४५ | ४६०० | २.६ | ४७२० | ४८४३ | ४९६९ | ५०९८ | ५२३१ |
| ७ | २६१५ | ३२२३ | २.१ | ३२९० | ३३५९ | ३४२९ | ३५०१ | ३५७४ |
| ८ | ३३३७ | ४१८३ | २.३ | ४२७८ | ४३७४ | ४४७३ | ४५७४ | ४६७७ |
| **जम्मा** | **२३२५३** | **३१२०५** | **२.९** | **३२१२३** | **३३०६८** | **३४०४०** | **३५०४२** | **३६०७२** |

*स्रोत: गाउँ वस्तुस्थिति विवरण, २०७७*

## २.२ आर्थिक विकास अवस्था

### *२.२.१ कृषि तथा खाद्य सुरक्षा*

परम्परागत निर्वाहमुखी खेतीको बाहुल्यता रहेको यस क्षेत्रमा खाद्यान्न उत्पादन तथा पशुपालन प्रमुख कृषि अभ्यासका रुपमा रहेको छ। कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रुपमा अबलम्बन गर्ने जनसंख्या २५.५२ प्रतिशत रहेको छ। खाद्यान्न अन्तरगत धान, गहुँ, मकै, कोदो मुख्य रुपमा रहेको छ भने पशुपालन अन्तरगत बाखापालन, भैंसी तथा गाईपालन र कुखुरापालनको बाहुल्यता रहेको छ।

कुल ४१०८६ रोपनी खेती योग्य जमिनमध्ये ८.२८ प्रतिशत जमिन बाँझो अवस्थामा रहेको छ। खेतका रूपमा उपयोग गरिएको जमिन ५२.८८ प्रतिशत र बारीका रुपमा उपयोग भएको जमिन ३८.८४ प्रतिशत रहेको छ। कृषिजन्य उत्पादन मध्ये आ.व. २०७६ को उत्पादनको अवस्थालाई हेर्दा अन्नबालीको उत्पादन २५८६२.५ रोपनी क्षेत्रमा २७०५३ क्विन्टल रहेको देखिन्छ। कुल ६२ वटा कुलोहरू सञ्चालनमा रहेको यस क्षेत्रमा १७ वटा कुलोहरू वर्षैभरी सञ्चालन हुने र ४५ वटा कुलो मौसमी रुपमा सञ्चालन हुने गरेको छ।

कृषि तथा पशुसेवासँग सम्बन्धित विशेष दक्षता रहेको जनशक्ति २५ जना रहेको छ। व्यावसायिक वा अगुवा कृषक संख्या १४ जना, सकृय ग्रामीण कृषि कार्यकर्ता १९० जना, सकृय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता संख्या १६ जना र व्यावसायिक नर्सरी सञ्चालक संख्या ४ जना रहेको छ। यस क्षेत्रमा कुल ३६० वटा व्यावसायिक कृषि तथा पशुपालन फर्महरू रहेका छन् भने कृषक समूह संख्या ३९ वटा, व्यावसायिक कृषि फर्म १४ वटा, कृषि सहकारी संख्या ७ र एग्रोभेट तथा बीउ विजन केन्द्र संख्या ५ रहेको छ। पशुपालनको अवस्था हेर्दा गाई तथा गोरु संख्या ६१५२, भैंसी तथा राँगाको संख्या ४३३८ र भेडा बाखा तथा खसी बोका संख्या ३००७१ रहेको देखिन्छ।

कृषि आत्मनिर्भरताको अवस्था हेर्दा सबैभन्दा आफ्नो उत्पादनले १ वर्षभन्दा बढी खान पुग्ने घरधुरी संख्या ५८५ अथवा १०.१४ प्रतिशत रहेको छ भने वर्षभरी खान नपुग्ने घरधुरी संख्या ५१८६ वा ८९.८६ प्रतिशत रहेको देखिन्छ। यातायातको सहजता, उर्वरशिल भूमि, सिंचाई सुविधाको विस्तार तथा बजारको सहज पहुँचका कारण तरकारी खेती, फलफुल खेती, दुःधजन्य उत्पादन, कुखुरापालन, बाखापालनको क्षेत्रमा आधुनिक तथा व्यावसायिक उत्पादन प्रवर्द्धित हुँदै गएको छ। गैर कृषि क्षेत्रको आकर्षण तथा कृषि क्षेत्रमा बजार मुल्यको अस्थिरताले व्यावसायिक कृषिमा आकर्षण बढ्न सकेको छैन।

### २.२.२ पर्यटन तथा संस्कृति

पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदी किनारा लगायत धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न मन्दिर गुम्बा तथा रमणीय तथा दर्शनीय क्षेत्रहरू कुल ६९ वटा रहेका छन् । यी क्षेत्रमा १ लाख ६८ हजार भन्दा बढी पर्यटकहरू आउने गर्दछन् । यस गाउँपालिकाको सीमा भएर बहने त्रिशुली नदी जलयात्रा पर्यटनका लागि नेपालकै प्रसिद्ध क्षेत्र हो । यस क्षेत्रमा कुल १ वटा होमस्टे, ५ वटा रिसोर्ट र १५ वटा होटल तथा खाजाघर र अन्य गरी कुल २१ वटा अथिति सेवा प्रदायक संरचना रहेका छन् । होटेल तथा होम स्टेमा गरी कुल कोठा संख्या ७० र बेड संख्या १४४ रहेको छ । एक वर्षभित्र होम स्टे र होटलमा गरी करिव ९४२०० विदेशी तथा १५९५० स्वदेशी पर्यटकले सेवा लिएको देखिन्छ । नदी तटीय क्षेत्र संघीय राजधानी काठमाण्डौंलाई जोडने प्रमुख लोकमार्गसँग पनि आवद्ध रहेका कारण पछिल्ला दिनमा यस क्षेत्रमा होटल, रेष्टुरेण्ट, रिसोर्ट तथा र्‍याफ्टिङ्ग व्यवसायले व्यापकता लिँदै गएको छ ।

मिश्रित सांस्कृतिक अभ्यास रहेको यस क्षेत्रमा पहाडी ब्रामह्णण क्षेत्री, पहाडी आदिवासी जनजाति तथा पहाडी दलित समुदायको बसोबास रहेको छ । धार्मिक रुपमा हिन्दु तथा बौद्ध धर्मालम्बीको बाहुल्यता रहेको यस क्षेत्रमा क्रिश्चियन तथा मुस्लिम धर्मालम्बीहरू पनि रहेका छन् । भाषागत रुपमा नेपाली, मगर, नेवारी, गुरुङ तथा चेपाङ भाषा प्रचलनमा रहेको छ । बाहुन, क्षेत्री, ठकुरी तथा दलितमा दशै, तिहार, कृष्णाष्टमी, जनैपूर्णिमा, तिज, चैते दशैं, राम नवमी, शिवरात्री, फागु पुर्णिमा मनाइने गर्दछ । नेवार समुदायमा दशै, म्ह पुजा, शिवरात्री, फागु पुर्णिमा, गाईजात्रा, कृष्णाष्टमी, राम नवमी जस्ता चाड मनाउने गरेको देखिन्छ । गुरुङ्ग समुदायले ल्होसार, बुद्ध पूर्णिमालाई मुल चाडका रुपमा मनाउने गर्दछन् । इस्लाम तथा ईसाइ समुदायले क्रमशः इद तथा क्रिसमस मनाउने गर्दछन् । हालका दिनमा आधुनिकताको प्रभावले मौलिक भेसभूषा, खानपान र चालचलनमा परिवर्तन हुँदै गएको छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपुर्ती

औद्योगिक तथा व्यावसायिकताको विकास आशातित रुपमा हुन नसकेको यस गाउँपालिकामा १ वटा परम्परागत पानी घट्ट, १ वटा चिस्यान केन्द्र, १ वटा पानी मिल, ३ वटा डिजेल मिल, ६० विद्युत मिल वटा र ७ वटा संकलन तथा प्रसोधन केन्द्र रहेका छन् । औद्योगिक कच्चा पदार्थका रुपमा खोटा तथा नदीजन्य खनिज मुख्य रुपमा रहेका छन् । कुल ३११ वटा व्यापार तथा व्यवसाय सञ्चालनमा रहेका छन् । जसबाट वार्षिक रुपमा रु. १४ करोड ८३ लाख भन्दा बढीको कारोवार हुने गरेको छ । व्यवसायहरू मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसल १२३ रहेको छ भने अन्य व्यवसायहरुमा होटल १३, खाजाघर १५, मासु पसल ६ र अन्य १३४ वटा रहेका छन् । व्यावसायीक सीपमूलक तालिम लिनेहरूको कुल संख्या ७९३ जना रहेको छ । जसमध्ये सबैभन्दा अधिक सिलाइ, बुनाई, बुटिक, श्रृगांर तथा पार्लरसम्बन्धी तालिम लिने घरधुरी संख्या १५४ रहेको छ । युवा वर्गमा कृषि तथा परम्परागत पेशाभन्दा व्यापार तथा व्यवसाय तर्फको आक्रर्षण बढ्दै गएको छ । संघीय राजधानीसँगको निकटता, राजधानी प्रवेश मार्गसँगको आवद्धता, विद्युतलगायतका आधारभूत पूर्वाधारको विकास भएता पनि पर्याप्त ज्ञान तथा सीप, तत्परता र व्यवसाय सञ्चालय गर्न आवश्यक प्रोत्साहनको कमीका कारण उद्योग तथा व्यवसायको विस्तारमा कमी रहेको छ ।

### २.२.४ आम्दानी, श्रम, रोजगारी तथा वित्तीय सेवा

आम्दानीको प्रमुख श्रोतका रुपमा बैदेशिक रोजगारी नोकरी तथा ज्याला मजदुरी रहेको यस क्षेत्रमा कुल आम्दानिको ३२.०५ प्रतिशत वैदेशिक रोजगारीबाट, ३१.७ प्रतिशत नोकरीबाट, १४.२४ प्रतिशत ज्यालाबाट, ८.१५ प्रतिशत व्यापारबाट, ७ प्रतिशत तरकारीबाट प्राप्त हुने गरेको देखिन्छ । वार्षिक पारिवारिक आम्दानी रु. ५० हजार भन्दा कम आम्दानी हुने घरधुरी संख्या २५.८४ प्रतिशत, रु. ५० हजार देखि १ लाख ५०

हजारसम्म आम्दानी हुने घरधुरी संख्या २३.५३ प्रतिशत, रु. १ लाख ५० हजारदेखि रु. २ लाख ५० हजारसम्म आम्दानी हुने घरधुरी संख्या १५.५४ प्रतिशत, रु. २ लाख ५० हजारदेखि रु. ५ लाखसम्म वार्षिक आम्दानी हुने घरधुरी संख्या १८.५२ प्रतिशत र ५ लाखभन्दा बढी आम्दानी हुने १६.५७ प्रतिशत रहेको छ। रोजगारीका आधारमा जनसंख्यालाई हेर्दा नोकरी तथा ज्यालादारीलाई प्रमुख रोजगारीका रुपमा अवलम्वन गर्ने जनसंख्या ५४.७७ प्रतिशत, कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रुपमा अबलम्बन गर्ने जनसंख्या २५.५२ प्रतिशत र व्यावसायिक कार्यमा संलग्न जनसंख्या ३.५३ प्रतिशत रहेको छ। समग्रमा हेर्दा यस क्षेत्रको आय तथा रोजगारी परम्परागत कृषि तथा पशुपालनबाट क्रमशः द्धितीय क्षेत्रतर्फ अग्रसर हुँदै गएको छ।

### *२.२.५ वित्तीय सेवा, सहकारी तथा बचत समूह*

वित्तीय सेवाका लागि यस क्षेत्रमा रहेको एउटा विकास बैंक र एउटा लघु वित्त संस्थाका अतिरिक्त अन्य क्षेत्रका बैंक तथा वित्तीय संस्थाबाट सेवा लिने प्रचलन यस क्षेत्रमा रहेको छ। सहकारीताको विकास र विस्तार हुँदै गएको यस क्षेत्रमा व्यावसायिकताको विकास तथा वित्तीय सेवाको सहजताका लागि यस क्षेत्रमा कुल २५ वटा सहकारी संस्था तथा १४ वटा बचत समूह क्रियाशिल रहेका छन्। सहकारीहरुको कुल वार्षिक कारोवार रकम रु. १५ करोड ४५ लाखभन्दा बढी रहेको छ भने लगानी रु. ५ करोड ८५ लाखभन्दा बढी रहेको छ।  रहेका छन्। यी संस्थाहरूबाट मुख्यतया कृषि र व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ। कुल १४ बचत समूहमध्ये १० वटा कृषक समूह र ४ वटा महिला बचत समूह क्रियाशिल रहेका छन्। कृषक समूहमा कुल २२२ घरपरिवार समेटिएका छन्। यी समूहको कुल बचत रकम रु १८५०० र लगानी रकम रु ५०३५८७ रहेको छ। महिला बचत समूह तर्फ ८६० घरपरिवार आबद्ध रहेको छन् भने कुल बचत रकम रु ४३०३२७३ र लगानी रकम रु ४३०३२७३ रहेको छ। न्यून आर्थिक गतिविधि तथा संस्थागत बचतको अभ्यास न्यून रहेका कारण यस क्षेत्रमा सहकारी तथा बचत समूहबाट आर्थिक विकासमा यथोचित टेवा पुग्न सकेको छैन।

## २.३ सामाजिक विकासको अवस्था

### *२.३.१ शैक्षिक विकास*

माध्यमिक तहसम्म अध्ययन-अध्यापन गर्ने शैक्षिक संरचनाहरु रहेको गण्डकी गाउँपालिका क्षेत्रमा विद्यालय शिक्षाको पहुँच तथा गुणस्तरमा पछिल्ला दिनहरुमा उल्लेख्य सुधारहरु भएका छन्। । वि.सं. २०७२ को महा भुकम्प पश्चात पुनःनिर्माणका क्रममा विद्यालयका अधिकांश भवन पक्की भएका छन्। स्थानीय तहको निर्वाचन पश्चात कुल ४५ वटा विद्यालय भवन निर्माण भएका छन्। विद्यालयमा पूर्वाधार, जनशक्ति तथा व्यवस्थापनमा सकारात्मक परिवर्तनहरु भएका छन्। यस क्षेत्रको साक्षरता दर ८६.७५ प्रतिशत रहेको छ। कुल ४४ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा ९ वटा माध्यमिक तहका र ३५ वटा आधारभूत तहका विद्यालयहरू रहेका छन्। विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूको कुल संख्या ५०८३ जना र कार्यरत शिक्षक २३३ जना रहेका छन्। सबै विद्यालयमा शौचालय तथा स्वच्छ खानेपानी सुविधा उपलब्ध रहेको छ। दिवा खाजा सेवा, CBEGRA को कार्यान्वयन र एकीकृत पाठ्यक्रम, विद्यालय शान्ती क्षेत्र कार्यान्वयन, विद्यालय सुधार योजना अद्यावधिकरण, बाल क्लव गठन र बालमैत्री शिक्षण विधिको प्रयोग सबै सामुदायिक विद्यालयमा भएको देखिन्छ। प्रारम्भिक बाल विकास कक्षाका अवसर सबै विद्यालयहरुमा रहेको छ। विद्यालय शिक्षामा सहज पहुँच स्थापित हुँदै गएता पनि विद्यालय तहको शैक्षिक गुणस्तर तथा प्राविधिक तथा क्याम्पस तहको शिक्षा हासिल गर्न स्थानीयस्तरमा अवसरहरुको कमी रहेको छ।

### *२.३.२ स्वास्थ्य तथा पोषण*

गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा पूर्वाधार निर्माण, सेवा प्रवाह र व्यवहारजन्य परिवर्तनहरु सकारात्मक देखिएका छन् । स्थानीय तहको निर्वाचन पश्चान विगत ५ वर्षमा स्वास्थ्य तथा पोषण सेवाको लागि यस क्षेत्रमा रहेका स्वास्थ्य संस्थाका अतिरिक्त अन्य क्षेत्रबाट आधारभूत तथा विशिष्ठकृत स्वास्थ्य सेवा लिने अभ्यास रहेको छ । यस अवधिमा कुल ४ वटा स्वास्थ्य संस्थाका भवन निर्माण भएका छन् । हाल यस क्षेत्रमा एक प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, एउटा स्वास्थ्य सेवा केन्द्र, १६ वटा सामुदायिक स्वास्थ्य केन्द्र र २ वटा आयुर्वेद औषधालय गरी कुल २५ वटा स्वास्थ्य संस्था रहेका छन् । यी संस्थाहरूमा कुल ७९ जनशक्ति कार्यरत रहेका छन् । परिवार नियोजन सेवा, खोप सेवा, एक्सरे सेवा तथा प्रसुति सेवा ल्याव सेवा, एससिटि सेवा, स्वास्थ्य शिक्षण तथा परामर्श सेवा, पोषण सेवा, सुरक्षित मातृत्व सेवा, फार्मेसी सेवा उपलब्ध रहेको छ । आ.व. २०७६ र २०७७ को तथ्याङ्कअनुसार वृद्धि अनुगमन गरिएका कुल बालबालिका ५५१६ जना बालबालिकामध्ये कुषोषित बालबालिका संख्या २ रहेको छ । सुत्केरी भएका कुल १२५ जना रहेकोमा स्वास्थयकर्मीको अनुपस्थितिमा घरमा प्रसुती भएका महिला संख्या २० रहेको छ । नवजात शिशुको मृत्युदर शुन्य रहेको देखिन्छ । गाउँपालिका भित्र देखा पर्ने रोगहरू मध्ये सबैभन्दा उच्च संख्यामा रुघाखोकी रहेको छ । अन्य रोगमा क्रमशः टाउको दुख्ने, ग्यास्टीक वा अल्सर, रक्तचाप र फंगल इन्फेक्सन रहेको छ । स्वास्थ्य अवस्थाअनुसार जनसंख्याको वर्गिकरण गर्दा कुल जनसंख्याको ९५.८८ प्रतिशत स्वस्थ र ४.१२ प्रतिशत रोग लागेको जनसंख्या रहेको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा सुधारका बावजुद गाउँपालिका क्षेत्रमा हाल सम्म विशेषज्ञ सेवा स्थानीयस्तरमा उपलब्ध हुन सकेको छैन भने विशिष्ठकृत स्वास्थ्य सेवाका लागि गाउँपालिका बाहिर जानुपर्ने अवस्था कायमै रहेको छ भने जनस्वास्थ्य सम्बन्धी परम्परागत धारणामा पनि आशातित परिवर्तन हुन सकेको छैन ।

### *२.३.३ खानेपानी तथा सरसफाई*

स्थानीय सरकारको गठन पश्चान विगत ५ वर्षमा खानेपानीको सुविधामा सबैको पहुँच स्थापित गर्न एक घर एक धारको अवधारणा कार्यान्वयनमा रहेका छ । खुला दिशामुक्त क्षेत्र घोषणा प्रश्चात पूर्ण सरसफाई क्षेत्रतर्फ अग्रसर रहेको छ । यस अवधिमा मकैसिङ र बुट्टारमा सार्वजिनक शौचालय निर्माण भएको छ । मकैसिङ लगायतका स्थामा ८०० धारा निर्माण भएका छन् । कुल ५७७१ घरधुरी मध्ये ६१.५१ प्रतिशत घरधुरीले मुख्य श्रोतका रूपमा कम्पाउण्ड भित्रकै धारा उपयोग गर्ने गरेको देखिन्छ । गाउँपालिकाभित्र साना ठूला गरी कुल १५४ वटा खानेपानी आयोजना सञ्चालनमा रहेका छन् । सरसफाईको क्षेत्रमा व्यक्तिगत तथा संस्थागत तहबाट सुधारका अभ्यासहरु सकारात्मक दिशातर्फ उन्मुख रहेका छन् । कुल ९७.८३ प्रतिशत घरधुरीमा शौचालय निर्माण भइसकेको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरु सुधार हुनु आवश्यक देखिएको छ ।

### *२.३.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण*

स्थानीय तहको निर्वाचन पश्चात गाउँपालिकाले लैससासलाई नीति तथा कार्यक्रममा उच्च प्राथमिकताका दिइ समावेशीकरण, लक्षित वर्गको क्षमता विकास र आत्मनिर्भरताका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखिन्छ । स्थानीय समिति तथा संयन्त्र सहित योजना तर्जुमा प्रकृया लक्षित वर्गको सहभागितालाई महत्व दिँदै आएको छ । यस क्षेत्रमा २९ महिला समूहमा ७६० महिला सदस्यहरू आवद्ध रहेका छन् भने रु. २३ लाख ५५ हजार भन्दा बढी बचत र रु. २२ लाख ६२ हजार भन्दा बढी लगानी रहेको देखिन्छ । महिलाका लागि क्षमता विकास तथा स्वारोजगारीका क्षेत्रमा कुल १५५ जनाले तालिम हासिल गरेका छन् । कृषि, उद्यम

तथा सामाजिक क्षेत्रमा लक्षित वर्गको सहभागितामा वृद्धि तथा आत्मनिर्भरताका अवसरहरु सृजना भएता पनि लक्षित वर्गको मूलप्रवाहिकरण तथा अर्थपूर्ण सहभागिता प्रभाबकारी हुन सकेको छैन ।

### *२.३.५ युवा, खेलकुद तथा कला*

गाउँपालिकाको गठन पश्चात विगत ५ वर्षमा गण्डकी गाउँपालिकाले ८ वटै वडामा खेल मैदान निर्माण कार्यको सुरुवात गरिसकेको छ । वडा नं. ४ मा फुटवल मैदान निर्माण सम्पन्न भएको छ । वडा नं. ७ को ज्ञानमार्गको खेल मैदान, वडा नं. ३ को भैरवी आश्रमको खेल मैदान र वडा नं. २ को ताङलिचोकको खेलमैदानलाई स्तरोन्नती गरिएको छ । वडा नं. ६ को भैरवीटारमा मिनि रंगशाला निर्माणाधीन अवस्थामा रहेको छ । गाउँपालिकाले युवा स्वरोजगारी तथा खेलकुद विकासको नीतिलाई आत्मसात गरेको छ भने युवा स्वरोजगार कार्यक्रमका अतिरिक्त आत्मनिर्भरताका अवसरहरु सृजना हुने गतिविधि सञ्चालन गरेको छ । गाउँपालिका भित्र सकृय युवा क्लव संख्या ७ रहेका छ भने क्लवहरूले मुख्य रुपमा खेलकुद तथा सामाजिक कार्यमा योगदान पुर्याएको देखिन्छ । एक वडा एक खेल मैदान लिएको यस क्षेत्रमा राष्ट्रिय तथा जिल्लास्तरका गरी २ जना खेलाडीहरू पनि रहेको देखिन्छ । युवाको रोजगारी तथा खेलकुदको व्यावसायिकताको क्षेत्रमा धेरै प्रयत्नहरु भइरहेता पनि आशातित उपलब्धी हासिल हुन सकेका छैनन् ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### *२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण*

छरिएको तथा परम्परागत बस्ती रहेको यस गाउँपालिका क्षेत्रमा महाभुकम्प २०७२ पछि सुरक्षित आवास निर्माणमा ध्यान दिइएको देखिन्छ । कुल घरधुरी मध्ये आरसिसि ढलान भएको छाना भएको घरमा बसोबास गर्ने घरधुरीको संख्या १२.१८ प्रतिशत, टायल वा ढुङ्गाको छाना भएको घरमा बसोबास गर्ने घरधुरी संख्या ५०.२२ प्रतिशत रहेको छ भने जस्ता वा च्यादरको छाना भएको घरमा बस्ने घरधुरी संख्या ३७.४३ प्रतिशत, र खरको वा फुसको छाना भएको घरमा बसोबास गर्ने घरधुरी संख्या ०.१७ रहेको छ । सार्वजनिक तथा सामुदायिक भवनका रुपमा कुल ५२ वटा भवनहरू रहेका छन् जसको प्रयोग महिला समूह, कृषक समूहहरु लगायत सार्वजनिक हितका कार्यमा उपयोग हुने गरेको छ । भुकम्प पश्चातको पुनः निर्माणका क्रममा भुकम्प प्रतिरोधी घर तथा भवनहरु निर्माण भएता पनि व्यवस्थित बस्ती विकास र सार्वजनिक निर्माणको क्षेत्रमा उपलब्धी हासिल हुन सकेको छैन ।

### *२.४.२ सडक, पुल तथा यातायात*

राजधानी प्रवेश गर्ने पृथ्वी लोकमार्गसँग सडक संजालले जोडिएको यस क्षेत्रका सबै वडामा सडक पहुँच विस्तार भएको छ । कुल २६२ किमि सडक निर्माण भएको यस गाउँपालिका क्षेत्रमा करिव ७० वटा ग्राभेल सडक र बाँकी सबै कच्ची सडक रहेका छन् । गाउँपालिका केन्द्रसम्म पुग्ने सडक कालोपत्रेका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय र पहल भईरहेको छ भने अन्य स्थानमा जाने सडक नियमित मर्मत तथा स्तरोन्नती क्रममा रहेका छन् । गाउँपालिका क्षेत्रभित्र कुल १७ वटा झोलुङ्गपुलहरू रहेका छन् जसमध्ये एउटा पक्की र १६ वटा झोलुङ्गे पुल रहेका छन् । बेनीघाट स्थित त्रिशुली नदीको सडक पुलले गाउँपालिकालाई पृथ्वी राजमार्गसँग जोडेको बेनीघाटमा एउटा पक्की पुल सञ्चालनमा रहेको छ । फिस्लिङ्ग र बुटारमा पक्की पुल निर्माण अन्तिम चरणमा रहेका छन् भने चरौदी धवादीमा नयाँ पक्की पुल निर्माणाधिन रहेको छ । गाउँपालिका क्षेत्रमा कुल ४६ किमि लम्बाईका १६ वटा पैदलमार्ग रहेका छन् । यातायात सुविधाकाका दृष्टिले लोकमार्गसँगको आवद्धता र निकटताले अन्य क्षेत्रसम्मको यातायातलाई सहज तुल्याएको छ । सडक यातायातको पहुँच विस्तार हुँदै गएको यस क्षेत्रमा नियमित यातायात सुबिधाको कमी र भाडादर कायम हुन नसक्दा सडक सुबिधामा नागरिकको सहज पहुँच स्थापित हुन सकेको छैन ।

### *२.४.३ विद्युत तथा वैकल्पिक उर्जा*

गाउँपालिकाका सबै क्षेत्रमा विद्युत सुबिधा उपलब्ध रहेको छ। खाना पकाउन उपयोग गरिने प्रमुख इन्धनका रुपमा ७१.८४ प्रतिशत घरधुरीले एलपी ग्याँस, २५.९४ प्रतिशत घरधुरीले दाउरा, १.७७ प्रतिशत घरधुरीले बायोग्याँस र ०.३१ प्रतिशत घरधुरीले मट्टितेल उपयोग गर्ने गरेको देखिन्छ। वैकल्पिक उर्जाको उपयोगको अभ्यासका रुपमा गोवर ग्यासको उपयोग विस्तार हुँदै गएको छ। सरकारी कार्यालयहरुमा सोलारलगायत विद्युत ब्याक अपको उपयोग हुने गरेको छ। बत्ती बाल्नका लागि प्रमुख उर्जाका रुपमा सबै घरधुरीमा विद्युतको उपयोग हुने गरेको छ। सुधारिएको चुल्हो तथा स्वच्छ उर्जाको उपयोग न्यून रहेको छ भने खाना पकाउने इन्धनमा आत्मनिर्भता हुन सकेको छैन।

### *२.४.४ सूचना, संचार तथा प्रविधि*

सूचना प्रविधिको उपयोगमा उल्लेखनिय विस्तार हुँदै गएको यस क्षेत्रमा मोवाइल फोन, इन्टरनेट, पत्रपत्रिका, हुलाक, एफएम तथा टेलिभिजनको उपयोगमा वृद्धि हुँदै गएको छ। गाउँपालिकाको सबै क्षेत्रमा मोवाइल सुबिधा उपलब्ध रहेको छ। कुल ५७७१ घरधुरी मध्ये ९१.११ प्रतिशत घरधुरीमा मोवाइलको पहूँच, ५६.०२ प्रतिशत घरधुरीमा टेलिभिजन र ३२.१३ प्रतिशत घरधुरीमा रेडियो, २.५५ प्रतिशत घरधुरीमा कम्प्युटर र २.४३ प्रतिशत घरधुरीमा इन्टरनेट रहेको देखिन्छ। सरकारी कार्यालय तथा विद्यालयहरुमा इन्टरनेट सुबिधा उपलब्ध रहेको छ। सूचना प्रबिधिको उपयोग र विस्तारमा व्यापकता भएता पनि इन्टरनेटको सहज पहुँच तथा सेवा प्रवाहमा आशातित उपयोग हुन सकेको छैन।

## २.५ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था

### *२.५.१ वन तथा जैविक विविधता*

वन जंगलले गाउँपालिकाको कुल क्षेत्रफलको ३९.२५ प्रतिशत क्षेत्र ओगटेको छ। जसमध्ये ४७ वटा सामुदायिक वन, ८ वटा साझेदारी वन तथा ९७ कवुलियत वनमा कुल ४६८०४ रोपनी क्षेत्रमा वन रहेको छ। वन क्षेत्रबाट प्रत्येक्ष लाभान्वित घरधुरी संख्या ५६४७ रहेकोमा सामुदायिक वन क्षेत्रबाट लाभान्वित घरधुरी संख्या ५५५१ र साझेदारी वनबाट लाभान्वित घरधुरी संख्या ९६ रहेको छ। वन क्षेत्रको विकास तथा विस्तारमा वृक्षारोपणका गतिविधि सञ्चालन हुँदै आएका छन्। उपोष्ण क्षेत्रदेखि समशितोष्ण क्षेत्रमा पाइने जैविक विविधता यस क्षेत्रमा रहेको छ। अमिलो जातको (सिट्रस जातको) फलफुल, साल, सल्ला, आँप, सिमल, चाँप, काफल लगायत २५० भन्दा बढी प्रजातिका वनस्पति पाइने गर्दछ। दुर्लभ जीवजन्तुहरूमा चितुवा, चरीबाघ, लाटोकोसेरो, हुचिल, ढुकुर, कालिज लगायत १५० भन्दा बढी प्रजातिका आदी पाइने गर्दछ। पछिल्लो समयमा दाउराको उपयोगलाई एलपी ग्याँसको उपयोगले विस्थापन हुँदै जाँदा वन क्षेत्रको विस्तार हुँदै गएको छ। तथापि, वनको गुणस्तर सुधार तथा दिगो उपयोगको सवाल स्थापित भएको छैन।

### *२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन*

भूसंरक्षणको क्षेत्रमा स्थानीय, प्रदेश तथा संघीय सरकारको अग्रसरतामा पहिरो जानसक्ने तथा नटी कटानको जोखिम रहेको स्थानमा रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गरिएका छन्। सडक तथा पूर्वाधार निर्माणका क्रममा सबैजसो क्षेत्रमा भुक्षयको जोखिम वृद्धि हुँदै गएको छ। बुढी गण्डकी तथा त्रिशुली नदीको तटिय क्षेत्रमा कटान नियन्त्रणका पूर्वाधार निर्माण भएका छन्। यस क्षेत्रमा रहेका संरक्षित पानी मुहानको कुल संख्या १४४ रहेको छ। सडक निर्माणलाई व्यवस्थित तथा भुक्षय कम गर्ने कार्यनीति अवलम्बन गरिएको छ। जलश्रोतको उपयोग तथा जलाधारको व्यवस्थापनमा परम्परागत अभ्यासहरु रहेका छन्। खोलानालाबाट गिट्टी र बालुवा प्रसस्त उपलब्ध हुने गरेको छ। खोलाको किनारा व्यवस्थापन तथा नदीजन्य खनिज उत्खननलाई व्यवस्थित गर्न कानूनी तथा नीतिगत अभ्यास भएका छन्।

### *२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन*

वातावरण व्यवस्थापनमा वृक्षारोपण तथा वन संरक्षण र भुक्षय नियन्त्रणका अभ्यासहरु मुख्य रुपमा रहेका छन् । सडक सञ्जालको विस्तार सँगै भुक्षय तथा प्रदुर्सनको विस्तारले वातावरण व्यवस्थापनमा चुनौति थपेको छ । वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन तीनवटै तहका योजनाको अन्तरसम्बन्धित विषयका रुपमा रहेको छ। जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम सञ्चालन भएको छ। भने यस क्षेत्रमा रहेको छ । स्थानीय पूर्वाधार निर्माणमा सचेतना तथा सजकताको कमी र विश्वव्यापी तापमान वृद्धिका कारण वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्य चुनौतिपूर्ण भएको छ । इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएको छ। नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको अभ्यासमा कमी रहेको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् ।

### *२.५.४ कोभिड १९ तथा विपद् व्यवस्थापन*

स्थानीय विपद् व्यवस्थापन समिति गठन भइ कृयाशिल रहेको यस क्षेत्रमा वि.सं. २०७२ को महाभुकम्प र कोभिड १९ को पहिलो तथा दोस्रो लहर कारण यस क्षेत्रको जनजीवन अत्यधिक रुपमा प्रभावित भएको देखिन्छ। कोभिड १९ बाट २०७७ साल भित्र संक्रमितको संख्या ५० जना, उपचार गराउनेको संख्या १५ जना, राहत पाउनेको संख्या १५६ जना र रोजगारी गुमाउनेको संख्या १५६ जना रहेको थियो। वि.सं. २०७२ को महाभुकम्पमा कुल ५७७१ घरधुरीमध्ये ५१८२ अथवा ८९.७९ प्रतिशत घरधुरीमा क्षति भएको देखिन्छ। हाल जोखिमयुक्त स्थानमा बसोवास गर्ने कुल घरधुरी संख्या ४५२ रहेको छ । पहिरोको जोखिममा ३६६ घरधुरी, नदी कटानको जोखिममा ७ घरधुरी, अति भिरालोको जोखिममा १७ घरधुरी र बाढीको जोखिममा ६२ घरधुरी रहेका छन् । यस क्षेत्रको प्रमुख विपद्का रुपमा बाढी, पहिरो, महामारी, खडेरी, आगलागी र बाँदर आतंक रहेको छ। विपद्का कारण विगत तीन वर्षमा कुल ११ जनाको मृत्यु र ३६ जना घाइते भएको देखिन्छ। विगत ३ वर्षमा सार्वजनिक पूर्वाधारमा विपद्का कारण रु. १ करोड ९ लाख भन्दा बढीको क्षति भएको छ। वि.सं. २०७२ को महाभुकम्पमा क्षति भएका कुल ५१८२ घरधुरी मध्ये अनुदान पाएको घरधुरी संख्या ४३३६ अथवा ८३.६७ प्रतिशत रहेको छ । कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि क्वारेन्टाईन र आइसोलेसन वार्डको व्यवस्थापन गरिएको छ। कोभिड १९ को रोकथाम, नियन्त्रण, परीक्षण र संक्रमितको व्यवस्थापन र उपचारका लागि व्यवस्था गरिएको छ । कोरोना रोकथामका लागि कोरोना विरुद्धको खोपको पहिलो चरण सरु भइ सकेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### *२.६.१ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था*

गण्डकी गाउँपालिकाले कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता, रोजगारी प्रवर्द्धन, गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा सहज पहुँच, सडक पूर्वाकारको सहज पहुँच तथा स्तरोन्नती, सेवा प्रवाह तथा सुशासन, विपद् व्यवस्थापन तथा क्षमता विकास जस्ता क्षेत्रको सुधारको नीतिगत व्यवस्था रहेको छ। कानूनी संरचनाका रुपमा आर्थिक ऐन, शिक्षा ऐन, सहकारी ऐन, न्यायीक समिति कार्यविधि, आर्थिक कार्यविधि, बैठक सञ्चालन कार्यविधि, विनियोजन ऐन, निर्णय वा आदेश वा अधिकार पत्रको प्रमाणीकरण नियमावली र कर तथा गैरकर राजस्व उठाउन कानून लगायत आवश्यकीय कानून तयार भएका छन् । सुशासन प्रवर्द्धनका लागि विधान तथा सुशासन समितिको गठन देखि कर्मचारी व्यवस्थापन, पदाधीकारी र कर्मचारीको क्षमता विकासका कार्य

भएको छ । सुशासनका औजारहरुको उपयोग गरी सेवा प्रबाहलाई प्रभाबकारी गराउने अभ्यासहरु भएका छन् ।

### *२.६.२ संगठनात्मक विकास*

गाउँपालिकाको सांगठनिक संरचना परिपक्ता उन्मुख रहेको छ । गाउँ कार्यपालिका कार्यालय अन्तरगत विषयगत समिति, शाखा, उपशाखा, एकाई तथा समितहरु स्थापना तथा गठन भइ कृयाशिल रहेका छन् । न्यायीक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई क्रियाशिल रहेका छन् । संगठनको प्रभावकारी सञ्चालनका लागि जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने अभ्यासहरु निरन्तर भएका छन् ।

### *२.६.३ श्रोत परिचालन*

आ.व. २०७६/७७ मा करिब रु. १ करोड ७८ लाख आन्तरिक आय संकलन गरिएको छ । जसअनुसार कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान ५ प्रतिशत मात्र रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य सञ्चालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ । यसै आर्थिक वर्षमा समपुरक अनुदान रु. ५ अरव रहेको छ । राजस्व परामर्श समितिको अध्ययन र सिफारिशका आधारमा आन्तरिक कर, शुल्क तथा दस्तुरका दर निर्धारणको अभ्यास हुँदै आएको छ ।

### *२.६.४ योजना व्यवस्थापन*

सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ । संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी सरकारको अग्रसरतामा पनि आयोजनाहरु कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्था कार्यान्वयन गर्न बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन र सो अनुसार प्रक्रिया तथा नियमपालना अनुगमनको अभ्यास भैरहेको छ ।

# परिच्छेद तीन

# गाउँपालिका विकासको सोच तथा अवधारणा

## ३.१ विकासका प्रमुख सम्भावना तथा अवसरहरु

ऐतिहासिक गोरखा राज्यसँग सम्बन्ध रहेको यस गाउँपालिका गण्डकी प्रदेशको दक्षिण पूर्वी सीमावर्ती क्षेत्रमा अवस्थित रहेको छ । संघीय राजधानी प्रवेश गर्ने प्रमुख पृथ्वी राजमार्गको धादिङ खण्डसँग निकटतम सडक आवद्धता रहेको यस क्षेत्रमा यातायात, विद्युत, मोवाइल फोन र इन्टरनेटको विस्तार भएको छ । काठमाण्डौ उपत्यकासम्मको सडक दुरी करिव ८० किमि रहेको गण्डकी गाउँपालिकामा बहुचर्चित बुढीगण्डकी जलायसयुक्त जलविद्युत आयोजनाको निर्माणाधीन क्षेत्र समेटिएको छ । दुई वटा ठूला नदीहरु त्रिशुली र बुढी गण्डकी रहेको यस क्षेत्र पर्यटकीय दृष्टीले जलयात्रा तथा नदीतटीय पर्यटनको लागि प्रख्यात रहेको छ । गाउँपालिकाको विकासका प्रमुख सम्भावना तथा अवसरलाई बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

- संघीय राजधानी काठमाण्डौं जोडने प्रमुख प्रवेशमार्गसँगको सहज तथा निकट सडक आवद्धता,
- धार्मिक तथा प्राकृतिक रुपले महत्वपूर्ण त्रिशुली तथा बुढी गण्डकी जस्ता ठूला नदीहरु रहेको,
- जलयात्रा पर्यटनको लागि प्रख्यात त्रिशुली तथा बुढी गण्डकी नदी रहेको,
- रोजगारी तथा व्यावसायिकताका अवसरमा वृद्धि,
- सबै वडामा सडक यातायात र सञ्चार सुबिधाको सहज पहुँच रहेको,
- नदी तटीय क्षेत्रलगायतका समथर भूभागमा खेतीयोग्य जमिन व्यापक रहेको,
- नदी किनारामा बालुवा तथा गिटी ढुङ्गाको उपलब्धता रहेको,
- पुर्ण साक्षर तथा खुला दिसामुक्त क्षेत्र धोषणा भएको,
- माध्यमिक शिक्षा तथा आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच,
- विपद् जोखिम न्यूनिकरणमा सजकता विस्तार,
- संघीय सरकार तथा प्रदेश सरकारको अग्रसरतामा ठूला आयोजना सञ्चालनमा रहेको,
- खानेपानी सुबिधाको सहजता अभिवृद्धि हुँदै गएको ।

## ३.२ प्रमुख समस्या तथा चुनौतिहरु

भौगोलिक अवस्थिति, प्राकृतिक श्रोत, पूर्वाधार तथा प्रबिधि विस्तार र आर्थिक अवसरमा वृद्धि भएता पनि यस क्षेत्रको विकासमा थुप्रै समस्या तथा चुनौति विद्यमान रहेका छन् । पूर्वाधार निर्माणलाई दिगो विकासको मर्मसँग तालमेल हुन नसक्दा वातावरणीय र आर्थिक जोखिम बढ्दै गएको छ । यस गाउँपालिका क्षेत्रमा जलवायु परिवर्तनको नकारत्मक प्रभाव, बसाइसराई, भूस्वरुपमा नकारात्मक परिवर्तन, प्रतिभा पलायन, दिगो तथा उत्पादनशिल पूर्वाधार विकास र भूउपयोगसँग सम्बन्धित समस्या र चुनौतिहरु टड्कारो रुपमा रहेका छन् । खेती योग्ग जमीन, वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, भूउपयोग तथा पूर्वाधार निर्माणको लागि आवश्यक योजना तयार हुन सकेको छैन । यस गाउँपालिकाको प्रमुख समस्या तथा चूनौतिहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- सडक विस्तार तथा पूर्वाधार निर्माण व्यवस्थित हुन नसक्नु,
- युवा पलायन तथा रोजगारीका अवसरमा कमी,
- छरिएको तथा अव्यवस्थित बस्ती,

- कोभिड १९ का कारण आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव,
- स्थानीय रोजगारीका अवसरमा कमी तथा प्रतिभा पलायन,
- वन तथा जैविक विविधतामा ह्रास,
- गरिवी तथा व्यावसायिकताको कमी,
- स्वास्थ्य सचेतना कमी तथा नसर्ने रोगमा वृद्धि,
- लक्षित वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा न्यून सहभागिता,
- प्राकृतिक सम्पदाको अधिक दोहन,
- मौलिक भाषा, कला, संस्कृतिको संरक्षणमा कमी,
- कुसंस्कार तथा विभेदको निरन्तरता,
- श्रोत, साधन, तथ्याङ्क र जनशक्तिको न्यूनता,
- योजनावद्ध विकासको कमजोर अभ्यास

## ३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त

नेपाल सरकारले लिएको दीर्घकालीन सोच **"समृद्ध नेपाल सुखी नेपाली"** र गण्डकी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच **"समृद्ध प्रदेश सुखी नागरिक"** रहेको सन्दर्भमा गण्डकी गाउँपालिकाले संघीय तथा प्रदेश सरकारले लिएको दीर्घकालीन सोचको मर्मलाई आफ्नो भौगोलिक अवस्थिति, सामाजिक तथा आर्थिक अवस्था, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधतालगायत स्थानीय आकांक्षाका आधारमा दीर्घकालीन सोच निर्धारण गरिएको छ । करिव २० देखि ३० वर्षसम्मको अवधीमा हासिल हुने गाउँपालिकाको अपेक्षित अवस्थाको परिकल्पनालाई स्पष्ट र सरल वाक्यमा प्रस्तुत गरी दीर्घकालीन सोच तयार गरिएको छ । दीर्घकालीन सोच तयारीमा वस्तुस्थिति विवरण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका सम्भावना, अग्रणी क्षेत्र र गाउँपालिकाबासीको अपेक्षालाई मध्यनजर गरिएको छ। गाउँपालिकाको विकासको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"विविधतामा एकता गण्डकीबासीको शानः समृद्ध गण्डकी हाम्रो अभियान"**

***"स्वस्थ, शिक्षित, स्व/रोजगारको अवसर प्राप्त सम्मानित र सुखी नागरिक बसोबास गर्ने विविधतायुक्त, सुरक्षित, सुन्दर र सुन्दर गण्डकी गाउँपालिका"***

गुणस्तरीय तथा उत्पादनशिल पूर्वाधार, रोजगारमूलक तथा व्यावसायीक कृषि, प्रवर्द्धित पर्यटन, दिगो भू-उपयोग, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य र विपद् उत्थानशिलताको अभिवृद्धिमार्फत समृद्धी हासिल गर्न तय गरिएको गाउँपालिकाको दीर्घकालीन सोच तथा योजनालाई साकार पार्ने दिशामा उन्मुख हुन देहायअनुसारका विकासका मार्गदर्शक सिद्धान्तहरु तय गरिएका छन् :

### १. उत्पादनमूखी, आत्म निर्भर र उन्नत अर्थतन्त्र :

व्यावसायिक कृषि, दिगो पर्यटन, उद्योग तथा व्यवसायको विस्तारीकरण तथा विशिष्ठीकरण, सीप विकास तथा प्रोत्साहन र उत्पादित वस्तु तथा सेवाको विशिष्ठीकरण तथा मुल्य अभिवृद्धिका माध्यमबाट आर्थिक क्षेत्रलाई समुन्नत तुल्याइनेछ। कृषि उपजलाई मुल्य श्रृङ्खलाको अवधारणसँग आवद्ध गराई खाद्यान्न उत्पादन, तरकारी खेती, पशुपन्छीपालन, फलफुल खेती र माछापालन व्यवसायको प्रवर्द्धनबाट कृषि क्षेत्रको प्रवर्द्धन हुनेछ । जलयात्रा तथा ग्रामीण पर्यटनको विकास तथा विस्तार गरिनेछ । ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योग स्थापना तथा सञ्चालनका लागि व्यवस्थित पूर्वाधार तथा सहुलियतलगायतका प्रोत्साहनमूलक

गतिविधिलाई प्रभावकारी गराइनेछ । आर्थिक विकासमा अन्तर-सरकार, निजी क्षेत्र, सहकारी तथा गैससँग समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी गराइने छ ।

### २. आर्थिक विकासमा तीन खम्बे (सार्वजनिक, निजी र सहकारी) अग्रसरता :

नेपालको संविधानले अवलम्बन गरेको तीन खम्बे राज्य निर्देशक आर्थिक नीतिलाई यस क्षेत्रको आर्थिक विकासको आधारका रुपमा लिइनेछ । आर्थिक गतिबिधिलाई सार्वजनिक क्षेत्रको सहजिकरण, निजी क्षेत्रको अग्रसरता र सहकारी क्षेत्रको प्रोत्साहनबाट उत्साहजनक तुल्याइनेछ । लगानी योग्य वातावरण निर्माणका लागि विद्युत, सञ्चार, सडक, भूउपयोग योजना र प्राबिधिक तथा वित्तीय सहयोगलाई प्रभावकारी गराइनेछ । उत्पादनशिल पूर्वाधार निर्माणमार्फत निजी क्षेत्रको लगानी आकर्षण हुने र सहकारी क्षेत्रले साना तथा ठूला व्यवसायको स्थापना, सञ्चालन र विस्तारमा आवश्यक सहयोग तथा समन्वय गरिनेछ । सहकारी संस्थाको नियमन, प्रोत्साहन र लगानीको वातावरण तयारी गरिनेछ। आर्थिक विकासको तीन खम्बे आधारलाई गाउँपालिकाको स्थानीयता अनुकूल हुने गरी आत्मसात गरिनेछ ।

### ३. दिगो तथा योजनाबद्ध विकास :

दिगो विकासका आधारभूत पक्षहरुः आर्थिक विकास, सामाजिक न्याय तथा वातावरण सन्तुलनलाई योजना तर्जुमाको मार्गदर्शक अवधारणाका रुपमा आत्मसात गरिनेछ । दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माणका लागि आवश्यक मापदण्ड तयार गरी कडाइका साथ पालना गराइनेछ । नेपालले लिएको दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै योजना तर्जुमा तथा कार्यान्वयन र सकारात्मक सिकाईलाई समग्र विकास प्रक्रिमा आवद्ध गराइनेछ । आवधिक, रणनीतिक तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई नतिजामूखी गरिनेछ । राष्ट्रिय भूउपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण गरिनेछ। भू-उपयोग क्षेत्रहरुको नक्शाङ्कन र सो अनुसार स्थलगत रुपमा रेखाङ्कन गरी सोको कार्यान्वयन तथा नियमपालना अभिवृद्धि गर्ने नीति, कानून र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ । निर्माणाधीन बुढी गण्डकीको जलासय आसपासको क्षेत्र तथा त्रिशुली नदीको निकट क्षेत्रलाई पर्यटन क्षेत्र र लोकमार्ग निकट घ्यालचोक लगायतको क्षेत्रलाई औद्योगिक क्षेत्रका रुपमा विकास गरिनेछ । पूर्वाधार तथा संरचना निर्माणलाई स्थानीयस्तरमा आर्थिक अवसरहरुको सृजना, व्यावसायिकता तथा औद्योगिकीकरणसँग आवद्ध गरिनेछ ।

### ४. समन्वय, साझेदारी र सहकार्य :

गाउँपालिकाको सीमित क्षमताका चौतर्फी विकासमा यथासम्भब अधिक श्रोत तथा साधनको परिचालन गर्न अन्तर सरकारी, गैर सरकारी, नीजि, सहकारी र समुदायसँग अधिकतम समन्वय, साझेदारी र सहकार्य गरी विकास प्रक्रियालाई नतिजामूखी बनाइनेछ । सहकार्य हुनसक्ने क्षेत्रहरुको पहिचान गरी पूर्वाधार क्षेत्रको विकास, पर्यटन प्रर्वद्धन, कृषि क्षेत्रको विकास, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यका अवसर सृजना, विपद् व्यवस्थापन, पछाडी परेको वर्गको मुल प्रबाहिकरण र खानेपानी तथा सरसफाई लगायतका क्षेत्रमा अन्तर-सरकारी, गैर-सरकारी, सहकारी र निजी क्षेत्रसँगको साझेदारीलाई जोड दिइनेछ । साझेदारी र सहकार्यको वातावरण तयार गर्न स्थानीयस्तरमा लगानी सम्मेलन आयोजना गरिनेछ । विप्रेषणलगायत निजी क्षेत्रको आयलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्न आवश्यक वातावरण मिलाइने छ ।

### ५. मानव विकास तथा गुणस्तरीय जीवन :

शैक्षिक उन्नयन, आरोग्यताको अभिवृद्धि र आर्थिक सम्मृद्धिलाई विकास प्रकृयाको मार्गदर्शक मानकका रुपमा स्थापित गरिनेछ । शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगारी तथा आम्दानीलाई विकास प्रक्रियामा उच्च

प्राथमिकतामा रहनेछ । दिगो विकासको लक्ष्य अनुरुप गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा आम्दानिका अवसरमा वृद्धिलाई आत्मसात गरिनेछ। जीवनपयोग तथा प्रतिस्पर्धी शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापनलाई प्रभाबकारी गराइनेछ। विपन्न तथा पछाडी परेको वर्ग र बेरोजगार युवाका लागि सीप तथा व्यावसायिक तालिम तथा प्रविधि उपलब्ध गराई स्वरोजगारको अवसर उपलब्ध गराइनेछ । जेष्ठ नागरिक, पछाडि परेका, असहाय तथा बेसाहरा नागरिकका लागि आत्मसम्मानपूर्ण जीवनयापनको लागि सामाजिक संरक्षण लगायतको विशेष व्यवस्था गरिनेछ ।

### ६. सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास :

नेपालको संविधानले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयता अनुकूल अनुसरण गरिनेछ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरु सञ्चालन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, द्वन्द्व पिडित र चेपाङ लगायतका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरु सृजना गरिनेछ । लक्षित वर्गका सशक्तिकरण स्थानीय संरचना तथा संयन्त्रमामा अर्थपूर्ण सहभागिता लगायत रोजगारी तथा आर्थिक अवसर सृजना गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।

### ७. विपद् उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकूलन :

कोभिड १९ लगायतका महामारी, जलउत्पन्न प्रकोप, आगलागी, जंगली जनावरको अतिक्रमण, खडेरी र भुकम्पजस्ता विपद्को व्यवस्थापनलाई पूर्व तयारी देखि प्रतिकार्य र पुनर्लाभसम्मका गतिबिधिलाई प्रभाबकारी गराइनेछ । विपद्सँग जुध्न विपद तथा जलवायु उत्थानशिल योजना तयार गरी कार्यान्वयन गरिनेछ । जलवायु परिवर्तनका कारण आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा परेको नकारात्मक प्रभाबलाई आवश्यक आधारहरु तयार गरिनेछ । कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधतामा परेको जलवायु परिवर्तनको नकारात्मक प्रभाबलाई कम गर्ने राष्ट्रिय कार्य योजनालाई स्थानीयता अनुकूल हुने गरी कार्यान्वयन गरिनेछ । हरियाली क्षेत्र, रिचार्ज पोखरी, पार्क, सडक किनारा बृक्षारोपण, बाँध निर्माण जस्ता आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।

### ८. मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रबाह :

संगठन व्यवस्थापन सर्भेक्षण सम्पन्न गरी सो प्रतिवेदनका आधारमा जनशक्ति व्यवस्था गरिनेछ । सेवा प्रबाहमा प्रभाबकारीता, सेवाग्राहीमैत्री सेवा प्रबाह र आयोजना कार्यान्वयनमा कार्य छरितोपना तथा कार्य कौशलताका लागि दक्षता र प्रोत्साहनको यथोचित व्यवस्था गरिनेछ। गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा तथा केन्द्र र वडा कार्यालयको सेवा प्रबाह प्रभावकारी, छरितो र सेवाग्राही मैत्री गराइनेछ। स्थानीय आवश्यकता तथा औचित्यका आधारमा स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ।

### ९. सुशासन तथा सदाचार प्रवर्द्धन :

सुशासन तथा भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलता र सदाचारको प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा व्यावहारिक प्रयत्नहरु प्रभाबकारी गराइनेछ । विद्युतीय सूचना प्रबिधिको उपयोग गरी पारदर्शिता तथा जवाफदेहीताको प्रवर्द्धन गरिनेछ। सामाजिक जवाफदेहिताका औजारहरुको एकीकृत रुपमा अभ्यास गरिनेछ

। सेवा प्रदायक स्थलहरुको अनुगमन, दण्ड तथा पुरस्कारलाई नियमित र प्रभाबकारी गरिनेछ । यस कार्यमा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ ।

### १०. गुणस्तरीय सेवा प्रवाह :

गुणस्तरीय शिक्षा तथा स्वास्थ्य क्षेत्रको सुनिश्चितता गर्न प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षामा सहज पहुँच स्थापित गर्न आवश्यक पहल गरिनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासमा अन्तरसरकार, निजी क्षेत्र तथा गैससर्सँगको सहकार्यलाई विस्तार गरिनेछ । सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान, ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ । साथै स्थानीय विकास र व्यवस्थापनको मूलभूत मूल्यका रूपमा सहभागितामूलक प्रणाली र कार्य संस्कृतिलाई अबलम्बन गरिनेछ ।

## २.४ लक्ष्य तथा उद्देश्य

***"विविधतामा एकता गण्डकीबासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान"*** दीर्घकालीन सोच हासिल गर्ने दिशामा यस प्रथम आवधिक योजनाले आधार तयार गर्नेछ । दीर्घकालीन सोच अनुरुप यस योजनाले **"उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त गाउँपालिका"** लक्ष्य निर्धारण गरिएको छ । उपरोक्त लक्ष्य हासिल गर्न आवधिक योजनाले देहायबमोजिमको उद्देश्य लिएको छ ।

१. उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्द्धन गर्ने,
२. सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,
३. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,
४. बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,
५. वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने,
६. विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने,
७. कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट आर्थिक सामाजिक क्षेत्रलाई पुनःजागृत गराउने,
८. स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने ।

## २.५ प्रमुख प्राथमिकता

आवधिक विकास योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहायअनुसारका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएकोछ :

- कृषि तथा पशुपंक्षी व्यवसायको आधुनिकिकरण, विशिष्ठिकरण, विविधिकरण र बजारीकरण,
- कोभिड १९ को महामारी नियन्त्रण तथा आर्थिक सामाजिक प्रभाब न्यूनिकरण,
- जलयात्रा तथा नदी तटिय पर्यटन र ग्रामीण पर्यटनको प्रवर्द्धन,
- सुरक्षित, व्यवस्थित, उत्पादनशिल र दिगो पूर्वाधारको विकास,
- नवप्रवर्तन, सीप विकास, उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन,
- योजनावद्ध विकास तथा व्यवस्थित भू-उपयोग,
- मानव संसाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रबाह,

- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाई सुबिधाको प्रवर्द्धन,
- समावेशीकरण तथा सामाजिक न्याय,
- सुशासन तथा जवाफदेहिता प्रवर्द्धन,
- वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलता

## २.६ प्रमुख रणनीति

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य प्राप्त गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई विकासका प्रयासहरु सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछ :

१. **कृषि तथा पशुजन्य उपजको मुल्य तथा बजार मागका आधारमा उत्पादनलाई विशिष्ठिकरण, व्यावसायिकरण, विविधिकरण गरी उत्पादन, रोजगारी तथा आम्दानीमा वृद्धि गर्ने :**
तरकारी खेती, नगदेवाली, फलफुल खेती, माछापालन, कुखुरापालन, पशुपालनको व्यावसायिकरण र विविधिकरण गरिनेछ । थोक विक्रेता तथा उच्च परिमाणमा दैनिक उपभोग गर्ने होटल वा होटल समूहसँग निश्चित मुल्यमा नियमित रुपमा निश्चित परिमाणमा कृषि उपज उपलब्ध गराउने सम्झौता गरी कृषकको आम्दानी तथा व्यवसाय सञ्चालनको बलियो आधार तयार गरिनेछ । कृषि, वन तथा पशुपंक्षीजन्य उपजहरुको प्रसोधन तथा मूल्य अभिवृद्धिद्धारा निजी, सहकारी र साझेदारीमार्फत औद्योगीकरण अवसर सृजना गरिनेछ । उच्च मुल्य भएका तथा तुलनात्मक लाभ तथा बजार मागको पहिचान गरी यस्तो क्षेत्रमा लगानी, प्रविधि तथा अन्य विशिष्टकृत सेवा प्रदान गरी उत्पादन, रोजगारी र आम्दानीमा वृद्धि गरिनेछ । कृषि सम्बन्धी अनुसन्धानका लागि आवश्यक स्थल तथा अनुकूल परिवेश तयार गरी प्रदेश तथा संघीय सरकार र गैर सरकारी संस्थासँग सहकार्य गरिनेछ ।

२. **पर्यटन र उद्योग तथा व्यवसायको प्रवर्द्धन मार्फत आय तथा रोजगारीमा वृद्धि गर्ने :** स्थानीय मौलिक संस्कृति, खानपान, भेषभुषा तथा जीवनशैलीको संरक्षण र प्रचार प्रसार गर्दै होमस्टे सञ्चालनको आधारहरु तयार गरिनेछ। त्रिशुली तथा बुढी गण्डकी नदीमा जलयात्रा तथा मनोरञ्जनात्मक गतिविधिका लागि आवश्यक आधारहरु तयार गरिनेछ । यस कार्यका लागि पर्यटन पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, विविधिकरण, पर्यटनमा आधारित पुरक उद्यम र प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन र विकास गरिनेछ । संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, समुदाय र गैससससँग सहकार्य र साझेदारीमार्फत पर्यटन क्षेत्रको विकास गरिनेछ । खनिज, कृषि तथा वनमा आधारित उद्योग धन्दाको स्थापना र स्थानीय मागमा आधारित व्यवसाय मार्फत रोजगारी तथा आयमा वृद्धि गरिनेछ ।

३. **शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तर अभिवृद्धि, स्वस्थ जीवन शैली, सुद्धृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने :** नेपाल सरकार तथा प्रदेश सरकार, सहकारी, नीजि क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यावसायिक शिक्षा, प्राबिधिक शिक्षा, उच्च शिक्षा, आधारभुत तथा विशिष्ठकृत स्वास्थ्य सेवा तथा पोषण सेवामा पहुँच स्थापित गरिनेछ । दिगो विकास लक्ष्य, प्रदेश सरकार तथा संघीय योजनासँग तालमेल मिलाइ एक घर एक धारा कार्यक्रम तथा दिगो सरसफाईजन्य आनिवानीको  विकास गरिनेछ ।

४. **सामाजिक न्याय, समावेशीकरण, सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्नेः** आर्थिक सामाजिक रुपमा पिछडिएको विपन्न, द्वन्द्व पिडित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, सीमान्तकृत समूह, चेपाङ लगायतको सामाजिक सुरक्षामा सहज पहुँच सुनिश्चित गरी स्वास्थ्य उपचार, जीविकोपार्जन र वृत्ति विकासको अवसर प्रवर्द्धन गरिनेछ । क्षमता विकास तथा सीप हस्तान्तरण मार्फत सहभागिता, आम्दानी तथा रोजगारीका अवसरहरु सृजना गर्दै आत्मनिर्भरताको  अभिवृद्धि गरिनेछ । समाजमा विद्यमान हिंसा, सामाजिक कुरिती, अन्धविश्वास

अन्त्यका लागि अभियान सञ्चालन गरिनेछ । असहाय तथा विपन्न वर्गको स्वास्थ्य उपचार, संरक्षण र दैनिकी सहज तुल्याउन विशेष व्यवस्था गरिनेछ ।

५. **दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, सुलभ सञ्चार सुविधा र स्वच्छ उर्जाको विस्तार र स्तरोन्नति गर्नेः** वैज्ञानिक भू-उपयोगको अवधारणालाई व्यवहारिक कार्यान्वयन गर्दै अध्ययनका आधारमा कृषि, वन, बस्ती, बजार, औद्योगिक क्षेत्रको निर्धारण गरिनेछ। सडक गुरुयोजना तर्जुमा गरी व्यवस्थित सडक सञ्जाल तथा सुरक्षित यातायातको सुनिश्चितता गरिनेछ । स्वच्छ उर्जा, सूचना तथा संचारको पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी भौतिक विकास, आवास र अन्तरआवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ । पूर्वाधार विकासलाई वातावरणमैत्री र विपद तथा जलवायु उत्थानशिल रुपमा निर्माण गरिनेछ ।

६. **विकासको प्रकृयालाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउनेः** आवधिक विकास योजनाको आधारमा विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी सोहीअनसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुने गरी योजना अनुशासन कायम गरिनेछ । योजना तर्जुमामा प्रदेश तथा संघीय तहको योजनासँग तालमेल मिलाउने र दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै योजनाको नतिजामूखी कार्यान्वयलाई संस्थागत गराइनेछ । यसका लागि संघ र प्रदेश सरकारका सम्बन्धित निकाय र समुदायसँग समन्वय र सहकार्य गरिनेछ । विकास प्रकृयालाई विपद् उत्थानशिल तथा वातावरणमैत्री गराइनेछ ।

७. **विकास प्रकृयालाई द्रुततर तुल्याउन अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी गराउने :** गाउँपालिकाको सीमित श्रोत, साधन तथा क्षमताले मात्र विकासको गति तथा तिब्रता दिन र स्थानीय आवश्यकता पुरा गर्न असमर्थ हुने भएकोले समन्वय, साझेदारी र सहकार्यलाई उच्च महत्व दिइनेछ । दुरगामी महत्वका तथा ठूला आयोजनाहरुको कार्यान्वयनमा प्रदेश तथा संघीय सरकारसँगको साझेदारीलाई विशेष जोड दिइनेछ । कोभिड १९ लगायत विपद् व्यवस्थापन, कोभिडोत्तर आर्थिक विकास, पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी क्षेत्र, सहकारी, समुदाय तथा निजी क्षेत्रको साझेदारी तथा सहकार्यलाई विस्तार गरिनेछ ।

८. **जनमुखी सेवा प्रबाह, आयोजना व्यवस्थापन क्षमता र जवाफदेहिताको अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्ने :** सहज र छरितो सेवा प्रबाहका लागि चुस्त जनशक्ति र विद्युतीय सूचना प्रबिधिको प्रभावकारी उपयोग गरिनेछ । आयोजनाको कार्यान्वयन समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न खरिद योजना तथा आयोजना कार्यान्वयन कार्यतालिका तयारी तथा कार्यान्वयन गरिनेछ । कानून तथा विधिको शासनको अनुसरण गर्दै सेवा प्रवाह, कार्यसम्पादन र शासन सञ्चालन प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, जनताप्रति उत्तरदायी र संवेदनशिल शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ । वित्तीय अनुशासन तथा योजना अनुशासनलाई व्यवहारिक रुपमा अनुसरण गरिनेछ ।

९. **आन्तरिक राजश्व सदृढिकरण, विवेकपूर्ण श्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने :** निजी क्षेत्र, उद्यम तथा व्यवसायमा नकारात्मक प्रभाब नपर्ने गरी आन्तरिक राजश्वको दर तथा दायरा वृद्धि गरिनेछ । आन्तरिक राजश्वको दर तथा दायरा वृद्धि गरी पुँजीगत खर्च अनुपात वृद्धि गर्दै लगिनेछ । नीति, योजना, सुशासन, संगठन तथा सेवा व्यवस्थापनलाई उत्पादनसँग जोडी आर्थिक अनुशासन कायम गर्ने र निर्णय प्रक्रिया, विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरुमा पारदर्शीता ल्याई श्रोत साधन परिचालन र उपयोग वृद्धि गरिनेछ । श्रोत परिचालनलाई जीवनस्तरमा सकारात्मक प्रभाब पार्ने क्षेत्रमा प्राथमिकता निर्धारण गरी केन्द्रित गरिनेछ ।

**१०. कोभिड १९ को संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभाबकारी गराउँदै यसबाट जीविका संकटमा परेका, आर्थिक क्षति भएकाहरुका लागि राहत, आम्दानी तथा रोजगारीका अवसरहरु सृजना गर्ने :** कोभिड १९ को संक्रमणको नियन्त्रण मानविय तथा आर्थिक क्षति कम गर्दै दैनिक जीविका चलाउन नसक्ने भएका, रोजगारी गुमाएका तथा आर्थिक क्षतिको सामान गरेको वर्गको लागि राहत, आम्दानी तथा रोजगारीको व्यवस्था गरिनेछ । यस कार्यमा अन्तरसरकार र गैससर्सँगको सहकार्य तथा साझेदारीलाई प्रभाबकारी गराइनेछ ।

## २.७ परिमाणात्मक लक्ष्य निर्धारण

परिमाणात्मक लक्ष्य निर्धारणका लागि राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यलाई आधार लिई दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्यलाई मापनको सूचक रुपमा तय गरिएकोछ । परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहायअनुसारको परिमाणात्मक लक्ष्य तय गरिएको छ :

*तालिका ३ : आवधिक योजनाको परिमाणात्मक लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार बर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | गाउँपालिका | नेपाल | प्रदेश | गाउँपालिका |
| **क.** | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५७९ | ०.५९ | ०.५८ | ०.६२४ | ०.६५ | ०.६५ |
| २ | औसत आयु | वर्ष | ६९.७ | ७१.७ | ७१ | ७२ | ७७ | ७५ |
| ३ | प्रतिव्यक्ति आय | युसडलर | १०४७ | १०४३ | १००० | १५९५ | १९५६ | १५०० |
| ४ | साक्षरता दर (१५ बर्ष भन्दा माथि) | प्रतिशत | ६६ | ७४.८ | ८६.७८ | ९६ | ९५ | ९६ |
| ५ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १८.७ | १४.९ | २०.४ | ११ | ७.४ | १२ |
| **ख.** | **विषय क्षेत्रगत गन्तव्य र सूचक** | | | | | | | |
| १ | खाद्यान्न वालीको उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | २.९ | २.७ | १.५ | ४ | ३.८ | २.० |
| २ | खेतीयोग्य जमिनमध्ये सिंचित जमिन | प्रतिशत | ४५ | २७.४ | ३६.५६ | ४५ | ३०.१ | ४५ |
| ३ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | ११ | ६ | ४ | ५ |
| ४ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.५ | ९८ | ९९ | १०० | १०० |
| ५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | २६.२ | ९३.७१ | ६० | ३७ | ९८ |
| ६ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ५५.४ | ४८ | २०.४३ | ८० | ८० | ६० |
| ७ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९४.८ | ९४.५ | ९९.५ | ९९ | ९९ |
| ९ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४३.९ | ४४.७ | ४६ | ६५ | ६० | ७० |
| १० | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९.३ | ५३.७ | ९७ | ८० | ७७.४ | १०० |
| ११ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ५७.४ | ६८.३ | ८४ | ७६ | ८८ | १०० |
| १२ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ३९ | २७ | २ | २४ | २२ | ० |
| १३ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ९१.१ | ८० | ९९ | १०० | १०० |

*स्रोत: समीक्षा प्रतिवेदन तथा वस्तुस्थिति विश्लेषण विवरण, २०७७*

## २.८ स्थानीय गौरवका आयोजना

गण्डकी गाउँपालिकाको विकास प्रकृयामा दुरगामी महत्व राख्ने तथा बहुप्रभाव पार्ने आयोजना तथा कार्यक्रमलाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा यस योजना अवधिमा अध्ययन तथा कार्यान्वयनका

लागि प्रस्ताव गरिएको छ। गाउँपालिका गौरवका आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ। यससम्बन्धी संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

*तालिका ४ : स्थानीय गौरवका आयोजना तथा कार्यक्रमको विवरण*

*रकम रु. हजारमा*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित लागत | स्थानगत र कार्यक्रम संचालन स्थल |
|---|---|---|---|---|---|
| १ | भैरवीटार वृहत्तर तथा पर्यटन क्षेत्र विकास आयोजना | संख्या | १ | २०००० | वडा नम्बर ६, भैरवीटार |
| २ | १५ शैयाको अस्पताल निर्माण आयोजना | स्थान | १ | १५०००० | गाउँपालिकास्तरमा |
| ३ | शिक्षण सिकाईमा सूचना प्रविधि विस्तार कार्यक्रम | विद्यालय | ४४ | ५००० | ४४ विद्यालयमा |
| ४ | कृषि, पर्यटन तथा गैरकृषि उद्यम मार्फत रोजगार सिर्जना कार्यक्रम | पटक | ५ | २०००० | गाउँपालिकास्तरमा |
| ५ | कृषि शिक्षा तथा अनुसन्धान केन्द्र आयोजना | संख्या | १ | २००० | गाउँपालिकास्तरमा |
| ६ | जडिबुटी खेती, वन व्यवस्थापन तथा हरित उद्यम कार्यक्रम | संख्या | १ | २००० | गाउँपालिकास्तरमा |
| ७ | कृषि तथा पशुजन्य उपज प्रशोधन केन्द्र तथा बजारीकरण आयोजना | संख्या | १ | ७५००० | गाउँपालिकास्तरमा |
| ८ | नमूना बस्ती विकास कार्यक्रम | संख्या | ९ | १००००० | बुट्टार, गोर्दी, रानीस्वारा, बन्टार, आग्रीडाँडा, तोलक लुगुना, घ्यालचोक, बेनी गाउँ, ओखलडाँडा (भूम्लिचोक) |
| ९ | एक घर एक धारा कार्यक्रम | स्थान | २ | ७०००० | गाउँपालिकास्तरमा |
| १० | बतासेभञ्ज्याङ भाल्डाँडा, आम्डाँडा, पौवा हुँदै रानीस्वारा, दलभञ्ज्याङ. गाउँपालिका केन्द्र चिप्लेटी चुर्लिङटार ज्ञानमार्ग हुँदै सिउरेनीटार सडक निर्माण | वटा | ५ | ३५००० | बतासे भञ्ज्याङ भाल्डाँडा, आम्डाँडा, पौवा हुँदै रानीस्वारा, दलभञ्ज्याङ. गाउँपालिका केन्द्र चिप्लेटी चुर्लिङटार ज्ञानमार्ग हुँदै सिउरेनीटार सडक |

# परिच्छेद चार
# आर्थिक विकास योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ। आर्थिक विकासको माध्यमबाट नै गाउँबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन्। स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाउँपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको सञ्चालन हुन अपरिहार्य देखिन्छ । गाउँपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ । यसका लागि गाउँपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

यस गाउँपालिकामा मुख्यतया कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदि अर्थतन्त्रका प्रमुख अवयवहरु देखिन्छन् । आधुनिक तथा व्यावसायिक उद्योगहरूको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ४.२ वर्तमान अवस्था

यस गाउँपालिकाको आर्थिक विकासमा योगदान दिने प्रमुख क्षेत्रहरुमा सरसर्ती हेर्दा कृषि तथा पशुपालन देखिएको छ भने उद्योग, व्यापार, पर्यटन लगायतका क्षेत्रपनि त्यत्तिकै महत्वपूर्ण रहका छन् । पेशागत संलग्नताका हिसावले अधिक जनसंख्या (५४.७७ प्रतिशत) नोकरी तथा ज्यालादारी कार्यमा संलग्न रहेको देखिन्छ भने कृषि उत्पादनमा संलग्न २५.५२ प्रतिशत र व्यवसायिक कार्यमा संलग्न ३.५३ प्रतिशत रहेको छ ।

कृषिजन्य उत्पादन मध्ये आ.व. २०७६ को उत्पादनको अवस्थालाई हेर्दा अन्नवालीको उत्पादन २५८६२.५ रोपनी क्षेत्रमा २७०५३ क्विन्टल रहेको देखिन्छ । कुल ८४ वटा कुलोहरु सञ्चालनमा रहेको यस क्षेत्रमा १७ वटा कुलोहरु वर्षैभरी सञ्चालन हुने र ६७ वटा कुलो मौसमी रुपमा सञ्चालन हुने गरेको देखिन्छ । जस अनुसार सबै कुलोबाट सिन्चित जमिन ११७८० रोपनी रहेको छ भने लाभान्वित घरधुरी संख्या २१२९ रहेको छ । व्यवसायिक फर्म बाहेक पशुपालनको अवस्था हेर्दा गाई तथा गोरु संख्या ६१५२, भैंसी तथा राँगाको संख्या ४३३८ र भेडा बाख्रा तथा खसी बोका संख्या ३००७१ रहेको देखिन्छ ।

यस क्षेत्रमा औद्योगिक कच्चा पदार्थका रुपमा खोटो, गिटी तथा बालुवा मुख्य रुपमा रहेका छन् । बुढी गण्डकी तथा त्रिशुली किनारामा उपलब्ध बालुवा तथा गिटी र वन क्षेत्रमा उपलव्ध हुने खोटो मुख्य औद्योगिक कच्चा पदार्थहरु हुन ।  यस क्षेत्रमा कुल ८४९ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसबाट वार्षिक रुपमा रु. १४ करोड ८३ लाख भन्दा बढीको कारोवार हुने गरेको छ ।

गाउँपालिका अन्तर्गत प्रशस्त धार्मिक, ऐतिहासिक स्थल तथा पर्यटकीय स्थलहरु रहेका छन् । ती पर्यटकीय स्थलहरु व्यवस्थित गरी आन्तरिक पर्यटनको रुपमा यहांको सांस्कृतिक महत्वहरु समेत झल्काउन सक्ने हो भने आर्थिक विकासका लागि आधार हुन सक्ने देखिन्छ ।

यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोऱ्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना देहायअनुसार प्रस्तुत गरिएको छ ।

### *४.२.१ कृषि विकास*

**क. सम्भावना तथा अवसर**

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानुनबमोजिम खाद्य सम्प्रभुताको हकको यवस्था गरेको छ । यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल जिम्मेवारीसमेत स्थानीय तहको हुने गरी निर्धारण गरिनुका साथै संविधान प्रदत्त जिम्मेवारीलाई स्थानीय सरकार सञ्चालन ऐनले विस्तृतीकरण समेत गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ ।

गाउँपालिकाको मुख्य रोजगारी र जीविकोपार्जनको रूपमा कृषि क्षेत्र रहेको छ । कृषि क्षेत्र अन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपन्छी पालनलाई लिइएको छ । यसैगरी कृषि कार्यहरूसँग माछापालन, माहुरीपालन र वनजन्य क्षेत्र पनि आबद्ध रहेको पाइन्छ । समग्रमा गाउँपालिकाको कृषि क्षेत्र बढी अनुपातमा निर्वाहमुखी रहेको छ ।

गाउँपालिकाको कृषितर्फको अवस्था विश्लेषण गर्दा कूल घरपरिवारहरूमध्ये ५४.७७ प्रतिशत घरपरिवारहरू कृषि/पशुपालन/माछापालन/मौरीपालन कार्यमा संलग्न रहेको देखिन्छ । गाउँपालिकाको कूल खेतीयोग्य जमिनमध्ये १८५७५ रोपनी खेत, १३६४१ रोपनी बारी र २९०८ रोपनी बाँझो रहेको छ । यस क्षेत्रमा कृषि कार्यमा उपयोग भएको जग्गा उपयोगको अवस्था हेर्दा आफ्नो परिवारको नामको जग्गा उपभोग गर्ने घरधुरी संख्या ५६०० र अरुको नाममा रहेको जग्गा उपयोग गर्ने घरधुरी संख्या ६९२ र कृषि कार्य नगर्ने घरधुरी संख्या १७१ रहेको छ । व्यक्तिको स्वामित्वमा कुल ४१०८६ रोपनी जमिन रहेको छ । खेती गरिएको जमिन ३९०३४ रोपनी रहेकोमा खेतका रूपमा उपयोग गरिएको जमिन ५२.८८ प्रतिशत र बारीका रुपमा उपयोग भएको जमिन ३८.८४ प्रतिशत रहेको छ ।

कृषि आत्मनिर्भरताको अवस्था हेर्दा सबैभन्दा आफ्नो उत्पादनले १ वर्षभन्दा बढी खान पुग्ने घरधुरी संख्या ५८५ अथवा १०.१४ प्रतिशत रहेको छ भने वर्षभरी खान नपुग्ने घरधुरी संख्या ५१८६ वा ८९.८६ प्रतिशत रहेको देखिन्छ ।

कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संसाधनको कुल संख्या २२४ रहेको छ। जसमध्ये व्यावसायिक वा अगुवा कृषक संख्या १४ जना, सकृय ग्रामीण कृषि कार्यकर्ता १९० जना, सकृय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता संख्या १६ जना र व्यावसायिक नर्सरी सञ्चालक संख्या ४ जना रहेको देखिन्छ।

आवश्यक जनशक्तिको विकास, बजार पूर्वाधारहरुको विकास तथा बजार संजाल निर्माण गर्ने जस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ख. समस्या तथा चूनौती

कृषि नै यस क्षेत्रको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण हुन नसकी अझै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सीमित हुनु परिरहेको छ। कृषि पेसालाई मर्यादित बनाउन नसक्दा युवाहरूको कृषि क्षेत्रमा आकर्षण घट्नुका साथै न्यून उत्पादकत्व एवं व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रबाट अपेक्षित उपलब्धी हुन सकेको छैन। गाउँपालिकाको भूबनोट, पानीको स्रोत, मेहनती गाउँवासी कृषि क्षेत्रको विकासका लागि महत्वपूर्ण पक्ष हुन्। यस क्षेत्रको उर्वर भूमि र उपलब्ध केही सिञ्चाइ सुबिधाको कारण विद्यमान सम्भाव्यताहरूलाई उपयोग गर्दै कृषि क्षेत्रअन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपालनमा उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिनेछन्। पृथ्वी राजमार्गसंगको सहज पहुँचले कृषि उत्पादनका लागि बजारको बृहत् अवसरहरूको द्वार खुलाएको छ। गाउँपालिका क्षेत्रभित्र अवस्थित निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी व्यवसायिकताको आधारमा बाह्य परनिर्भरता हटाई थप आयआर्जनका अवसरहरूलाई अधिकतम उपयोग गरिनुपर्ने हुन्छ।

### *४.२.२ सिंचाई विकास*

### क. सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रमा साना ठूला गरी कुल ८४ वटा कुलोहरु सञ्चालनमा रहेको छ। सञ्चालित १७ वटा कुलोहरु वर्षैभरी सञ्चालन हुने र ६७ वटा कुलो मौसमी रुपमा सञ्चालन हुने गरेको देखिन्छ। जसअनुसार सबै कुलोबाट सिन्चित जमिन ११७८० रोपनी रहेको छ भने लाभान्वित घरधुरी संख्या २१२९ रहेको छ। कुल खेतियोग्य जमिनको करीव ८० प्रतिशत भूभागमा अझै सिंचाई पुऱ्याउन बाँकी देखिन्छ।

### ख. समस्या तथा चूनौती

गाउँपालिकामा सिंचाई अनुकूलको क्षेत्रफल न्यून हुनु, खेत बाहिर सिंचाई सुविधाको उपयोग हुन नसक्नु, भएका श्रोतहरुको उपयोग हुन नसक्नु, बैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ पूर्वाधारहरूको नियमित मर्मत सम्भार भई सुचारु हुन नसक्नु, भएका मुहानहरू सुक्दै जानु, पानीको पुनः संरक्षण (recharge) मा ध्यान नजानु र अव्यवस्थित बस्ती विकासबाट पानीको उचित व्यवस्थापन हुन नसक्नु आदि चुनौतीहरू देखिएका छन्।

### *४.२.३ पशुपन्छी विकास*

### क. सम्भावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकामा करीव ५५ प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेको देखिएको छ। व्यवसायिक फर्म बाहेक पशुपालनको अवस्था हेर्दा गाई गोरुको संख्या ६१५२, भैंसी ४३३८ वटा, बाखा ३००७१, लेयर्स २५-३० हजार रहेको, ब्रोईलर ४०-५० हजार पालन गरिराखिएको अवस्था विद्यमान देखिन्छ। पशुपालनका

लागि चरण क्षेत्रको रुपमा सामुदायिक बन क्षेत्रको जग्गा बाहेक ४ स्थानमा सामान्य प्रकारको चरण क्षेत्र रहेको छ। जसको कुल क्षेत्रफल १७ व.किमि रहेको छ।

गाउँपालिकामा पशु नश्ल सुधारको कार्य आरम्भ भएको, कुखुरा वधशाला १ वटा सञ्चालनमा रहेको, ४५ वटा मासु पसल सञ्चालनमा रहेको, वडा नं. ३, ७ र ८ मा गरी ७ वटा डेरी सञ्चालनमा रहेको, पशुपालन समूह १० वटा क्रियाशील रहेको, वाखा पकेट क्षेत्र वडा नं. १, ५ र ६ मा सञ्चालनमा रहेको, वडा नं. ८ मा १ वटा उन्नत भैंसीपालन फार्म सञ्चालनमा रहेको छ। पशु सेवाका लागि आवश्यक जनशक्तिको अवस्था हेर्दा पशु प्राविधिक (कृषि प्राविधिक समेत) १०६ जना रहेको छ। चरण क्षेत्रको सन्दर्भमा हेर्दा गाउँपालिकाका वडा नं. ६ र ७ मा करीव १७ वर्ग किमि क्षेत्रफलमा फैलिएको चरण क्षेत्र रहेको छ। यसैगरी माछापालन तर्फ वडा नं. २, ३, ४ र ६ मा गरी ७ वटा माछापालन पोखरी सञ्चालनमा रहेको छ।

पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको बजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ।

### ख. समस्या तथा चूनौती

व्यवसायिक एवं उन्नत तरिकाले गाईभैसी तथा बाखापालन नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जा र वीमाको व्यवस्था नहुनु उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतिको रुपमा रहिरहेको छ। दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ।

### *४.२.४ उद्योग र व्यापार*

### क. सम्भावना तथा अवसर

गाउँपालिकामा ८४९ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसबाट वार्षिक रुपमा रु. १४ करोड ८३ लाख भन्दा बढीको कारोवार हुने गरेको छ। व्यवसायहरु मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसल १२३ वटा रहेका छन् भने होटल १३, खाजाघर १५ मासु पसल ६ र अन्य १३४ वटा रहेका छन्।

यस गाँउपालिकामा विशेषतः खनिजमा आधारित उद्योगहरुमा रोडा, गिटी, वालुवा, ढुंगा उत्पादन गर्ने क्रसर उद्योगहरु रहेका छन्। यहाँ वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै बैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ख. समस्या तथा चूनौती

व्यवसायको सोच र सस्कारको अभाव, पुर्वाधारको अभाव (व्यवसायिक सडक, कृषि सडक), तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, व्यावसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैंक तथा वित्तिय सस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानिय श्रोत, साधन, सीप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ। यसका अतिरिक्त उत्पादनमुखी

बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमिजस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

### *४.२.५ बैंक, सहकारी र वित्तीय सेवा*

**क. सम्भावना तथा अवसर**

वित्तीय पहुँच तथा सेवाको लागि यस क्षेत्रमा एउटा वाणिज्य बैंक, १ वटा लघु वित्त संस्था र २५ वटा सहकारी संस्था रहेका छन् । यी संस्थाहरुबाट मुख्यतया कृषि र व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ ।

**ख. समस्या तथा चूनौती**

यस क्षेत्रमा हाल सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट उद्योग व्यवसायका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुन सकेमा आर्थिक विकासले गति लिन सक्नेछ । कम आय भएकालाई समेत कर्जा सहज उपलब्ध हुने व्यवस्थाले आर्थिक विकासका अवसरहरूलाई उपयोग गर्न सकिनेछ । साथै वित्तीय संस्थाहरूले बचत परिचालन गरेर ऋण प्रवाहका लागि थप पुँजी जुटाउन पनि सम्भव हुनेछ ।

### *४.२.६ श्रम, आय तथा रोजगारी*

**क. सम्भावना तथा अवसर**

गाउँपालिकामा रहेको कुल जनशक्तिमध्ये कृषि क्षेत्रमा संलग्न जनसंख्या २६.८ प्रतिशत रहेको छ। रोजगारीको अन्य क्षेत्रतर्फ हेर्ने हो भने नोकरी ८.८ प्रतिशत, बैदेशिक रोजगारीतर्फ ५.८ र व्यापारमा ४.७ प्रतिशत संलग्न रहेको देखिन्छ। सीपमूलक तथा प्राविधिक तालीम लिएकाको संख्या ३४५ रहेकोमा कृषि तालीम २१ जनाले र अन्य विविध विषयमा ३२४ जनाले तालीम लिएको देखिन्छ। घरधुरीको औषत वार्षिक आम्दानी रु ३१८६० प्रति वर्ष देखिन्छ। यसैगरी बैदशिक रोजगारीबाट प्राप्त हुने बार्षिक आय भने रु. ४०१,०४० प्रति घरपरिवार रहेको छ। यसैगरी अन्य श्रोतबाट प्राप्त हुने औषत आय रु. १५९,१५४ प्रति वर्ष रहेको देखिन्छ ।

**ख. समस्या तथा चूनौती**

गाउँपालिका क्षेत्रमा हाल रहेको श्रमशक्ति अन्य क्षेत्रतर्फ पलायन हुँदै जानु, दक्ष तथा सीप भएका व्यक्तिहरुलाई पर्याप्त अवसर नहुनु तथा सीपमूलक एवं राजगारमूलक कार्यक्रमहरु संचालन नहुनुजस्ता समस्या रहेको देखिन्छ । घरपरिवारले प्राप्त गर्ने आयको वितरण असमान हुनु, पर्याप्त मात्रामा रेमिट्यान्स प्राप्त गर्ने घरपरिवारले अनुत्पादक क्षेत्रमा लगानी गर्नुजस्ता समस्या विद्यमान देखिन्छ । सम्भावना रहेका कृषि तथा पशुपालन, पर्यटन तथा उद्योग व्यवसायको क्षेत्रमा लगानीका अवसरहरु वृद्धि गरी श्रमशक्तिको उपयोग तथा आय बृद्धि गर्ने सम्भावना रहेको अवस्था समेत देखिन्छ ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त आर्थिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतको गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १३** मा प्रस्तुत गरिएको छ ।

### ४.३ सोच

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

गतिशील आर्थिक विकास र गरिबीको न्युनीकरण

## ४.४ लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छ:

उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्द्धन

## ४.५ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. स्थानीय सम्भाव्यताको आधारमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढाई आर्थिक विकासमा योगदान गर्नु,
२. कृषिजन्य उत्पादन, वन पैदावार लगायतका स्थानीय स्रोत साधन तथा मौलिक सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र प्रोत्साहन गर्दै उद्योग व्यापार तथा सेवा क्षेत्रलाई सक्षम तुल्याउनु,
३. आयआर्जनका अवसरहरू प्रवर्द्धनका लागि बचत परिचालनसहित आवश्यक पर्ने पुँजीको सहज पहुँच वृद्धि गर्नु ।

## ४.६ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका ५ : आर्थिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : स्थानीय सम्भाव्यताको आधारमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढाई आर्थिक विकासमा योगदान गर्नु** | |
| १. उत्पादन योग्य नगदे बाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यवसायीकरण मार्फत उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि गर्ने | १. कृषि तथा पशु जन्य उत्पादनमा आत्मनिर्भर गण्डकी गाउँपालिकाको अवधारणा अनुरुप वडा नं. ६, ७ र ८ लाई वेमौसमी तरकारी खेतीको पकेट क्षेत्र तथा वडा नं. ३ र ४ लाइ कुखुरापालनको पकेट क्षेत्रको रुपमा घोषणा गरी त्यहाँ उत्पादित तरकारी तथा अण्डालाई गाउँपालिका भरी विक्रि वितरण गर्ने प्रवन्ध मिलाईनेछ । वडा नं. २ लाई सुन्तला पकेट क्षेत्र वनाईनेछ ।<br>२. वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. गाउँपालिकामा रहेको सवै खाले जमिनलाई खेर जान नदिने, पहिचान भएका खाद्य असुरक्षित क्षेत्रहरुको लागि कृषि योग्य भूमिको पूर्ण उपयोग, परम्परागत कृषि पेशालाई आधुनिकीकरण गर्दै अर्गानिक खेती प्रणालीको थालनीका लागि विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. कृषि थोक बजार, खुद्रा बजार, थोक समर्थन मूल्य, शीतभण्डार, सहुलियत ऋण, उद्योग ग्राममा कृषि उपज प्रशोधन उद्योगलाई प्रथामिकता लगायतका विधिबाट कृषि उद्यम सृजना गर्न उपयुक्त वातावरण तयार गरिनेछ ।<br>५. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना र परम्परागत हाटबजार केन्द्र व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धन गरिनेछ ।<br>६. एक वस्ती एक व्यबसायिक अर्गानिक खेती उत्पादनको लागि (बेसार, अदुवा, तरुल, सखरखण्ड, कफि, सिस्नु, अलैंची, सुन्तला, कागती, केरा, भूँइकटहर, एभोकाडो, जापानीज कटुस, स्याउ, किम्बु, टिमुर, दाँते ओखर, तरकारी |

| रणनीति | कार्यनीति |
|---|---|
| | खेती) कृषक समूहहरुलाई विउ खरिदमा गरि एक घर पाँच फल नीति अन्तरगत विरुवा अनुदान प्रदान कार्यक्रम थालिने छ ।<br>७. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>८. पशु विकास पकेट क्षेत्रहरुको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ। |
| २. कृषि व्यवसायलाई विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरुको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ ।<br>२. कृषि र पशुपालन सम्बन्धी तरकारी, मसलाबाली, माछा, गाईभैसी र वाख्रापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा सञ्चालन गरिनेछ ।<br>३. मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्नका लागि कृषि विकासमा रसायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै माटो परीक्षण, बाली उपचार शिविर सञ्चालन, जैबिक तथा वनःपतिजन्य बिषादी निर्माण पद्धतिमा जोड दिईनेछ ।<br>४. एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>५. बेसार, अदुवा, तरुल, सखरखण्ड, कफि, सिस्नु, अलैंची, सुन्तला, कागती, केरा, भूँइकटहर, एभोकाडो, जापानीज कटुस, स्याउ, किम्बु, टिमुर, दाँते ओखर, आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ ।<br>६. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>७. बाँझो जमीन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ । |
| ३. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | १. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>२. **“एक वडा एक कृषि उत्पादन”** कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना जे.टि.ए. राख्ने व्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।<br>३. पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइने छ ।<br>४. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>५. कोभिड– १९ का कारण बैदेशिक रोजगारी गुमाई स्वदेश फर्केका युवाहरुलाई लक्षित गरी कृषि तथा पशुपक्षी कार्यक्रम अर्न्तगत कोषको व्यवस्था गरी व्यवसाय सञ्चालनको लागि अनुदानको व्यवस्था गरिने छ । |
| ४. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. दिगो र भरपर्दो सिचाई, बाह्रै महिना उपलब्ध हुने । | १. खाद्य तथा तरकारी उत्पादन वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>२. संचालित सिंचाई कूलोको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ ।<br>३. थोरै पानीले धेरै क्षेत्र र समयमा सिंचाई गर्न थोपा समेतका आधुनिक प्रविधीमा आधारित सिंचाई कार्यक्रम सञ्चालन गर्ने । |
| **उद्देश्य २: कृषिजन्य उत्पादन, वन पैदावार लगायतका स्थानीय स्रोत साधन तथा मौलिक सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र प्रोत्साहन गर्दै उद्योग व्यापार तथा सेवा क्षेत्रलाई सक्षम तुल्याउनु** | |
| १. स्थानीय स्रोत साधन, , कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. गाउँपालिका क्षेत्रमा स्थानीय स्रोत साधनहरूमा आधारित लघु, घरेलु तथा साना स्तरका उद्योगहरूको प्रवर्द्धन गरिनेछ ।<br>२. कृषि उपज प्रशोधन उद्योग, कृषि सामग्री उद्योग, उत्पादनमूलक उद्योग र पर्यटन उद्योगको विकासगरी उत्पादन, उत्पादकत्व, रोजगार र आयआर्जनलाई प्रोत्साहन गरिनेछ ।<br>३. उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।<br>४. स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता गर्न सहयोग अभिवृद्धि गरिनेछ ।<br>५. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ<br>६. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ । |
| २. औद्योगिक विकासको आधार तयार गर्ने | १. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी **एक स्थानीय तह एक औद्योगिक ग्राम कार्यक्रम** अनुसार उद्योग ग्रामको स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२. उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सब सञ्चालन गरिनेछ ।<br>४. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारी सम्पर्क र संचार गरिनेछ ।<br>५. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| **उद्देश्य ३: आयआर्जनका अवसरहरू प्रवर्द्धनका लागि बचत परिचालनसहित आवश्यक पर्ने पुँजीको सहज पहुँच वृद्धि गर्नु** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | १. स्थानीय स्तरमा उद्योग व्यवसायको स्थापना तथा विस्तार कार्यका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको बढ्दो उपस्थितिलाई प्रोत्साहित गरिनेछ ।<br>२. वित्तीय सहकारीलगायत बैंक तथा वित्तीय संस्थाहरूको लगानीका अवसर वृद्धि गर्नुका साथै भरपर्दो कर्जा प्रवाहबाट कृषि खेती प्रणाली, उद्योग तथा सेवा क्षेत्रको अन्तरसम्बन्ध स्थापित गराई व्यावसायिक वातावरण कायम गर्दै उद्योग व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याइनेछ ।<br>३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>४. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिने छ । |
| २. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | १. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. श्रमशक्तिलाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यावसाय र आयोजना संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ । |

### ४.७ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायको तालिकामा रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। स्थानगत तथा आयोजना वा कार्यक्रमगत विवरण ***अनुसूची १*** मा प्रस्तुत गरिएको छ । आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहाय बमोजिम रहेको छ :

*तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७६/०७७ को अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोतको वार्षिक लक्ष्य (रकम हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१.१ कृषि विकास** | **उद्देश्य १** | | | | | | | | २९९५०० | |
| १.१ सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पकेट स्थापना | संख्या | ० | ८ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २५०० |
| १.२ कृषि फर्म स्थापना तथा प्रवर्द्धन सहयोग कार्यक्रम | पटक | ० | १६ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १२५० |
| १.३ एक वडा एक कृषि स्रोत व्यक्ति/प्राविधिक/केन्द्र स्थापना | संख्या | ० | ८ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १२५० |
| १.४ कृषि उद्योग स्थापनामा सहयोग | संख्या | २ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.५कृषि उद्यम संवर्द्धन कार्यक्रम (Agri Business Incubation Program) सञ्चालन | संख्या | ० | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| १.६ कृषि प्रसारमा सूचना प्रविधिको विकास र विस्तार (ICT based extention) | रोपनी | ० | २०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | २५ |
| १.७ कृषि तथा पशुजन्य उपज उत्पादन, संकलन, प्रशोधन र बजारीकरण आयोजना | पटक | ० | १ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | ७५००० |
| १.८ कृषि शिक्षा तथा अनुसन्धान केन्द्र आयोजना | संख्या | ० | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २००० |
| १.९ कृषक र कृषि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि तथा सशक्तीकरण | जना | ० | २०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | २० |
| १.१० अर्गानिक खेती प्रवर्द्धन र ब्राण्डिङ | रोपनी | ० | ५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | २०० |
| १.११ नगदे बालीको उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ, बजारीकरण गर्न सहयोग | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१२ रैथाने वाली संरक्षण कार्यक्रम | संख्या | ० | १ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २०००० |
| १.१३ मसालावाली बिकास कार्यक्रम | संख्या | ० | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| १.१४ कृषि उपज संकलन केन्द्र निर्माण | संख्या | ० | ८ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ३१२५ |
| १.१५ कृषि यान्त्रीकरण तथा आधुनिकीकरण कार्यक्रम | सख्या | ० | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| १.१६ माटो प्रयोगशाला स्थापना | संख्या | ० | १ | | ५००० | ५००० | | | १०००० | १०००० |
| १.१७ विषादी परीक्षण प्रयोगशाला | संख्या | ० | ३ | | ४५०० | ४५०० | | | ९००० | ३००० |
| १.१८ फलफूल विकास कार्यक्रम | संख्या | ० | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| १.१९ फूल खेती कार्यक्रम | रोपनी | ० | १०० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०० |
| १.२० कृषि क्षेत्रको सम्भाव्यता अध्ययन | पटक | ० | १ | | २००० | | | | २००० | २००० |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७६/०७७ को अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोतको वार्षिक लक्ष्य (रकम हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| १.२१ बीउ बैंक स्थापना | संख्या | ० | ८ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १५६२.५ |
| **२. सिंचाई** | **उद्देश्य १** | | | | | | | | ६०००० | |
| २.१ साना तथा मझौला सिंचाइ कार्यक्रम | किमि | ८४ | १०८ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १८५.१९ |
| २.२ कुलो सुधार कार्यक्रम | किमि | | २५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ४० |
| २.३ पोखरी निर्माण कार्यक्रम | संख्या | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| २.४ वैकल्पिक सिंचाइ (आकाशे पानी संकलन, थोपा सिंचाइ आदि) व्यवस्थापन | संख्या | १ | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ४००० |
| **३. पशु विकास** | **उद्देश्य १** | | | | | | | | १८८५०० | |
| ३.१ पशु उपचार स्थापना | संख्या | १ | ८ | ४८०० | ४८०० | ४८०० | ४८०० | ४८०० | २४००० | ३००० |
| ३.२ उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ० | १००० | २०० | २०० | २०० | २०० | २०० | १००० | १ |
| ३.३ व्यवसायिक पशुपन्छीपालन कार्यक्रम | संख्या | १ | १६ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ३१२५ |
| ३.४ खरी र बोयर जातको वाखा स्रोत केन्द्र स्थापना गर्ने | संख्या | ० | २ | | ३००० | ३००० | | | ६००० | ३००० |
| ३.५ दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | ० | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५०० |
| ३.६ मासु बिक्री कक्ष विकास कार्यक्रम | संख्या | ० | ५० | | १०००० | १५००० | | | २५००० | ५०० |
| ३.७ भेटेरीनरी प्रयोगशाला स्थापना | संख्या | ० | १ | | | ५००० | ५००० | | १०००० | १०००० |
| ३.८ दाना उद्योग स्थापना | संख्या | ० | १ | | | ५००० | ५००० | | १०००० | १०००० |
| ३.९ बधशाला सुधार कार्यक्रम | संख्या | ० | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ३.१० दुग्ध प्रशोधन केन्द्र स्थापना | संख्या | ० | २ | | ५००० | ५००० | | | १०००० | ५००० |
| ३.११ स्थानीय पशुपंक्षी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संख्या | ० | १ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २०००० |
| ३.१२ ह्याचरी स्थापना | संख्या | ० | १ | | | | २५०० | २५०० | ५००० | ५००० |
| ३.१३ पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| **४. उद्योग र व्यापार** | **उद्देश्य २** | | | | | | | | ६९५०० | |
| ४.१ सीप तथा उद्यमशीलता विकास तालिम, | पटक | ० | १५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १००० |
| ४.२ उद्योग ग्रामको स्थापना र सञ्चालन, | संख्या | | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ४.३ व्यवसाय संवर्द्धन केन्द्र (Business Incubation Center) को स्थापना र सञ्चालन | संख्या | ० | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ४.४ स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र सञ्चालन | संख्या | ० | १ | | १००० | २०० | १५० | १५० | १५०० | १५०० |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७६/०७७ को अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोतको वार्षिक लक्ष्य (रकम हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ४.५ घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन | संख्या | ० | १ | | १००० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ४.६ सहुलियत ऋण र लगानीमा पहुँच अभिवृद्धि कार्यक्रम | संख्या | ० | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ४.७ महिला उद्यमशीलता प्रवर्द्धन तथा वित्तीय पहुँच अभिवृद्धि | जना | ० | २५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १० |
| ४.८ बजार केन्द्रहरूको स्थापना तथा विस्तार, सपिङ कम्प्लेक्स निर्माण र व्यवस्थापन | संख्या | ० | १ | | १०००० | १०००० | | | २०००० | २०००० |
| ४.९ स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन | संख्या | ० | १ | | २५० | | २५० | | ५०० | ५०० |
| **५. वित्तीय सेवा, श्रम तथा रोजगारी** | **उद्देश्य ३** | | | | | | | | **२१५५००** | |
| ५.१ "एक घर एक खाता" र "घरघरमा सहकारी" कार्यक्रम | घरधुरी संख्या | ० | ५७७१ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ०.३५ |
| ५.२ वित्तीय साक्षरतासम्बन्धी तालिम र सचेतनामूलक कार्यक्रम | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ५.३ उद्यमशीलता विकास कोष स्थापना र सञ्चालन | संख्या | ० | १ | | २५० | २५० | २५० | २५० | १००० | १००० |
| ५.४ एक वडा एक वित्तीय सहकारी स्थापना कार्यक्रम सञ्चालन | संख्या | ० | ८ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५० |
| ५.५ प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण (शाखा, अस्थायी बैंकिङ एकाई वा ATM मेसिन) | स्थान | २ | १६ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | १२५ |
| ५.६ विप्रेषण आय परिचालन सचेतना कार्यक्रम | संख्या | ० | ५०० | २०० | २०० | २०० | २०० | २०० | १००० | २ |
| ५.७ बैदेशिक रोजगार लक्षित सीपमूलक तालीम कार्यक्रम | संख्या | ० | २०० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५० |
| ५.८ मागमा आधारित बेरोजगार लक्षित सीपमूलक तालीम | संख्या | ० | १०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५० |
| ५.९ युवा स्वरोजगार कोषको स्थापना | संख्या | ० | १ | | १०००० | १०००० | १०००० | २०००० | ५०००० | ५०००० |
| ५.१० सहुलियत कर्जा पहुँच कार्यक्रम | संख्या | ० | २०० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १०० |
| ५.११ श्रममा आधारित पूर्वाधार निर्माण कार्यक्रम ( गण्डकी रोजगार कार्यक्रम) | संख्या | ० | १००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १०००००० | १०० |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७६/०७७ को अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोतको वार्षिक लक्ष्य (रकम हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ५.१२ कृषि, पर्यटन तथा गैरकृषि उद्यम मार्फत रोजगार सिर्जना कार्यक्रम | संख्या | ० | २०० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १०० |
| **कुल जम्मा** | | | | | | | | | ८३३००० | |

## ४.८ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तभ्म, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरण ***अनुसूची २*** मा प्रस्तुत गरिएकोछ ।

## ४.९ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

गाउँपालिका क्षेत्रमा व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ। वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका ८ वटा पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध भएको हुनेछ। गाउँपालिका क्षेत्रभित्र योजना अवधिमा औद्यौगिक ग्राम स्थापना भएको हुनेछ । यसबाट गाउँपालिकामा बैदेशिक रोजगारबाट फर्केका तथा अन्य वेरोजगारले कृषि, पशुपालन, उद्योग र निर्माण व्यवसायबाट २०० जना रोजगारी प्राप्त गरेका हुनेछन् । आर्थिक विकास क्षेत्रको नतिजा खाकालाई ***अनुसूची ३*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद पाँच
# संस्कृति तथा पर्यटन योजना

## ५.१ पृष्ठभूमि

नेपालको पर्यटन नीति २०६५ ले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ। संघ, प्रदेश तथा स्थानीय कानून, नीति, योजनाको आधारमा स्थानीय सरकारले योजनाबद्ध तथा विशेष प्रयास गरी आय तथा रोजगारी वृद्धि गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसैगरी मौलिक संस्कृति तथा सभ्यताको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने अभिभारा समेत स्थानीय सरकारको जिम्मेवारीमा रहेको छ। उपरोक्त संवैधानिक अधिकार क्षेत्र र राष्ट्रिय नीतिलाई मध्यनजर गरी गाउँपालिकाको समग्र विकासको एक अग्रणी क्षेत्रको रुपमा पर्यटन विकास तथा प्रवर्द्धनलाई उत्पादन, रोजगारी र आयवृद्धि तर्फ डोऱ्याउन पर्यटन र सांस्कृतिक सम्पदा सम्बन्धी क्षेत्रको सम्भावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौति र चाल्नु पर्ने कदम बारे संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## ५.२ वर्तमान अवस्था

### क. सम्भावना तथा अवसर

पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदी किनारा लगायत धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न मन्दिर गुम्बा तथा रमणीय तथा दर्शनीय क्षेत्रहरु कुल ६९ वटा रहेका छन्। यी क्षेत्रमा १ लाख ६८ हजार भन्दा बढी पर्यटकहरु आउने गर्दछन्। यस गाउँपालिकामा रहेका प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको कारकहरू हुन्। यस क्षेत्रमा कुल १ वटा होमस्टे, ५ वटा रिसोर्ट र १५ वटा होटल तथा खाजाघर र अन्य गरी कुल २१ वटा अथिति सेवा प्रदायक संरचना रहेका छन्। होटेल तथा होम स्टेमा गरी कुल कोठा संख्या ७० र बेड संख्या १४४ रहेको छ। विगतवर्षको आँकडाअनुसार यी होम स्टे र होटलमा कुल ९४२०० विदेशी तथा १५९५० स्वदेशी पर्यटक आएको देखिन्छ। धार्मिक तथा सांस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धित धार्मिक सम्पदा रहेको पाईन्छ। यस गाउँपालिकामा पहाडी आदिवासी/जनजातिको बाहुल्य रहेको छ।

### ख. समस्या तथा चूनौती

गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन। महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ। पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ।

मुलुकभर व्याप्त रहेका पश्चिमी संस्कृतिको प्रभावले यस क्षेत्रलाई समेत छोडेको छैन। परिणाम स्वरुप स्थानीय संस्कृति तथा भाषा लोप हुने अवस्थामा पुगेको छ। मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन। कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन। यातायात, सञ्चार, स्वास्थ्य सेवा, बैंक तथा वित्तीय सेवाको उपलब्धता, आतिथ्यता अनुकूलको सामाजिक जीवनले समेत भविष्यमा पर्यटकीय सेवा पूर्वाधारमा थप लगानीको सम्भावनाहरू छन्।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त पर्यटन तथा संस्कृतिसँग सम्बन्धित क्षेत्र अन्तर्गतको वस्तुस्थिति

विवरणको **अनुसूची १४** मा प्रस्तुत गरिएको छ ।

### ५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

गाउँपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बनधी स्थानीय तहको लागि उपलब्ध आर्थिक विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ ।

#### *५.३.१ सोच*

यस गाउँपालिकाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

- सेवा तथा क्षेत्रको विस्तार, विविधिकरण, स्वरोजगारी-रोजगारी सिर्जना, आयमा वृद्धि

#### *५.३.२ लक्ष्य*

यस गाउँपालिकाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने

#### *५.३.३ उद्देश्य*

गाउँपालिकाको सांस्कृतिक तथा पर्यटन विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु

२. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं पर्यटकीय सेवा सुविधाको स्तरवृद्धि गर्नु

#### *५.३.४ रणनीति तथा कार्यनीति*

योजनाको संस्कृति  तथा पर्यटन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका ७: सांस्कृतिक तथा पर्यटन विकासका लागि लिईने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु** | |
| १. पर्यटकीय स्थलको पहिचान नक्शाङ्कन, विकास र प्रवर्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ । |
| २. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने | १. स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, सांस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>४. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार  लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गरिनेछ । | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नु** | |
| ४. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने । | १. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>२. मातृभषाको जगेर्ना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>३. भाषिक साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गरिनेछ ।<br>४. संस्कार, संस्कृति  संरक्षणको लागि डकुमेन्ट्री बनाइने छ ।<br>५. सांस्कृतिक महोत्सवहरु नियमित रुपमा  आयोजना गरिनेछ । |

## ५.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### *५.४.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना*

आवधिक योजनाको संस्कृति  तथा पर्यटन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा कार्यान्वयन गरिनेछ। स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ***अनुसूची ४*** मा प्रस्तुत गरिएको छ । प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ८ : संस्कृति तथा पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७६/०७७ को अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोतको वार्षिक लक्ष्य (रकम हजारमा) | | | | | | प्रति एकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **पर्यटकीय पूर्वाधार, सेवा र सुविधा** | **उद्देश्य १** | | | | | | | | ५७००० | |
| १.१ भैरवीटार वृहत्तर तथा पर्यटन क्षेत्र विकास आयोजना | संख्या | ० | १ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| १.२ होमस्टे, क्षमता विकास र वित्तीय पहुँच अभिवृद्धि | स्थान | २ | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २५०० |
| १.३ सहभागितामूलक वस्ति सौन्दर्यीकरण कार्यक्रम (खुला क्षेत्र, सडक र पेटी, बगैंचा, फूलबिरुवा, घरको रंगरोगन लगायतका) | स्थान | ० | ५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५०० |
| १.४ होमस्टे सुविधा विस्तार (अतिथि सत्कार, पर्यटक सेवा सुविधा, सरसफाइ र पाक शिक्षा आदि) | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.५ होटलको क्षमता विस्तार र गुणस्तर अभिवृद्धि कार्यक्रम | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| १.६ पर्यटन पूर्वाधार, सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| **सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन** | **उद्देश्य २** | | | | | | | | ८००० | |
| २.१ सांस्कृतिक महोत्सव | पटक | १ | ५ | | ५०० | ५०० | ५०० | ५०० | २००० | ४०० |
| २.२ सम्पदा अध्ययन तथा वृतचित्र | वटा | ० | १ | ५०० | | ५०० | | ५०० | १५०० | १५०० |
| २.३ स्थानीय सम्पदा संरक्षण | वटा | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३७५ |
| २.४ संस्कृति सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| **कुल जम्मा** | | | | | | | | | ६५००० | |

### ***५.४.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण***

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरणको विवरण ***अनुसूची ५*** मा प्रस्तुत गरिएको छ ।

### ***५.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका***

यस गाउँपालिका क्षेत्रभित्र ५ वटा पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास तथा प्रवर्द्धन भएको हुनेछ । गाउँपालिकामा ५० भन्दा बढी युवा वर्ग पर्यटन व्यवसाय तथा गतिविधिमा तालिम लिई संलग्न भएका हुनेछन् । पर्यटन व्यवसाय तथा विकास कायबाट करिब १०० जनाले प्रत्यक्ष रोजगार पाएका हुनेछन् । यस गाउँपालिकामा वार्षिक १ लाख आन्तरिक तथा वाह्य पर्यटकहरुले भ्रमण गरेका हुनेछन् ।

गाउँपालिका क्षेत्रमा रहेका स्थानीय मौलिक कला, संस्कृति र सम्पदा बारे अध्ययन तथा अभिलेखन भएको हुनेछ । यस क्षेत्रमा संलग्न श्रष्टाहरुलाई प्रोत्साहन गरिनेछ । स्थानीय कला, भाषा, संस्कृति लगायतका सम्पदाहरुको संरक्षण पर्व, मेला, प्रदर्शनी, शैक्षिक तथा सामाजिक जागरिक मार्फत प्रवर्द्धन गरिएको हुनेछ । संस्कृति तथा पर्यटन क्षेत्रको नतिजा खाका ***अनुसूची ६*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद छ
# सामाजिक विकास योजना

## ६.१ पृष्ठभूमि

नागरिकको गुणस्तरीय जीवन, आत्मसम्मान तथा व्यक्तिको चौतर्फी विकासका लागि अनुकूल परिवेश तयार गरी सापेक्षिक उपलब्धी हासिल गर्नु सामाजिक विकास हो । सामाजिक विकास प्रत्येक नागरिकको हितसँग विकासको सफलतालाई जोडेर सकारात्मक उपलब्धीका लागि मानिसमा लगानी केन्द्रित गर्ने एक बहुआयामिक अवधारणा हो । यस क्षेत्रअन्तरगत शिक्षा, स्वास्थ्य तथा पोषणको प्रवर्द्धन, खानेपानी तथा सरसफाई सुबिधामा सहजता तथा गुणस्तरीयता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरु समेटिएका छन् ।

नेपालको संविधानले प्रस्तावनासहित मौलिक हक, राज्यको दायित्व, सिद्धान्त तथा नीतिमा सामाजिक विकासका समग्र क्षेत्रलाई आत्मसात गरेको छ । प्रस्तावनामा सामाजिक न्याय तथा समावेशीकरण र समतामूलक समाज निर्माणलाई उच्च महत्व दिएको छ । संविधानले मौलिक हकअन्तरगत आधारभुत स्वास्थ्य तथा पोषण, माध्यमिक तहसम्मको शिक्षा, मातृभाषमा शिक्षा, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गरेको छ । राज्य निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यअन्तरगत गुणस्तरीय शिक्षा, स्वस्थ तथा समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत मुल रुपमा समावेश गरिएको देखिन्छ ।

## ६.२ वर्तमान अवस्था

सामाजिक विकासको क्षेत्रमा संवैधानिक प्रावधानसहित कानूनी तथा नीतिगत व्यवस्था, नेपालले लिएको दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक योजना र स्थानीय सरकारका प्राथमिकतामा शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति संरक्षण, महिला, दलित, बालबालिका, सामाजिक सुरक्षा र छुवाछुत तथा विभेदको अन्त्य जस्ता सबालहरु विगत वर्ष देखि नै प्राथमिकतामा रहने गरेका छन् । समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने सवाल राष्ट्रिय एजेण्डाका रुपमा स्थापित भएको छ । गण्डकी प्रदेशको पहिलो आवधिक योजनाले सामाजिक विकासलाई विकासको प्रमुख लक्ष्यका रुपमा राख्दै उच्च प्राथमिकतामा राखेको छ ।

गण्डकी गाउँपालिका गण्डकी गाउँपालिका प्रमुख राष्ट्रिय राजमार्गसँगको शन्नीकटता, संघीय राजधानी काठमाण्डौंसँग निकटतम भौगोलिक दुरी तथा प्राकृतिक सम्पदाका कारण विकासको प्रचुर सम्भावना बोकेको क्षेत्रका रुपमा रहेको छ । उर्वर भूमि, नदीजन्य खनिज, दृष्यावलोकनका लागि मनोरम स्थल, जलयात्रा पर्यटनको व्यावसायिक अभ्यास, विद्युत, यातायात तथा सञ्चार सुबिधाको विस्तार, विद्युतीकरण, सरसफाई, स्वाथ्य तथा शिक्षा क्षेत्रमा अनेकौं सकारात्मक उपलब्धिहरु हासिल भएका छन् । आधारभूत शिक्षा तथा स्वास्थ्यमा सहज पहूँच स्थापित हुँदै गएको छ भने खानेपानी तथा सरसफाई र सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेख्य सुधार भएको छ । गण्डकी गाउँपालिकाको सामाजिक विकास क्षेत्रको विद्यमान अवस्थासहित सम्भावना तथा अवसर र समस्या तथा चुनौति पहिचान गरी देहायका उप-शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### *६.२.१ शिक्षा तथा सीप विकास*

**क. सम्भावना तथा अवसर**

संवैधानिक रुपमा व्यवस्था भए बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार व्यवहारिक रुपमा कार्यान्वयनमा आइसकेको छ । मातृभाषामा शिक्षा पाउने र आर्थिक तथा सामाजिक रुपमा नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने व्यवस्था रहेको छ । नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने रहेको छ । गण्डकी प्रदेशको पहिलो आवधिक योजनाले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ । गण्डकी गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षामा गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिएको छ । गाउँपालिकाले गुणस्तर सुधारका लागि लागि पूर्वाधार निर्माण तथा विस्तार, जनशक्ति व्यवस्थापन र विद्युतीय सूचना प्रविधिको विस्तार तथा उपयोगलाई प्राथमिकता दिएको छ । महाभुकम्प पश्चात विद्यालय पूर्वाधारमा उल्लेखनिय सुधार भएको छ ।

गाउँपालिकामा ५ वर्ष माथिको जनसंख्याको ८६.७५ प्रतिशत साक्षर रहेको छ । गण्डकी गाउँपालिका भित्र कुल ४४ सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । जसमध्ये ९ वटा माध्यमिक तहका र ३५ वटा आधारभूत तहका विद्यालयहरू रहेका छन् । सञ्चालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रको कुल संख्या ४६ रहेको छ । प्राविधिक शिक्षातर्फ तीन विद्यालयमा प्राविधिक धारको कक्षा सञ्चालनमा रहेको छ । उच्च शिक्षाका लागि अन्य क्षेत्रका क्याम्पसहरुमा निर्भर रहेका छन् । प्रारम्भिक बाल विकास केन्द्रमा सिकाईरत बालबालिका संख्या रहेको छ भने कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थी कुल संख्या ८०५३ रहेको छ ।

कुल ४४ विद्यालय मध्ये २ वटा माध्यमिक विद्यालयमा पुस्तकालय र सबै विद्यालयमा शौचालय र स्वच्छ खानेपानी सुविधा उपलब्ध रहेको छ भने कुनै पनि विद्यालयमा प्रयोगशाला रहेको छैन । विद्यालयका कुल १२८ भवनहरू मध्ये ७४ पक्की भवन र ५४ कच्ची भवन तथा ३६९ पक्की र १४९ वटा कच्ची कोठाहरू रहेका छन् । विद्यालयमा रहेका बेञ्चहरूको कुल क्षमता ६६१० रहेको छ । शिक्षकको कुल २३० स्वीकृत दरवन्दी भएकोमा २३० जना शिक्षक कार्यरत रहेका छन् । इन्टरनेट सुविधा १५ वटा विद्यालयमा रहेको छ । विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउने अभ्यास रहेको छ । वडा नं. ६ को चेपाङ स्कुलमा चेपाङ भाषा शिक्षाको व्यवस्थापनलाई निरन्तरता दिइएको छ ।

**ख. समस्या तथा चुनौति**

शैक्षिक क्षेत्रको विकासमा उपलब्धी हासिल भएता पनि गुणस्तरीय शिक्षाको क्षेत्रमा आशातित सुधार हुन सकेको छैन । सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी आशातित हुन सकेको छैन । प्राविधिक, प्रतिस्पर्धी र जीवन उपयोग शिक्षाको अवसरमा कमीका कारण शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायन व्यापक हुँदै गएको छ । जनशक्ति, सिकाई सामग्री, सिकाई बिधि तथा स्थानीय स्तरका विद्यालयको शैक्षिक गुणस्तर एकरुपता कायम हुन सकेको छैन । प्रारम्भिक बालविकास केन्द्रमा जनशक्ति, सरसफाई, कक्षा कोठा व्यवस्थापन, सिकाई सामग्री तथा पूर्वाधारको कमी रहेको छ । विद्यालय अनुगमन तथा मुल्यांकन प्रभावकारी हुन सकेको छैन । विद्यार्थी तथा शिक्षक नियमितता, नियमित मुल्याङ्कन प्रणाली, कोभिड महामारीका कारण कक्षा सञ्चालन तथा परिक्षा सञ्चालनमा कठिनाइ रहेको छ भने शैक्षिक गुणस्तरको मापदण्डमा अस्पष्टताका कारण शैक्षिक गुणस्तर कायम गर्न कठिनाइ भएको छ । प्राविधिक धार सञ्चालन भएका विद्यालयमा पूर्वाधार, शैक्षिक सामग्री र जनशक्तिको कमी रहेको छ । स्नातक तथा स्नातककोत्तर तहको शिक्षा हासिल गर्न स्थानीय स्तरमा शैक्षिक संस्थाको कमी रहेको छ ।

### *६.२.२ स्वास्थ्य तथा पोषण*

**क. सम्भावना तथा अवसर**

आधारभूत तहको स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध रहेको यस क्षेत्रमा संघीय राजधानी काठमाण्डौंमा उपलब्ध विशिष्टकृत स्वास्थ्य सेवामा निकटतम भौगोलिक दुरी तथा सडक यातायात सुविधाको कारण सहज पहुँच रहेको छ । गाउँपालिका क्षेत्रमा एक वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १५ वटा सामुदायिक स्वास्थ्य इकाई र २ वटा आयुर्वेद औषधालय गरी कुल २५ वटा स्वास्थ्य संस्था रहेका छन् । यी संस्थाहरूमा स्वास्थ्यकर्मीको स्वीकृत दरवन्दी कुल ४४ रहेकोमा ४७ जना कार्यरत रहेका छन् । सबै स्वास्थ्य संस्थामा परिवार नियोजन सेवा तथा खोप सेवा उपलब्ध रहेको छ । सबै स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षण र परामर्श सेवा उपलब्ध रहेको छ भने पोषण, सुरक्षित मातृत्व सेवा ६ वटा स्वास्थ्य संस्थामा मात्र रहेको छ । पोषण सेवा तथा फार्मेसी सेवा मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रमा मात्र उपलब्ध रहेको छ ।

स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति मध्ये १ जना सामान्य चिकित्सक, ६ जना हेल्थ असिस्टेन्ट, १ जना ल्याव टेक्निसियन, १९ जना अहेव, २३ जना अनमी, १ जना रेडियोग्राफी, १ कविराज, २ जना वैद्य निरिक्षक र कार्यालय सहयोगी ११ जना रहेको देखिन्छ । यस क्षेत्रमा ६ वटा वर्थिगं सेण्टर, १३ गाउँघर क्लिनिक र २७ खोप क्लिनिक रहेको देखिन्छ । आधारभुत तहको स्वास्थ्य सेवामा ४५ मिनेटभित्र पुग्न सकिने अवस्था रहेको छ । स्वास्थ्य संस्थाहरुमा आफ्नै भवन भएको ८ वटा र मापदण्डअनुसारको ५ वटा भवन रहको छ । सबै स्वास्थ्य संस्थामा खानेपानीको नियमित सुविधा तथा विद्युत सेवा र ७ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा उपलब्ध रहेको छ ।

गाउँपालिकाले स्वास्थ्य प्रयोगशाला सेवा विस्तार मार्फत दीर्घरोग जस्तै : मधुमेह, कलेजो, मृगौला आदी सँग सम्बन्धित समस्याहरु न्युनिकरण तथा उपचार गर्ने नीति लिएको छ । हाल स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु लाई आवश्यक पर्ने क्षमता विकास तालिमहरु, सामाग्रीहरु र संस्थागत क्षमता विकासका लागि टेलिभिजनको व्यवस्था गरी गुणस्तिरिय स्वास्थ्य सेवा प्रवाह र थप स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा विस्तार गर्ने नीति लिइएको छ । मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नति गर्न अग्रसर रहेको छ । यस क्षेत्रभित्र सञ्चालनमा रहेका एम्बुलेन्सको कुल संख्या वटा रहेको छ । स्थानीय स्वास्थ्य संस्थामा कुल ५६ प्रकारका औषधी निशुल्क उपलब्ध हुने गरेको छ ।स्वास्थ्य स्वयमसेविकाहरुको कुल संख्या ५४ जना रहेको छ ।

**ख. समस्या तथा चुनौति**

आधारभूत तहको स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुँदै गएता पनि विशेषज्ञ स्वास्थ्य सेवाका लागि अन्य क्षेत्रका स्वास्थ्य संस्थामा निर्भर हुन पर्ने देखिन्छ । कुल १८ वटा स्वास्थ्य संस्थामा मापदण्डअनुसारको पूर्वाधारको कमी रहेको छ । यस क्षेत्रका १६ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सुबिधाको कमी रहेको छ । स्वास्थ्य संस्थामा औजार तथा उपकरणलगायत जनशक्ति व्यवस्थापन तथा क्षमता विकासका अवसरको कमी रहेको छ । स्वास्थ्य संस्थाबाट वितरण हुने औषधीको नियमित उपलब्धता र व्यवस्थित भण्डारणको कमी रहेको छ । स्थानीय स्तरमा अस्पतालको स्थापना हुन सकेको छैन । सामाजिक चेतना तथा भौगोलिक विकटताका कारण स्वास्थ्य सेवा हासिल गर्न कठिनाइ रहेको छ । स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा नियमनमा कमी रहेको छ । स्वास्थ्य संस्थामा बालमैत्री तथा अपांग मैत्री शौचालयको कमी तथा गाउँघर क्लिनीक तथा खोप भवनको कमी रहेको छ । सार्वजिनक स्थलमा स्तनपान गृहको निर्माण भएको छैन । जनस्वास्थ्यलाई प्रभाबित गर्ने नसर्ने तथा दीर्घरोगमा वृद्धि हुँदै गएको छ । जंकफुड लगायत अस्वस्वथकर

खानपान तथा जीवन शैलीमा वृद्धि हुँदै गएको छ। सुर्तीजन्य पदार्थ र मदिराजन्य वस्तुको सेवन र स्वास्थ्यमा नकारात्मक प्रभाब पार्ने औषधी तथा विषाधीको कृषि क्षेत्रमा उपयोगका कारण जनस्वास्थ्य समस्या आउने गरेको छ। वैकल्पिक स्वास्थ्य पद्धतीका योग तथा आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ। कोभिड १९ लगायत महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ। गुणस्तरीय स्वास्थ्य सेवा सहज पहुँच तथा स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ।

### *६.२.३ खानेपानी तथा सरसफाई*

#### क. सम्भावना तथा अवसर

स्वच्छ खानेपानी तथा सरसफाई क्षेत्रको प्रवर्द्धनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको प्राथमिकता रहेको छ। नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुनिश्चितता रहेको छ। गण्डकी प्रदेशको पहिलो आवधिक योजनाले आधारभूत खानेपानीको पहुँच प्रदेशका सबै घरपरिवारमा पुऱ्याउने कुरालाई प्राथमिकतामा राखेको छ। यस गाउँपालिकामा पाइप धाराको पानी (आधारभूत तहको खानेपानी) उपभोग गर्ने घरधुरी संख्या ६१.५१ प्रतिशत रहेको छ। खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको यस गाउँपालिकाका कुल घरधुरीको ९७.८३ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको छ। गाउँपालिकाले एक घर एक धारा नीतिका साथ गण्डकी स्वच्छ सफा खानेपानीको नीति लिएको छ। खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समितिबाट हुने अभ्यास रहेको छ। सरसफाईसम्बन्धी जनचेतनामा अभिवृद्धिका जन्य आनिबानीमा सचेतना वृद्धि दैनिक व्यवहारमा सुधार हुँदै गएको छ।

#### ख. समस्या तथा चुनौति

स्वच्छ खानेपानी तथा सरसफाईमा सबैको पहुँच स्थापित गर्ने नीतिका साथ अगाडि बढेको यस गाउँपालिकाले यस क्षेत्रमा आशातित उपलब्धी हासिल गर्न सकेको छैन। खानेपानी तथा सरसफाईको क्षेत्रमा गरिएका अभ्यासहरु कोभिड १९ का कारण प्रभाबित भएका छन्। खानेपानीको स्वच्छता कायम गरी दिगो व्यवस्थापन गर्ने तथा व्यवस्थित सरसफाईका अभ्यास स्थापित हुन सकेको छैन। करिव ३६ प्रतिशत घरधुरीमा पाइप धारको खानेपानीमा पहुँचको कमी रहेको छ। गाउँपालिका क्षेत्रभित्र डम्पिग साइटको लागि उपयुक्त स्थलको छनौट तथा पूर्वाधार विकासको कमी रहेको छ। मानिसहरुको अधिक जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ। स्वच्छ खानेपानीमा पहुँच तथा खानेपानी आयोजनाको दिगोपनामा कमी रहेको छ। निजी घर तथा व्यवसायबाट उत्सर्जन हुने प्लास्टिक तथा सिसाजन्य फोहोर व्यवस्थापनमा कमी रहेको छ। स्थानीय बजार तथा बजारउन्मुख क्षेत्रमा सरसफाई पूर्वाधारको कमी रहेको छ। खानेपानी तथा सरसफाई क्षेत्रमा साझेदारी तथा सहकार्य मजवुद हुन सकेको छैन।

### *६.२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण*

#### क. सम्भावना तथा अवसर

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने कुरालाई राज्य निर्देशक सिद्धान्त तथा नीतिअन्तरगत समावेश गरेको छ। राष्ट्रिय एजेण्डाको रुपमा स्थापित समावेशीकरणको सबाल तीनै तहको सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा विशेष व्यवस्था गर्ने गरेको देखिन्छ। यस क्षेत्रअन्तरगत महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्धन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि तीन वटै तहका योजनाले प्राथमिकता दिएको देखिन्छ।

गण्डकी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरेको छ। गाउँ कार्यपालिका कार्यालयअन्तरगत महिला तथा बालबालिका शाखा स्थापना भइ समावेशी नीति तथा कानुन कार्यान्वयन हुँदै गएको छन् । गाउँपालिकाले आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको महिला, दलित, आदिवासी जनजाती, सिमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ । आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा रहेका छन्। सामाजिक कुप्रथाका रुपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैङ्गिक हिंसा मुक्त गाउँपालिका बनाउन कार्यक्रमहरु सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

यस क्षेत्रमा लक्षित वर्ग संजाल, बाल क्लव तथा महिला समूह कृयाशिल रहेका छन् । कुल २९ महिला समूहमा ७६० महिला आवद्ध रहेका छन् भने कृषक समूहमा ७६० जना र टोल विकास संस्थामा २७४३ महिला आवद्ध रहेको देखिन्छ। लक्षित वर्गका व्यक्तिले सीप हासिल गरी सञ्चालित व्यवसाय संख्या ४० रहेको छ। विद्यालय बालक्लब गठन तथा कृयाशिल भएका छन्। कुल २ वटा लक्षित वर्गको क्षेत्रमा कृयाशिल गैससहरु रहेका छन् । सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता वृद्धि हुँदै गएको छ । लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएका छन् ।

### ख. समस्या तथा चुनौति

नीतिगत तथा व्यवहारिक तहबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा थुप्रै परिवर्तन हुँदै आएको भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको प्रभाबशाली उपस्थिति रहेको छैन। लक्षित वर्ग सञ्जाल अन्तरगत दलित संजाल, बालबालिका संजाल, अपागं संजाल, जेष्ठ नागरिक सञ्जाल, आदिवासी जनजाति गरी ५ वटा वर्गका सञ्जाल गठन तथा परिचालन प्रभावकारी हुन सकेको छैन। चेपाङ लगायत आर्थिक सामाजिक रुपमा पछाडी परहेको वर्ग तथा समुदायको मुलप्रबाहिकरणमा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । सामाजिक अभ्यास तथा परम्पराका कारण महिला हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना वार्षिक रुपमा ८ वटा रहेका छन्। लक्षित वर्गको लागि तर्जुमा गरिएका कार्यक्रमहरुको प्रतिफल न्यून हुने गरेको छ । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ । पिछडिएको वर्गमा कानून तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ। लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसरमा कमी रहेको छ।

## *६.२.५ युवा तथा खेलकूद*

### क. सम्भावना तथा अवसर

युवा सहभागिताको प्रवर्द्धनलाई संवैधानिक रुपमा आत्मसात गरिएको छ । संविधानको राज्य निर्देशक नीतिअन्तरगत राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई समावेश गरिएको छ। वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्नेलगायत खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ। गण्डकी प्रदेशको पहिलो आवधिक योजनाले युवाहरूको लागि उत्पादनमूलक व्यावसायिक तथा प्राविधिक तालिम दिने तथा युवाहरूलाई उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने कुरालाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाले एक स्थानीय तह एक खेलकुद पूर्वाधार संरचना निर्माण र एक वडा एक खेलकुद मैदानको अवधारणा अगाडी बढाएको देखिन्छ। व्यावसायिक

सिप सिकेका, वैदेशिक रोजगारीवाट फर्किएका श्रम शक्तिहरुको तथ्याङ्क सङ्कलन गरी व्यवसाय सञ्चालनको लागि युवा लक्षित अनुदान कार्यक्रम सञ्चालन गर्ने र वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई आत्मनिर्भर वनाउन तथा स्वदेशमै केही गर्ने अभिलाषा पालेका युवाहरुलाई विभिन्न आयमुलक तालिमहरुको व्यवस्था गर्ने नीति लिएको छ । राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना हुने गरेको यस क्षेत्रमा कुल २५ वटा खेल मैदान रहेका छन् । व्यावसायिक रुपमा खेलमा संलग्न खेलाडी संख्या २ रहेको छ । कुल ७ वटा युवा क्लव कृयाशिल रहेको यस क्षेत्रमा युवा क्लवमा आवद्ध युवा संख्या १७५ रहेको छ ।

### ख. समस्या तथा चुनौति

तीन वटै सरकारका तर्फबाट युवा ससक्तिकरण, स्वरोजगारी तथा आत्मनिर्भरताका लागि कार्यक्रमहरु सञ्चालनमा भएता पनि युवा बेरोजगारी तथा युवा पलायनको प्रवृति व्यापक रहेको छ । युवाका लागि महसुस हुने गरी विश्वासनिय र मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ । स्थानीयस्तरमा गुणस्तरीय खेल मैदान, प्रशिक्षण, खेल सामग्रीको तथा व्यावसायिक खेलका अवसरमा कमी रहेको छ । सफल युवालाई प्रोत्साहनमा कमी रहेको छ भने कृषि तथा उद्योग क्षेत्रमा युवा आकर्षण न्यून रहेको छ । खेलकुदको नियमित प्रतियोगिताको सञ्चालन हुन सकेको छैन । युवा क्लव तथा युवा अभियानको दिगोपनाको कमी रहेको छ । राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून रहेको छ । युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारीतामा कमी रहेको छ ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त सामाजिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतको गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १५** मा प्रस्तुत गरिएको छ ।

## ६.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सामाजिक विकास क्षेत्र अन्तरगतका शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुदलगायत उपक्षेत्र समेतलाई लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ ।

### *६.३.१ सोच*

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- सुसंस्कृत, आरोग्यशाली र समावेशी गाउँपालिका

### *६.३.२ लक्ष्य*

गण्डकी गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने

### *६.३.३ उद्देश्य*

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- गुणस्तरीय, जीवनउपयोगी तथा प्राविधिक शिक्षाका अवसर तयार गर्नु,
- गुणस्तरीय स्वास्थ्य सेवा विस्तार तथा पोषणमा दिगो सुधार गर्नु,
- स्वच्छ खानेपानी तथा सरसफाईमा सबै नागरिकको पहुँच कायम गर्नु,
- लक्षित वर्गको क्षमता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु, र

- युवा वर्गको सृजनशिल क्षमता तथा व्यावसायिकता अभिवृद्धि गर्नु,

### *६.३.४ रणनीति तथा कार्यनीति*

दीर्घकालीन सोचतर्फ उन्मुख भई गाउँपालिकाको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न तीन वटै तहका सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्यको अभिवृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ। यस योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ।

*तालिका ९ : सामाजिक विकासका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : गुणस्तरीय, जीवनउपयोगी तथा प्राविधिक शिक्षाका अवसर तयार गर्नु** | |
| १. गुणस्तरीय विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच स्थापित गर्न नीतिगत तथा व्यवहारिक सुधार गर्ने। | १.१ शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत सुधार गरिनेछ।<br>१.२ शिक्षाको गुणस्तरमा सुधार गर्न शिक्षा क्षेत्रमा लगानीमा वृद्धि गरिनेछ।<br>१.३ अन्तर सरकार सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना गरिनेछ।<br>१.४ दुर्गम तथा छरिएको बस्तीका विद्यालयलाई नमुना आवासीय विद्यालयका रुपमा रुपान्तरण गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>१.५ विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्रको भवन, बसाई व्यवस्थापन, सिकाई सामग्री, शौचालय, खानेपानी, खेल मैदानलाई बालमैत्री तथा अपाङ्गमैत्री संरचना आधारभूत मापदण्डबमोजिम तयार गरिनेछ।<br>१.६ विद्यालयमा विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै लगिनेछ।<br>१.७ शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ता आवश्यक पदपुर्ति, क्षमता विकास तथा प्रोत्साहनलाई प्रभावकारी गरिनेछ।<br>१.८ आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाई प्रकृया यथोचित उपयोगलाई प्रभावकारी गरिनेछ।<br>१.९ गुणस्तरीय शिक्षाको मापदण्ड सुनिश्चितताका लागि (Quality Assurance Scheme) तयार गरी लागु गरिनेछ।<br>१.१० सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा सञ्चालन तथा विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारको लागि पृष्ठपोषण र सहजीकरण गरिनेछ।<br>१.११ सीमान्तकृत अल्पसंख्यक चेपाङ/प्रजा समुदाय सहित आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको समुदायका बालबालिकालाई माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ। |
| २. विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगिता वृद्धि गर्न आवश्यक | २.१ माध्यमिक तह कृषि, पशु तथा इन्जिनियरिङ धारको प्राविधिक विषयमा कक्षा सञ्चालन एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ।<br>२.२ प्राविधिक विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामग्रीको यथोचित व्यवस्था गरिनेछ।<br>२.३ स्थानीय पाठ्क्रमलाई जीवनउपयोगी विषयवस्तुहरु समेटी तयार गरिनेछ।<br>२.४ विद्यालयमा नर्सरी, च्याउ खेती, फलफूल, पुष्प खेती, तरकारी खेती, जडिबुटी र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै र प्रयोगात्मक अभ्यासको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| आधारहरु तयार गर्ने । | २.५ स्थानीय कृषि विकासका लागि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफुल तथा तरकारी खेती, माछापालन र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गरिनेछ ।<br>२.६ नियमित रुपमा अतिरिक्त क्रियाकलाप कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२.७ विपद व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामाग्री वितरण गरिनेछ ।<br>२.८ समाजका सफल उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा सिल्पीहरुसँग साप्ताहिक कार्यक्रमअन्तरगत अन्तरकृया तथा सीप हस्तान्तरणका अवसर उपलब्ध गराइनेछ । |
| ३. सिकाइ तथा व्यवस्थापन कार्यलाई विद्युतीय सूचना प्रविधिसँग आवद्ध गराइ शैक्षिक उपलब्धीमा गुणात्मक सुधार ल्याउने । | ३.१ विद्युत तथा भरपर्दो इन्टरनेट सुविधालाई सबै विद्यालयमा पुर्याइ सिकाईमा एप तथा मल्टिमिडियाको उपयोगको वातावरण मिलाइनेछ ।<br>३.२ मोवाइल एप तथा विद्युतीय हाजिरीको उपयोग गरी सूचना प्रवाह, सिकाई अनुगमन तथा मूल्याङ्कन र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>३.३ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ ।<br>३.४ माध्यमिक विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग (ICT) ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गरिनेछ । |
| ४. विद्यालयको संस्थागत तथा संरचनागत सुधार गर्ने । | ४.१ शैक्षिक क्यालेण्डर, स्थानीय पाठ्यक्रम तथा विद्यालय सुधार योजना तयारी र कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।<br>४.२ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावक संघको गठनलाई नियमित गरी विद्यालयमा शैक्षिक व्यवस्थापनको वातावरण तयार गरिनेछ ।<br>४.३ शिक्षक, विद्यार्थी तथा अविभावक अन्तरकृयालाई नियमित गराइनेछ ।<br>४.४ बालक्लब गठन तथा सृजनात्मक गतिविधिमा संलग्नता अभिवृद्धि गरिनेछ ।<br>४.५ माध्यमिक विद्यालयहरुमा सवारी साधनको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।<br>४.६ विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय आउने वातावरण तयार गर्न प्रोत्साहन तथा नियमनको वातावरण तयार गरिनेछ ।<br>४.७ प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गरिनेछ ।<br>४.८ जनसंख्यालाई ध्यानमा राखेर मापदण्डका आधारमा थप विद्यालय खोल्ने र विद्यार्थी संख्या न्यून भएका विद्यालयहरु गाभिनेछ । |
| ५. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ तथा मातृभाषा शिक्षाको व्यवस्था गर्ने । | ५.१ औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नवसाक्षर, विभिन्न व्यवसायकर्मी, बीचैमा विद्यालय छाडेका युवा, अनुकूल समयमा सिक्न चाहने व्यक्ति, फरक सिकाइ आवश्यकता र रुचि भएका व्यक्तिलगायतका बहुलक्षित समूहका नागरिकलाई मागमा आधारित प्रविधि तथा वित्तीय साक्षरता जस्ता शिक्षा प्याकेज सञ्चालन तथा प्रमाणीकरणका लागि उपयुक्त प्रणालीको व्यवस्था गरिनेछ ।<br>५.२ वैकल्पिक शिक्षा तथा समावेशी शिक्षाको लागि शिक्षक, शैक्षिक सामाग्री, प्रशिक्षण, अनुगमन र मूल्याकंनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.३ विद्यालयहरुमा अपांगतामैत्री भौतिक संरचना, ह्विल चियर लगायत सहयोगी सामाग्रीको व्यवस्था गरिनेछ ।<br>५.४ निरक्षरता उन्मुलन गर्न अनौपचारिक शिक्षा उपलब्ध हासिल गर्ने अवसर तयार गरी नतिजामूखी गराइनेछ ।<br>५.५ चेपाङ/प्रजा समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षाको अध्ययनलाई सुनिश्चित गरिनेछ ।<br>५.६ मातृभाषा शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न आवश्यकताअनुसार मदरसा लगायत चेपाङ, गुरुङ, मगर भाषामा कक्षा सञ्चालन गर्न पहल गरिनेछ । |
| ६. उच्च शिक्षामा पहुँच कायम गर्न क्याम्पस स्थापना, सञ्चालन र शैक्षिकस्तरमा गुणात्मक सुधार गर्ने । | ६.१ स्थानीय स्तरमा स्नातक तहको शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन संम्बन्धन, जनशक्ति तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।<br>६.२ स्नातक तहमा कक्षा सञ्चालन भएका क्याम्पसलाई स्थानीय आवश्यकताका आधारमा स्नातकोत्तर तहको कक्षा सञ्चालनमा आवश्यक पहल गरिनेछ ।<br>६.३ गाउँपालिकाभित्र प्राविधिक धारको विशिष्ट कलेज स्थापनाका लागि विश्वविद्यालयसँग आवश्यक समन्वय तथा निजी क्षेत्रलाई प्रोत्साहनका अतिरिक्त प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।<br>६.४ प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने जेहन्दार तथा विपन्न विद्यार्थीलाई गाउँपालिकाबाट सहयोगको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ : गुणस्तरीय स्वास्थ्य सेवा विस्तार तथा पोषणमा दिगो सुधार गर्नु** | |
| १. आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तर सुनिश्चित गर्ने । | १.१ स्वास्थ्य संस्थामा आवश्यक पूर्वाधार, औजार तथा उपकरण, औषधी र स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।<br>१.२ ल्याव सेवा, अल्ट्रा साउण्ड सेवा र एम्वुलेन्सलगायत स्वास्थ्य संस्थाबाट हुने सेवाहरु थप गर्दै लगिनेछ ।<br>१.३ विद्यालयहरुमा किशोरकिशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन र विद्यालयमा सेनिटरी प्याडको उपलब्धता सहज गराइनेछ ।<br>१.४ सुरक्षित महिनावारी कार्यक्रम सञ्चालन गराइनेछ ।<br>१.५ जनसमुदायमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन बारे सचेतना कार्यक्रम सञ्चलन गरिनेछ ।<br>१.६ जटिल तथा खर्चिला रोगको उपचार तथा गरिवीको रेखामुनी रहेका घरपरिवारको उपचारमा सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।<br>१.७ योग तथा आयुर्वेद सेवा विस्तार गरी स्थानीय जडिवुटिमा आधारित स्वास्थ्य सेवा तथा उपचारलाई प्रभावकारी बनाइनेछ ।<br>१.८ कोभिड १९ लगायतका महामारीबाट बच्न मापदण्ड तयारी तथा जनचेतना अभिवृद्धि र कोभिड १९ विरुद्धको खोपलाई यथासम्भव छरितो र सहज रुपमा हासिल गर्न समन्वयात्मक भूमिका खेलिने छ । |
| २. उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्धता तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने । | २.१ प्रास्वाकेलाई अस्पतालमा स्तरोन्नती गरी उच्चस्तरीय सेवा प्रवाहलाई छरितो, व्यवस्थित तथा प्रभावकारी गराइनेछ ।<br>२.२ विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ ।<br>२.३ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य इकाइको विस्तार गरी आवश्यक दरवन्दी थप गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ स्वास्थ्यसम्बन्धी पूर्वाधारहरु महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकमैत्री रुपमा निर्माण गरिनेछ ।<br>२.५ वार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मीहरु लाई पुरस्कृत तथा स्वास्थ्यकर्मीहरुलाई नियमित तालिम तथा अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुबिधा उपलब्ध गराइनेछ । |
| ३. स्वास्थ्य संस्थाको पूर्वाधार, सामग्री र उपकरणको व्यवस्था गर्ने । | ३.१ स्वास्थ्य संस्थामा मापदण्डअनुसारको भवन, शौचालय, खानेपानी सुविधा, तारवार निर्माण तथा भौतिक सुविधाहरु थप गर्दै लगिनेछ ।<br>३.२ स्वास्थ्य संस्थामा खानेपानी, प्रतिक्षालय र शौचालयको उचित व्यवस्थापन गरिनेछ ।<br>३.३ स्वास्थ्य सम्बन्धी पूर्वाधारहरु महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकमैत्री रुपमा निर्माण गरिनेछ ।<br>३.४ स्वास्थ्य सेवालाई सहज तथा प्रभावकारी गराउन सामाजिक सञ्जाल तथा मोवाइल एपको उपयोगलाई विस्तार गरिनेछ ।<br>३.५ स्वास्थ्य संस्थामा आवश्यक उपकरण तथा औजारको पर्याप्त व्यवस्थापन गरिनेछ । |
| ४. दिगो पोषण तथा स्वस्थ जीवनशैलीको अभिवृद्धि गर्दै पोषण सेवा सुदृढ गर्ने । | ४.१ स्थानीयस्तरमा उपलब्ध खानाबाट सन्तुलित पोषण प्राप्त गर्न गर्न विद्यालय तथा समुदायस्तरमा जनचेतना अभिवृद्धिका लागि असल खानपान सम्बन्धी मार्गदर्शन (Food Based Dietary Guideline) लगायत पोषण सम्बन्धी अभियानात्मक गतिविधि सञ्चालन गरिनेछ ।<br>४.२ विपन्न वर्गका पाँच वर्ष मुनिका बालबालिकालाई कुपोषणको शिकार हुनबाट जोगाउन कुपोषणरहित टोल/वडा सुनिश्चित अभियान तथा सुनौलो हजार दिन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>४.३ पाँच वर्ष मुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्यांकन गरी सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४.४ योग, खेलकुद र शारीरिक व्यायामसमेत समावेश गरी जनस्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.५ पोषण तथा नवजात शिशुको अत्यावश्यक स्याहारबारे जनचेतना अभिवृद्धि गरिनेछ।<br>४.६ अन्य सूचनामूलक सामाग्रीहरु स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयंसेविका मार्फत समुदाय र घरपरिवारस्तरमा वितरणको व्यवस्था गरिनेछ ।<br>४.७ बालभिटाको उपभोगमा दरमा वृद्धि गर्न आवश्यक सहजीकरण गरिनेछ ।<br>४.८ स्वास्थ्यकर्मी लगायत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मातृ, शिशु तथा बाल्यकालीन पोषण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । |
| ५. जनस्वास्थ्य प्रवर्द्धनका लागि समुदायस्तर सम्मको संरचनालाई प्रभावकारी गराउने । | ५.१ महिला/आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र सुविधामा सुधार गरी सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>५.२ स्वास्थ्य क्षेत्रमा सहकार्य गरी रहेको गैससलाई जनस्वास्थ्य क्षेत्रको प्रवर्द्धनमा परिचालन गरिनेछ ।<br>५.३ स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरी सबै नागरिकलाई समेटेन अभियान रुपमा सञ्चालन गरिनेछ ।<br>५.४ जनस्वास्थ्यको अवस्था सुधारका लागि स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.५ बालबालिका, अशक्त, र जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच घर घर मै पुग्ने गरी स्वास्थ्य घुम्ति सेवाको प्रवन्ध गरिनेछ ।<br>५.६ महामारी, जनस्वास्थ्य तथा पोषणमा नागरिकस्तरको स्वयंम सेवी भूमिकालाई प्रभाबकारी गराउन टोलस्तरमा जनस्वास्थ्य समूह गठन र परिचालन गरिनेछ । |
| **उद्देश्य ३ः लक्षित वर्गको क्षमता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु** | |
| १. आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गको समावेशीकरणको माध्यमबाट मूलप्रवाहीकरण गर्ने । | १.१ महिला, अपाङ्गता भएका, दलित, आदिवासी तथा जनजाति र पछाडी परेको वर्गका लागि आयआर्जनका अवसर वृद्धि गर्न तुलनात्मक लाभका क्षेत्रमा उद्यमशिलता तथा सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>१.२ आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गको अधिकारको सम्बन्धमा सचेत तथा जानकार तुल्याउनका लागि क्षमता अभिवृद्धिका अवसर सृजना गरिनेछ ।<br>१.३ उच्च मूल्यका कृषि उपजलगायत स्थानीय कच्चा पदार्थमा आधारित वस्तु र सेवा उत्पादन गर्ने व्यवसाय सञ्चालन गर्न लक्षित वर्गलाई ज्ञान, सीप, प्रविधि र प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.४ विपन्न तथा आर्थिक सामाजिक रुपले पिछडिएको वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोग तयारी कक्षामा सहभागिताका अवसर सृजना गरिनेछ ।<br>१.५ महिला समूह, बाल क्लव, टोल विकास संस्था र महिला समूहलाई स्थानीय कानून बमोजिम दर्ता गराई सामाजिक सुधारमा क्रियाशिल गराइनेछ । |
| २. नीति तथा निर्णय प्रक्रियामा लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्ने । | २.१ सबै खाले योजना तर्जुमा, निर्णय प्रक्रिया र स्थानीय संरचनामा समावेशी नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.२ स्थानीय संयन्त्रः उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, युवा क्लव, स्थानीय विपद व्यवस्थापन समिति लगायत वडा तथा विषयगत समिति तथा संरचनालाई समावेशी बनाइनेछ ।<br>२.३ बालबालिका, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जाति, दलित, अति विपन्न तथा जोखिममा रहेका वर्गको पालिका तथा वडास्तरीय संजाल/समिति गठन गरी क्रियाशिल बनाइने छ ।<br>२.४ लक्षित वर्गका अगुवा तथा संजालका पदाधीकारीलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारकासम्बन्धमा तालिम सञ्चालन गरिनेछ ।<br>२.५ लक्षित वर्ग सञ्जालका पदाधिकारीहरुको अधिकार, जिम्मेवारी तथा कार्यदिशा सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ । |
| ३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यवहारिक प्रयत्न प्रभावकारी गराउने । | ३.१ छुवाछुतको लुप्त प्रवृतिलाई धर्म गुरु सहितको सर्वपक्षिय सभा आयोजना गरी छुवाछुतमुक्त गाउँपालिकाको व्यवहारिक कार्यान्वयन गरिनेछ ।<br>३.२ सामाजिक कुप्रथाका रुपमा रहेका बालविवाह, वोक्सी, छुवाछुत, दाइजो प्रथा जस्ता अमानविय व्यवहारलाई निरुत्साहित गर्न नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३.३ समाजमा हुने अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक प्रतिका दुर्व्यवहार र हिंसालाई सचेतना, निगरानी तथा न्यायीक उपचारको माध्यमबाट न्यूनीकरण गर्दै लगिनेछ ।<br>३.४ लैगिक तथा घरेलु हिंसा अन्त्यका लागि महिला समूह, महिला स्वास्थ्य स्वयंसेविका र निगरानी समूहको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।<br>३.५ यौन हिंसा तथा यौनजन्य अपराधहरु रोक्न समुदाय तथा किशोरी केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.६ सामाजिक सुधारका लागि युवा क्लब, बाल क्लव, टोल विकास संस्था, र आमा समूहरुमार्फत सचेतना अभियान सञ्चालन गरिनेछ ।<br>३.७ लैगिक उत्तरदायी बजेट विनियोजन पद्दतीलाई संस्थागत गरिनेछ ।<br>३.८ बालप्रतिभा प्रस्फुटन गराउने खालका कार्यक्रमहरु विद्यालय भित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाईनेछ ।<br>३.९ अपाङ्गता भएका व्यक्तिलगायत पिछडिएको वर्गका इच्छुक व्यक्तिलाई सीप, अवसर र सहायक सामग्री वितरण गरी व्यावसायिक बनाइनेछ ।<br>३.१० हिंसा पिडित महिला तथा बालबालिकाहरूका लागि सञ्चालित सुरक्षित आवास गृह निर्माण गरिनेछ ।<br>३.११ ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सहयोग, खानपिन र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरी उत्तरार्धको जीवनयापनलाई सहज गराइनेछ ।<br>३.१२ जातिय विभेदको न्यूनीकरण र व्यवहारिक रुपमा अन्त्य गर्न जातिय विभेद निगरानी समूह परिचालन गरिनेछ । |
| ४. स्थानीय पूर्वाधारलाई अपांगमैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री तथा महिलामैत्री गराउने । | ४.१ सार्वजनिक धारा, शौचालय, सडक भवनलगायतका भौतिक पूर्वाधार निर्माणलाई यथासक्य बाल, अपांग, जेष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ।<br>४.२ धेरै आवत जावत हुने सार्वजनिक स्थलमा स्तनपान गृह निर्माण गरिनेछ ।<br>४.३ सार्वजनिक यातायात, सार्वजनिक शौचालय तथा मेला जात्रालाई महिला, अपांग, असक्त र जेष्ठ नागरिक मैत्री बनाउन व्यवहारिक तथा नीतिगत प्रयत्न गरिनेछ ।<br>४.४ ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन तथा विस्तार गरिनेछ । |
| ५. लक्षित वर्गको सशक्तीकरण तथा हित रक्षाका लागि समुदायिक परिचालनलाई प्रभावकारी गराउने । | ५.१ टोल विकास संस्था, महिला समूह, युवा क्लब, बालक्लब, महिला, दलित, अपांगता भएका व्यक्तिसँग सम्बन्धित अधिकारमुखी समूह र संजाल मार्फत समुदाय परिचालनको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.२ समुदाय परिचालन मार्फत दलित, एकल महिला, ज्येष्ठ नागरिक र पछाडी परेको समुदायको अधिकार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.३ सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वसुलभ र सेवाग्राहीमैत्री बनाउन जानकारी तथा सहजीकरण गरिनेछ ।<br>५.४ सामुदायिक परिचालनका लागि गाउँपालिका स्तरमा क्रियाशिल विकास साझेदार संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । |
| **उद्देश्य ५: युवा वर्गको सृजनशिल क्षमता तथा व्यावसायिकता अभिवृद्धि गर्नु** | |
| १. निर्णय निर्माण तहमा युवा सहभागिता अभिवृद्धि गर्ने र युवा वर्गमा स्वरोजगारी तथा व्यावसायिक भावनाको विकास गर्ने । | १.१ राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता अभिवृद्धि गर्न युवा अभिमुखिकरण तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ बेरोजगारहरु युवाको सूची तथा व्यक्तिगत विवरण तयार गरी रोजगारीका अवसर सृजना गर्न सीप विकासका अवसर उपलब्ध गराइ उनीहरुको चाहाना, क्षमता र योग्यता तथा बजारको मागअनुसारको रोजगारी सृजना गरिनेछ ।<br>१.३ कृषि, उद्योग, निर्माण, मर्मत, व्यापार, पर्यटन तथा यातायात क्षेत्रमा लाग्न आवश्यक तालिम तथा अवसरहरु प्रदान गरी युवा व्यावसायिकताको प्रवर्द्धन गरिनेछ ।<br>१.४ टोल विकास समितिमा युवालाई प्रमुख भूमिका प्रदान गरी विकास कार्य सञ्चालन, नीति निर्माण, योजना तर्जुमा, सहजिकरण, अनुगमन मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.६ युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.७ युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>१.८ रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| २. युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | २.१ सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्र र प्रदेशको गौरव बढाउन योगदन दिई युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२.२ युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइनेछ ।<br>२.३ युवा समूह, युवा क्लब तथा संजाललाई सामाजिक तथा आर्थिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ ।<br>२.४ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरुका अनुभव स्थानीय युवाहरु माझ आदान प्रदान गरी सत्मार्गमा अभिप्रेरित गरिनेछ ।<br>२.५ युवा क्लब, समूह र संघ/संस्था मार्फत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.६ युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ ।<br>२.७ लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरुमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ । |
| ३. खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नता बढाउने । | ३.१ खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.२ गाउँपालिकास्तरमा रंगशाला र एक वडा एक खेल मैदानसहित सहायक पूर्वाधारको विस्तार गरिनेछ ।<br>३.३ खेलाडीहरुमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी खेलकुद प्रशिक्षण तथा खेल सामग्रीको नियमित रुपमा व्यवस्था गरिनेछ ।<br>३.४ अन्तर स्थानीय तह र पालिकास्तरमा खेलकुद प्रतियोगिता बार्षिक रुपमा सञ्चालन गरिनेछ ।<br>३.५ खेलकुद सामग्री युवा क्लव तथा विद्यालय मार्फत व्यवस्थापन गरिनेछ ।<br>३.६ स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सृजना गरिनेछ । |

## ६.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### *६.४.१ प्रमुख कार्यक्रम तथा आयोजना*

आवधिक योजनाले तय गरेको नतिजा हासिल गर्न गाउँपालिकाको आफ्नै स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा सामाजिक विकास योजनाको कार्यान्वयन गरिनेछ। स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ***अनुसूची ७*** मा प्रस्तुत गरिएको छ। प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १० : सामाजिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

*रकम रु. हजारमा*

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१. शिक्षा तथा सीप विकास** | | | | | | | | | ५०७००० | |
| १.१ विद्यालय भवन निर्माण कार्यक्रम | कोठा | १२० | १९८ | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० | २२२२ |
| १.२ विद्यालय पूर्वाधार स्तरोन्नती कार्यक्रम | पटक | १ | ५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | २०००० |
| १.३ आवासिय विद्यालय सञ्चालन | संख्या | १ | २ | २००० | १५०० | १५०० | १५०० | १५०० | ८००० | ८००० |
| १.४ विद्यालय संरचनागत सुधार कार्यक्रम | पटक | १ | ५ | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० | ८००० |
| १.५ प्रारम्भिक बाल विकास कार्यक्रम | पटक | १ | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० |
| १.६ शिक्षण सिकाईमा सूचना प्रविधि विस्तार कार्यक्रम | पटक | ० | ५ | ३००० | ५०० | ५०० | ५०० | ५०० | ५००० | १००० |
| १.७ नमुना विद्यालय कार्यक्रम | संख्या | १ | २ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५००० |
| १.८ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | १ | ५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | १८०० |
| १.९ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० |
| १.१० व्यवहारिक तथा जीवनउपयोगी शिक्षा कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.११ प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१२ उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.१३ विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | ५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | १५००० |
| १.१४ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| १.१५ सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| १.१६ साक्षरोत्तर कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१७ शिक्षा शाखा व्यवस्थापन | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १.१८ नियमित कार्यक्रम | पटक | १ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० |
| **२. स्वास्थ्य तथा पोषण** | | | | | | | | | २२८५०० | |
| २.१ १५ शैयाको अस्पताल तथा स्वास्थ्य पूर्वाधार कार्यक्रम | पटक | १ | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | ३०००० |
| २.२ आरोग्यता प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ६००० |
| २.२ आकस्मिक स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० |
| २.३ पोषण सुधार कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.४ स्वास्थ्य संरचना सुदृढिकरण कार्यक्रम | संख्या | १ | २३ | १००० | १००० | १००० | १००० | १००० | ५००० | २१७ |
| २.५ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| २.६ पोषण तथा जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.७ विशेष स्वास्थ्य सेवा कार्यक्रम | पटक | ० | ५ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | १४०० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| २.८ मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | १ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० |
| २.९ स्तन तथा पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग कार्यक्रम | स्थान | ० | ६ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| २.१० स्वस्थ आचरण प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० |
| २.११ स्वास्थ्य विमा प्रवर्द्धन | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.१२ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| **३. खानेपानी तथा सरसफाई** | | | | | | | | | **१२६२५०** | |
| ३.१ एक घर एक धारा कार्यक्रम | घरधुरी संख्या | ३५५० | २२२१ | १३००० | १३००० | १३००० | १३००० | १३००० | ७०००० | १३००० |
| ३.२ खानेपानी आयोजना मर्मत | आयोजना | २५ | ६२ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४०००० | ८०० |
| ३.३ खानेपानी गुणस्तर परिक्षण तथा सुधार | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| ३.४ सरसफाई सचेतना कार्यक्रम | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५० |
| ३.५ फोहोर व्यवस्थापन | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ३.६ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५००० | १०० |
| **४. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण** | | | | | | | | | **३७५००** | |
| ४.१ महिला स्वरोजगार प्रवर्द्धन कार्यक्रम | जना | १ | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७०० |
| ४.२ दलित स्वरोजगारी कार्यक्रम | जना | ० | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| ४.३ आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | पटक | ० | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७०० |
| ४.४ अपांग स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २००० |
| ४.५ लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४.६ सामाजिक विभेद तथा कुप्रथा निरुपण कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४.७ असहाय उद्दार कोष स्थापना | संख्या | ० | १ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| ४.८ जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | संख्या | ० | ८ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| ४.१० बालमैत्री गाउँपालिका | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ४.११ लक्षित वर्ग सञ्जाल सशक्तिकरण तथा परिचालन | पटक | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| ४.१२ महिला तथा बालबालिका शाखा व्यवस्थापन | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ४.१३ नियमित कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| **५. युवा तथा खेलकुद** | | | | | | | | | **४५५००** | |
| ५.१. युवा स्वरोजगार कार्यक्रम | जना | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| ५.२ एक वडा एक खेल मैदान कार्यक्रम | संख्या | ० | ८ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ५.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ५.५ युवा उत्प्रेरणा कार्यक्रम | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| ५.६ प्रतिभावान युवा प्रोत्साहन | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| ५.७ सालबसाली कार्यक्रम | पटक | १ | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| **सामाजिक विकासको कुल जम्मा** | | | | | | | | | ९४४७५० | |

### *६.४.२ आयोजना तथा कार्यक्रमको सांकेतिकरण विवरण*

आयोजना तथा कार्यक्रमहरुलाई वस्तुपरक रुपमा लेखाजोखा गरी स्थानीय दीर्घकालीन लक्ष्य/रणनीतिक स्तम्भ संकेत, दिगो विकास लक्ष्य संकेत, दिगो राष्ट्रिय लक्ष्य संकेत, प्रदेश समृद्धि संकेत, लैंससास संकेत र जलवायु परिवर्तत अनुकूलन संकेतकमा प्राप्त अंकभारलाई ***अनुसूची ८*** मा प्रस्तुत गरिएको छ ।

### *६.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका*

गुणस्तरीय माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच स्थापित भएको हुनेछ। स्थानीय स्तरमा प्राविधिक तथा उच्च शिक्षाका अवसरमा सहज पहुँच भएको हुनेछ। सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा उल्लेखनिय सुधार भएका हुनेछ। आधारभूत तहको स्वास्थ्य सेवा गुणस्तरीय रुपमा उपलब्ध भएको हुनेछ भने पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी क्षेत्रको रुपमा घोषणा कार्यान्वयन भएको हुनेछ । बालबालिकामा हुने जटिल खालको कुपोषण रहेका बालवालिका संख्या शुन्य भएको हुनेछ । अल्ट्रासाउण्ड तथा ल्याव सेवासहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच औषत आधा घण्टाभन्दा कम र अस्पतालसम्मको पहुँच औषत १ घण्टा भन्दा कम समयमा हासिल गर्न सकिने अवस्था तयार भएको हुनेछ ।

आधारभूत तहको खानेपानीमा सबै घरपरिवारको पहुँच स्थापित भएको हुनेछ । सबै घरपरिवारमा स्वच्छ शौचालयको उपयोग र बढी आवत जावत हुने क्षेत्रमा सार्वजिक स्थलमा सार्वजनिक शौचालयको उपयोग भई पूर्ण सरसफाईका आधारहरु तयार भएको हुनेछ। कुहिने तथा नकुहिने फोहोर वर्गिकरण र व्यवस्थापनको अभ्यास हरेक घरमा भएको हुनेछ छ । फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि उपयुक्त स्थानको छनौट गरी फोहोर व्यवस्थापन केन्द्रको निर्माण तथा सञ्चालन भएको हुनेछ ।

आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको निर्णय निर्माण प्रकृयामा समावेशी नीतिअनुसारको सहभागिता सुनिश्चित भएको हुनेछ। स्थानीय स्तरमा लक्षित वर्गले सञ्चालन गरेको उद्योग तथा व्यवसायको संख्या १०५० हुनेछ । स्वरोजगारमूलक तालिम प्राप्त गर्ने महिला, दलित तथा अपांगता भएका व्यक्तिको जनसंख्या क्रमशः ११५०, ५६० र ३० र भएको हुनेछ । राष्ट्रिय तथा प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी संख्या १० जना भएको हुनेछ। युवाद्धारा सञ्चालित उद्योगको ३०० भएको हुनेछ। सामाजिक विकास क्षेत्रको नतिजा खाका ***अनुसूची ९*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद सात
# पूर्वाधार विकास योजना

## ७.१. पृष्ठभूमि

आर्थिक, सामाजिक सेवा तथा सुविधा प्रवाहमा पूर्वाधार क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले सेवाग्राही जनसंख्याको अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार, सेवा सुविधामा पहुँच र उपभोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । भौतिक पूर्वाधार तथा संरचनाको दिगो विकास र विस्तारबाट लाभ लिन पूर्वाधारको गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरुलाई बढोत्तरी गर्ने र नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरु अपनाउनु पर्दछ । स्थानीय स्तरमा विकासको प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास उपलब्धिको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तराष्ट्रिय प्रतिवद्धताको रुपमा प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा गर्ने, सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयनको जरुरत रहन्छ ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ । गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ७.२. विद्यमान अवस्था, सम्भावना तथा समस्या

### ७.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास

#### क. सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट आवास, सडक, पूल निर्माण तथा विद्युतीकरण जस्ता पूर्वाधारका संरचना निर्माण भएका छन् । गाउँपालिकामा भवन निर्माण आचारसंहिता तयार भई कार्यान्यवनमा रहेको छ । यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ । भवन नक्शापास र अभिलेखीकरणको प्रक्रिया शुरु भएको (हालसम्म ३ वटा नयाँ भवनको नक्शा पास भएको र २७ वटा निजी आवासीय भवनको अभिलेखीकरण भएको) छ । कूल घरधुरी मध्ये ८४ प्रतिशतले नेपाल सरकारबाट अनुदान पाई भूकम्प प्रतिरोधी घर निर्माण सम्पन्न भएका छन् । गाउँपालिकाको मकैसिं हटिया, बुट्टार, घ्यालचोक र सिउरेनीटारमा बजार केन्द्र विकासको लागि उपयुक्त स्थान उपलब्ध रहेको छ ।

राष्ट्रिय भूउपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको बिचमा ग्रीन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका गर्न जरुरी देखिएको छ । यसको आधारमा भूउपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका

कार्यहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ । गाउँपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्ने आवश्यकता देखिएको छ ।

यस गाउँपालिकामा बस्ती तथा शहरी विकास भईरहेका क्षेत्रहरुः बुट्टार, गोर्दी, रानीस्वारा, वन्टार, आग्राडाँडा, लुगुना, सिउरेनीटार, घ्याभिनटार, माझटार, चुर्लिङटार, आमडाँडा र खस्टार र ज्यामिरेघाट रहेका छन् । गाउँपालिकाको ८ वटा वडाहरुमा ३० स्थानमा गरी करिब २०० रोपनी सार्वजनिक खुल्ला जमीन उपलब्ध रहेको छ। गाउँपालिकाको ८ वडा कार्यालयहरु मध्ये वडा नम्बर ६ र ८ मा भवन निर्माणका लागि डिजाइन इष्टिमेट र बजेट विनियोजना भएको छ भने अन्य वडा कार्यालयहरु आफ्नै भवनमा सञ्चालनमा रहेका छन् र गाउँ कार्यपालिकाको एकीकृत सेवा सहितको कार्यपालिका भवन निर्माण तत्काल गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको १६ स्थानमा खुद्रा बजार र वडा नम्बर ३, ६ र ७ मा गरी ८ वटा स्थानमा कृषि संकलन केन्द्र रहेका छन् । उल्लेखित बजारहरुमा सडक, बिजुली र खानेपानीका पूर्वाधार उपलब्ध छन् । यस गाउँपालिकाभित्र रहेका कुल ४४ विद्यालय मध्ये २ वटा माध्यमिक विद्यालयमा पुस्तकालय र सबै विद्यालयमा आधारभूत स्तरको शौचालय र स्वच्छ खानेपानी सुविधा उपलब्ध रहेको छ भने अधिकांश विद्यालयहरुमा प्रयोगशाला उपलब्ध रहेको छैन। विद्यालयहरुका कुल १२८ भवनहरु मध्ये ७४ पक्की र ५४ कच्ची भवनहरु रहेका छन् । गाउँपालिका क्षेत्रमा एक वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, एउटा स्वास्थ्य सेवा केन्द्र, १६ वटा सामुदायिक स्वास्थ्य केन्द्र र २ वटा आयुर्वेद औषधालय गरी कुल २५ वटा स्वास्थ्य संस्था रहेका छन् । सार्वजनिक तथा सामुदायिक भवनका रुपमा कुल ५२ वटा भवनहरू रहेका छन् । यस्ता भवनहरूबाट ११,३०० जनसंख्या लाभान्वित हुने गरेका छन् ।

यस गाउँपालिकामा बसोबास गर्ने कूल घरपरिवार मध्ये ९१.६ प्रतिशत निजी आवास, ६.६ प्रतिशत (अर्थात ४७५) भाडामा र ५९ घरपरिवार संस्थागत घरमा बसोबास गरेको देखिन्छ । गाउँपालिकामा बसोबास गर्ने कुल ५७७१ घरपरिवार मध्ये छाना अनुसार ५०.२२ प्रतिशत टायल तथा ढुङ्गाको, ३७.४३ प्रतिशत जस्ताको, १२.१८ प्रतिशत आरसिसि ढलान र ०.१७ प्रतिशत खरका रहेको देखिन्छ । कुल घरपरिवारमा मध्ये ९१.६ प्रतिशतको परिवार आफ्नै घर भएको ६.६ प्रतिशत (अर्थात ४७५) भाडामा र ५९ घरपरिवार संस्थागत घरमा बसोबास गरिहेको प्रोफाइलमा प्रस्तुत तथ्याङ्कले देखाएको छ ।

गाउँपालिकामा रहेका ७० वटा सरकारी र सार्वजनिक भवन रहेको र सो मध्ये ५० प्रतिशत भवन भुकम्प प्रतिरोधी र मापदण्ड अनुसार निर्माण भएको अभिलेखबाट देखिन्छ । यस गाउँपालिका क्षेत्र भित्र विभिन्न १९ स्थानमा शबदाहस्थल, चिहान तथा कब्रस्तान रहेका छन् ।

पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदी तथा बुढीगण्डकी नदी किनारा लगायत धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न मन्दिर गुम्बा तथा रमणीय तथा दर्शनीय क्षेत्रहरू कुल ६९ वटा रहेका छन् । जसमध्ये भैरवी मन्दिर, महादेव थान, भैरवी टार, भुल्मिचोक, मकैसिङ, सिमखन डाँडा, आमडाँडा र घ्याल्चोकमा पार्क निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

### ख. समस्या तथा चूनौति

गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण समेत भूउपयोग योजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चूनौति थपिएको छ । संघीय राजधानी समिप र देशकै महत्वपूर्ण राष्ट्रिय राजमार्गसँगै जोडिएको भएता कृषि विकास र व्यवसयिक क्षेत्रको रुपमा विकास तर्फ लम्कदै गरेको यस गाउँपालिका क्षेत्रमा भवनसंहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका निजी, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको यकिन गरी सो अनुसार नियमन हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन ।

गाउँपालिकाको प्राय सबै क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजार, अन्य पूर्वाधार र सूविधाको कमी रहेको छ। राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । गाउँपालिका क्षेत्रका जोखिमयुक्त स्थानमा बसोवास गर्ने कुल घरधुरी संख्या ४५२ रहेको छ । यस क्षेत्रमा पहिरो जोखिममा ३६६ नदी कटानको जोखिममा ७ घरधुरी अति भिरालोको जोखिममा १७ घरधुरी र बाढीको जोखिममा ६२ घरधुरी रहेका छन् । ग्रामीण बस्तीहरुमा छरिएका घरहरु रहेकोले कुनै विपदको अवस्थामा व्यवस्थापन गर्न कठिनाई रहन्छ । गाउँपालिका कुल क्षेत्रफलको १६.८७ प्रतिशत भूभाग जंगलले ओगटेको छ र केही बस्तीहरुमा मानव वन्यजन्तु द्वन्द्वको समेत जोखिम रहेको छ।

गाउँपालिकाको बजार तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन गाउँपालिकामा कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, पर्यटकीय, मनोरञ्जन तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ । गाउँपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामग्रीको कमी रहेको देखिन्छ । यस क्षेत्रमा भुकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी संख्या ८४ प्रतिशत रहेको छ । गाउँपालिकामा बसोबास गर्ने कुल ५,७७१ घरपरिवार मध्ये ८४ प्रतिशत घरपरिवार सुरक्षित र बाँकी १६ प्रतिशत घरपरिवार असुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

### ७.२.२ पुल तथा यातायात

#### क. सम्भावना तथा अवसर

नेपालको राष्ट्रिय राजमार्ग पृथ्वी राजमार्ग नजिक अवस्थित यस गाउँपालिकाको सडक सञ्जालको स्थिति हेर्दा पक्की सडक ३.५ कि.मि. निर्माणाधिन, ढलान ७५ मि., ग्राभेल सडक ३५ कि.मि. र कच्ची सडक २२८ कि.मि. समेत कुल २६४ कि.मि. सडक रहेको देखिन्छ । यस गाउँपालिकामा कुल १६ वटा पैदलमार्ग रहेका छन् जस्को कुल लम्बाई ४६ कि.मि. रहेको छ । गाउँपालिकामा मुख्य सडकको रुपमाः धादिङ्ग, चितवन र गोरखा जोड्ने मकैसिं बजार, ठुटीपिपल वडा नं. २ कार्यालय, याङदी वडा नं. ३ को कार्यालय, वडा नं. ४ जोड्दै कौदी, रानीस्वारा दलभञ्ज्याङ्ग हुदै गाउँपालिका कार्यालय जोड्ने सडक, फिस्लिङ आग्रीडाँडा, विजौरे गाउँपालिकाको कार्यालय भैरवीडाँडा सडक, पृथ्वी लोकमार्ग सिउरेनीटार वडा नं. ८ को कार्यालय हुँदै वडा नं. ७ को कार्यालय, चुर्लिङ, चिप्लेटी, भञ्ज्याङ हुँदै गाउँपालिका कार्यालय सडक, दर्वुङफाँट, ठूलो दर्बुङ (वडा नं. ५ को कार्यालय) रानीस्वारा सडक लगायत २० वटा सडक समेत करिब २७५ कि.मि. कच्ची सडक निर्माण भएको छ । सिउरेनीटार-फिस्लिङ्ग-बुटार हुदै आबुखैरेनी सम्म पुग्ने सडक खण्ड पृथ्वी लोकमार्गको वैकल्पिक सडकको रुपमा विकास गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको ८ वडाहरु मध्ये १ वडा मात्र पक्की सडकको सञ्जालमा जोडिएको र बाँकी ७ वडाहरु १२ हैं महिना सञ्चालन हुने सडक सञ्जालमा जोडिएका छन् । यस गाउँपालिकामा २ वटा एम्बुलेन्स सञ्चालनमा रहेका छन् ।

यस गाउँपालिकाको बेनीघाटमा एउटा पक्की पुल सञ्चालनमा रहेको छ । फिस्लिङ्ग र बुटारमा पक्की पुल निर्माण अन्तिम चरणमा रहेका छन् भने चरौदी धवादीमा नयाँ पक्की पुल बन्ने क्रममा रहेको छ । गाउँपालिका क्षेत्रभित्र १७ वटा भोलुङ्गे पुल सञ्चालन भईरहेका छन् । त्यस्तै यातायातको पहुँचका लागि विभिन्न क्षेत्र जस्तैः पौवा, आमडाँडा, हटिया, बतासे, भुल्मिचोक, मकैसिङ पोखरी, घ्याल्चोक, सिउरेनीटार, दर्वुङ्ग र गैरीगाउँमा बसपार्क निर्माण गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकाले सडकको चौडाई र मापदण्डको आधारमा ३ वर्गमा ग्रामीण सडकलाई वर्गीकरण गरी सडकको क्षेत्राधिकार निर्धारण गरेको छ । जस अनुसार सडकको चौडाई १२, ८ र ६ मिटर कायम गरिएको छ ।

गाउँपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरु जोड्ने प्रमुख सडकहरु जोड्दा चक्रपथ निर्माण हुने सम्भावना देखिएको छ । यस गाँउपालिका संघीय राजधानी काठमाडौबाट ८० कि.मी. र पृथ्वी राजमार्ग नजिकै रहेको छ । गण्डकी प्रदेश राजधानी पोखरा लगायत दमौली, भरतपुर, आबुखौरेनी जस्ता देशका विकसित शहर नजिकको अन्तरआवद्धता रहेको छ ।

**ख. समस्या तथा चूनौति**

गाउँपालिका सबै वडा तथा वस्तीहरु सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । संघिय सरकार, प्रदेश र गाउँपालिकाले सडकको मापदण्ड लागू हुन नसक्दा धेरैजसो सडकहरु साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन ।

सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँ बायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण वृक्षारोपण गरी संरक्षण र सुन्दरता कायम गर्न नसकेको देखिन्छ । गाउँपालिकाको विभिन्न स्थानमा सडकहरुको रेखाङ्कन, नक्शाङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको तथा सडकको स्तरोन्नति भई यातायात सुचारु हुन सकेको छैन ।

गाउँपालिकाको सबै वस्तीहरु अझै सडक सञ्जालमा जोडिन सकेका छैनन् । निर्माणाधिन सडकहरुको स्तरोन्नति गरी पक्की तथा ग्राभेल भैनसकेको र आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था हुन सकेको छैन । सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ । सडक निर्माणसँगै आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन ।

### ७.२.३ विद्युत तथा वैकल्पिक उर्जा

**क. सम्भावना तथा अवसर**

यस गाउँपालिकाको ८ वटै वडामा विद्युत सेवा उपलब्ध रहेको छ । बत्ती बाल्नको लागि ९९ प्रतिशत घरपरिवारले बिजुली बत्तीको प्रयोग गर्ने गरेको देखिन्छ । कूल ५७७१ घरपरिवार मध्ये ७२ प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्यास, करिब २ प्रतिशतले बायोग्यासको प्रयोग गर्ने गरेको देखिन्छ । अझ पनि २५.९४ प्रतिशत घरपरिवार इन्धनको रुपमा दाउरा र ०.३९ प्रतिशतले मट्टिलतेलको प्रयोग गर्ने गरेका छन् । सरकारी कार्यालय र करिब ३ प्रतिशत घरपरिवारमा बत्ती बाल्नको लागि सोलारको प्रयोग गर्ने गरेको देखिन्छ । यस क्षेत्रमा त्रिशुली तथा बुढी गण्डकी लगायतका दर्जनौं बार्है महिना बहने नदी तथा खोलानाला रहेका छन् जुन विद्युत उत्पादनमा महत्वपूर्ण रुपमा रहेका छन् । यस गाउँपालिकामा पर्ने जलाशययुक्त बुढी गण्डकी (१२०० मेघावाट) र सुपर त्रिशुली (१०० मेघावाट) जल विद्युत आयोजना निर्माण हुने क्रममा छन् । यिनीहरुको निर्माण तथा सञ्चालनबाट यस गाउँपालिको मुहार नै फेरिने सम्भावना रहेको छ ।

**ख. समस्या र चूनौति**

यस गाउँपालिकामा अझै पनि २६ प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत, वायोग्यास, तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकाको केही छरिएका वस्तीहरुमा विद्युत लाईन पुग्ने नसकेको, पुगेको स्थाहरुम समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ ।

गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ ।

### ७.२.४ सूचना, संचार र प्रविधि

#### क. सम्भावना तथा अवसर

गाउँपालिकाको लगभग सबै क्षेत्र मोबाइल टेलिफोन र ८ वटा वडा कार्यालय, १० वटा माद्यामिक विद्यालय र ७ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको पहुँच रहेको देखिन्छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ९१ प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको देखिन्छ । गाउँपालिकामा बसोबास गर्ने कुल घरपरिवार मध्ये ५६.०२ प्रतिशतसँग टेलिभिजन, ३१.१३ प्रतिशतले रेडियो, २.५५ प्रतिशतसँग कम्प्युटर र २.४३ कम्प्युटरमा आधारित इन्टरनेट सेवाको प्रतिशत पहुँच उपलब्ध रहेको देखिन्छ । गाउँपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बडाउनुको साथै अन्य सूचना तथा संचारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् ।

गाउँपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । गाउँपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

#### ख. समस्या र चूनौति

गाउँपालिका केही घरपरिवारका सदस्यहरुसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने करिब ९० प्रतिशत घरपरिवारमा कम्प्युटर तथा इन्टरनेटको पहुँच नभएको देखिन्छ । कतिपय बस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ । गाउँपालिका क्षेत्रभित्र सवै विद्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रहरुम इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन । हालसम्म गाउँपालिकामा ल्याण्डलाइन टेलिफोन र केबल प्रणालीमा आधारित इन्टरनेट र टेलिफोनको व्यवस्था हुन सकेको छैन । गाउँपालिकामा एफ.एम रेडियो स्टेशन र सञ्चारका साधनको विस्तार हुन सकेको छैन ।

### ७.२.५ पूर्वाधार विकास क्षेत्रको अवसर

यस गाँउपालिका संघीय राजधानी काठमाडौबाट ८० कि.मी. र पृथ्वी राजमार्ग नजिकै रहेको छ । गण्डकी प्रदेश राजधानी पोखरा लगायत दमौली, भरतपुर, आबुखैरेनी र मलेखु जस्ता देशका नमूना शहर नजिकको अन्तरआवद्धता रहेको छ । गोरखा जिल्लाको सदरमुकामको समिपमा अवस्थित यस गाउँपालिकालाई देशकै कृषि, पर्यटकीय, औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । आवधिक विकास योजना तर्जुमा कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरुको स्थिति विश्लेषण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतको गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १६** मा प्रस्तुत गरिएको छ ।

## ७.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको आवास, बस्ती, भवन तथा शहरी विकास, सडक तथा यातायात, विद्युत र वैकल्पिक उर्जा, सूचना तथा संचार प्रविधि लगागत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास सम्बन्धी अधिकार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### ७.३.१ सोच

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- योजनावद्ध, व्यवस्थित, वातावरणमैत्री पूर्वाधारयुक्त, व्यावसायिक कृषि तथा पर्यटकीय गाउँ

### ७.३.२ लक्ष्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने

### ७.३.३ उद्देश्य

गाउँपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- व्यवस्थित आवास, बजार तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु,
- सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,
- विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु, र
- विद्युतीय सुशासन, सूचना तथा सेवाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु ।

### ७.३.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका ११ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १ : व्यवस्थित आवास, बजार तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु** | |
| १. पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने । | १.१ गाउँपालिकाबाट रु. ५ लाख भन्दा कम लागतका आयोजना सञ्चालनमा निरुत्साहित गरिनेछ र रु. ५ लाख भन्दा बढी लागतका सबै आयोजनामा योजनाको खाताको प्रयोगलाई अनिवार्य गरिनेछ ।<br>१.२ आयोजना स्थलहरुमा आयोजना सम्बन्धी जानकारी सहितको सूचना पाटी लगायत आयोजना सम्बन्धमा अनुसन्धानमा आधारित भई सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई व्यवहारिक परिमाणमुखी बनाइनेछ ।<br>१.३ पूर्वाधार विकास कार्यमा कानुनी व्यवस्था अनुसार वातावरणीय अध्ययन गरी वातावरण व्यवस्थापन कार्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>१.४ गाउँपालिकामा भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागू गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।<br>१.७ गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी आयोजनामा अधिकतम जनसहभागिता प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ राष्ट्रिय भवन संहिता २०७२ प्रभावकारी रुपमा कार्यान्वय गर्न इन्जिनियर, सब इन्जिनियर, कन्सल्टेण्ट र निर्माण कार्यमा संलग्न दक्ष कामदारहरुलाई सो |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्बन्धी तालिम प्रदान गरी प्रमाणपत्र दिने र प्रमाण पत्र प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरुबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.६ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको गर्ने व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ ।<br>१.७ रु. १५ लाख भन्दा बढी लागतका आयोजनाहरु टेण्डरबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । |
| २. वडा कार्यालयलाई सेवा प्रवाह केन्द्र/एकाईको रुपमा विकास गर्ने । | २.१ वडा कार्यालयमा विषय शाखा र कर्मचारीको व्यवस्था गरी विषयगत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.२ सबै वडा कार्यालयहरुमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट प्रमुख विषय क्षेत्रको सेवा सुचारु गरिनेछ ।<br>२.३ मापदण्ड अनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा महिलामैत्री रुपमा निर्माण र सञ्चालन गरिनेछ । |
| ३. गाउँपालिकाको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गर्ने । | ३.१ भुउपयोग क्षेत्र निर्धारणको विस्तृत सर्वेक्षण र नक्शाकंन गरिनेछ ।<br>३.२ भूउपयोग क्षेत्रहरुको विचमा ग्रिनवेल्टको विकास गरिनेछ ।<br>३.३ कृषि क्षेत्रको चक्लाबन्दी गरी स्तरोन्नति गरिनेछ ।<br>३.४ गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक तथा पर्ती जग्गाहरुको पहिचान, नक्शाकंन र अभिलेख तयार गरी पार्क, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ ।<br>३.५ गाउँपालिका क्षेत्रमा नापी नक्शा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ ।<br>३.७ योजनाबद्ध रुपमा जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र वस्ती विकास सुरक्षित र व्यवस्थित बनाइनेछ । |
| ४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | ३.१ सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना अद्यावधिक गरी सडक निर्माण र सञ्चालन गर्ने<br>३.२ भू-उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक तथा अन्य पूर्वाधार विस्तार, विकास र स्तरोन्नति गरिनेछ ।<br>३.३ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न भवन बिभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ भूउपयोग क्षेत्र अनुसार निर्धारण गरिएको कृषि क्षेत्रलाई वेचविखन र प्लटिङ लगायत जग्गा विकास लागि उपयोग गर्ने जग्गाको वेचविखनमा रोक लगाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>३.५ सडक तथा टोल/बस्तीमा प्रतिक्षालय वा चौतारो निर्माण कार्य सञ्चालन गरिनेछ । |
| ५. गाउँपालिकाको शहर एवं बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने । | ३.१ भूबनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण, भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित बस्ती विकासको आधार तयार गरिनेछ ।<br>३.२ औद्योगिक ग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ ।<br>३.३ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरुको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरिनेछ ।<br>३.५ बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने । | १.१ सबै वडाको केन्द्र, बजार क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रहरुलाई पक्की सडकको विकास गरी नियमित मर्मत संभारको व्यवस्था गरिनेछ।<br>१.२ गाउँपालिकाको सडक सञ्जाल नपुगेको र स्तरोन्नत सडक नपुगेका स्थानहरुमा सडकको पहुँच पुऱ्याउन सडक विस्तार र स्तरोन्नति गरिनेछ।<br>१.३ यातायात गुरुयोजना, मापदण्ड अनुसार रेखाङ्कन, नक्शाङ्कन तथा नामाकरण गरी सडक क्षेत्र निर्धारण, सडक निर्माण र नियमित मर्मतसंभारको व्यवस्था गरिनेछ।<br>१.४ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामाग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामाग्रीहरु राख्नेलाई कानून अनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ ।<br>१.५ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थल, सवारी साधन सेवा केन्द्र समेत सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ । |
| २. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने । | २.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ यातायात गुरुयोजनाको नियमित रुपमा अद्यावधिक गरी सोको प्राथमिकता अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.४ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरु र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.५ सडक मापदण्ड लागू हुनु भन्दा अघि बनेका र रहेका संरचनाहरु हटाउन सरोकारवालासँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ ।<br>२.६ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरुको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.७ गाउँपालिका क्षेत्र भित्रको मूल तथा सहायक सडकहरुको दायाँ बायाँ दुबै तर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरतामा अभिवृद्धि गरिनेछ । |
| ३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र विपद प्रतिरोधी सडक तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्ने । | ३.१ गाउँपालिकाका रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, सोलिङ र पिच⁄ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.२ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ ।<br>३.३ वातावरणीय अध्ययन पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>३.४ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.५ सडकको वर्गीकरण, नामाकरण र मापदण्ड अनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ । |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,** | |
| १. विद्युत लाइन तथा क्षमता वृद्धि गर्ने । | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.२ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.३ नेपाल विद्युत प्राविधिकरणसँग समन्वय र साझेदारी गरी विद्युत क्षमता (voltage) कम भएको कारण विद्युत अवरोध हुने स्थानहरुमा विद्युतको क्षमता विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग वृद्धि गर्ने । | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत, सोलार र एलपिग्यास उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ ।<br>२.४ नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ४: विद्युतीय सुशासन, सूचना तथा सेवाको उपभोगमा वृद्धि गर्नु,** | |
| १. विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने । | १.१ गाउँपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरिनेछ ।<br>१.२ गाउँपालिकामा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रुपमा स्थानीय तथ्याङ्को व्यवस्थापन गरिनेछ ।<br>१.३ प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना संकलन, विश्लेषण संस्थागत गरी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ । |
| २. गाउँबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, प्रकोप लगायतका विषयसँग सम्बन्धित सेवा तथा सुविधामा पहुँच अभिबृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने । | २.१ गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ।<br>२.३ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ।<br>२.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>२.४ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.५ टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग निकायसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.६ स्थानीय संचार माध्यकसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाई, कृषि, उद्यम विकास र विपद व्यवस्थापन लगायतका विषय क्षेत्रमा जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने । | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ।<br>३.२ मोबाइल एप्स्, एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र संचार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>३.३ गाउँपालिकाको मुखपत्रको रुपमा गण्डकी विकास बुलेटिन अर्धवार्षिक प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.४ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धी, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.६ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ । |

### ७.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

#### ७.४.१ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार सञ्चालन गरिने पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ***अनुसूची १०*** मा प्रस्तुत गरिएको छ । प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १२ : पूर्वाधार विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

*रकम रु. हजारमा*

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (२०७६/७७) को अवस्था | योजनाको कुल लक्ष्य | लक्ष्य रकम | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१. आवास, बस्ती र शहरी विकास** | | | | | | | | | ६४१५०० | |
| १.१ स्थानीय बसपार्क तथा पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | ० | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० |
| १.२ फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्थान | ० | ८ | २००० | २००० | २००० | २००० | १००० | ९००० | २००० |
| १.३ विषयगत सेवा सहितको वडा कार्यालय भवन निर्माण | संख्या | ६ | २ | १५००० | १५००० | | | | ३०००० | १५००० |
| १.४ एकीकृत सेवा सहित कार्यपालिका कार्यालय प्रशासकीय भवन निर्माण | संख्या | ० | १ | ४०००० | ४०००० | | | | ८०००० | ८०००० |
| १.५ आधारभूत पूर्वाधार (सडक नाला, सार्वजनिक शौचालय, संकलन केन्द्र) सहित बजार विकास र व्यवस्थापन | संख्या | ० | ३ | ६००० | ६००० | ६००० | ५००० | २००० | २५००० | १०००० |
| १.६ उत्थानशील निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी सीप विकास तालिम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १.७ असुरक्षित बस्तीहरुको संरक्षणको लागि रिटेनिङ वाल, ग्याबिन वाल तथा बाँध निर्माण | मिटर | ० | १००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५० |
| १.८ ग्रीन पार्क, उद्यान र पिकनिक स्थल निर्माण तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम ( आधारभूत) | स्थान | ० | ५ | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० | ६०००० |
| १.९ नमूना वस्ती विकास कार्यक्रम (जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण) | संख्या | ० | ९ | २०००० | २०००० | २०००० | २०००० | १०००० | ९०००० | १०००० |
| १.१० ल्याण्डफिल साइट निर्माण | संख्या | ० | १ | - | - | १०००० | १०००० | १०००० | ३०००० | ३०००० |
| **२. सडक, पुल र यातायात** | | | | | | | | | २२८५००० | |
| २.१ पक्की सडक निर्माण | कि.मि | १ | ५० | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० | २५००० |
| २.२ सहायक संरचना समेत सडक ग्राभेल तथा स्तरोन्नति | कि.मि. | ३५ | १३५ | १६२००० | १६२००० | १६२००० | १६२००० | १६२००० | ८१०००० | ६००० |

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (२०७६/७७) को अवस्था | योजनाको कुल लक्ष्य | लक्ष्य रकम | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| २.३ सडक पक्की पूल निर्माण | संख्या | २ | ५ | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | २२५००० | १५००० |
| **३. विद्युत तथा बैकल्पिक उर्जा** | | | | | | | | | **११९५००** | |
| ३.१ सडक बत्ती जडान र विस्तार | संख्या | ५० | ५५० | २००० | २००० | २००० | २००० | २००० | ५०००० | १०० |
| ३.२ विद्युत पोल तथा लाइन विस्तार र मर्मत संभार | संख्या | - | २५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ४० |
| ३.३ वैकल्पिक उर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | संख्या | ४२७१ | ५०० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०० |
| ३.४ कार्यालय, स्वास्थ्य संस्था र विद्यालय पावर व्याकअप प्रणाली जडान | संख्या | २० | ७६ | १९०० | १९०० | १९०० | १९०० | १९०० | ९५०० | १२५ |
| **४. सूचना तथा संचार प्रविधि** | | | | | | | | | **१६५८०** | |
| ४.१ इन्टरनेट क्षमता विस्तार | पटक | १४ | ७६ | ४५६ | ४५६ | ४५६ | ४५६ | ४५६ | २२८० | ३० |
| ४.२ सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली र उपकरण व्यवस्थापन | पटक | ३ | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५०० |
| ४.३ वस्तुस्थिति विवरण र गण्डकी विकास बुलेटिन प्रकाशन र प्रसारण | त्रैमासिक | ० | २१ | ५०० | ४०० | ४०० | ४०० | ४०० | २१०० | १०० |
| ४.४ सिसिटिभि, डिजिटल स्प्ले वोर्ड, नेट वर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | १ | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५० |
| ४.५ स्थानीय मिडिया परिचालन कार्यक्रम | पटक | ५ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ४.६ जनप्रतिनिधि सेवाग्राही अन्तर सम्वाद कार्यक्रम | पटक | ० | ६० | २४० | २४० | २४० | २४० | २४० | १२०० | २० |
| ४.७ स्थानीय एफएम रेडियो स्टेशन र कार्यक्रम प्रवर्द्धन कार्यक्रम | पटक | ० | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| **पूर्वाधार क्षेत्र जम्मा** | | | | | | | | | **३०४७५८०** | |

### ७.४.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तभ्म, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरण ***अनुसूची ११*** मा प्रस्तुत गरिएको छ ।

### ७.४.३ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

गाउँपालिकाको प्रत्येक वडामा योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ । योजना अवधिमा कम्तिमा तीन वटा बजार केन्द्रहरु आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा नमूनाको रुपमा विकास गरिएका हुनेछन् । वडाका प्रमुख १५ वस्तीहरुमा एक पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ । गाउँपालिका ४० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि आवासमा बसोबास गरेका हुनेछन् ।

गाउँपालिकाको सबै वडा केन्द्रहरु १२ हैं महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिएका हुनेछन् । कालोपत्रे वा पक्की सडकमा ६० प्रतिशत जनसंख्याको पहुँच पुगेको हुनेछ । गाउँपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ३० मिनेट सयममा गाउँपालिका केन्द्र र १५ मिनेट समयमा बडा केन्द्रमा पुग्न सक्नेछन् । हरेक स्वास्थ्य संस्थामा यातायात सुविधा पुगेको हुनेछ । गाउँपालिकामा बसोबास गर्ने २५ प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै साधन उपलब्ध रहेको हुनेछ ।

यस योजना अवधिमा गाउँपालिकाको ३० प्रतिशत घरपरिवारले विद्युत, सुधारिएको चुल्हो, वायोग्यास लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ । यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा ५० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ । पूर्वाधार विकास क्षेत्रको नतिजा खाका ***अनुसूची १२*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद आठ

# वन तथा वातावरण व्यवस्थापन योजना

## ८.१ पृष्ठभूमि

गत शताब्दीमा पृथ्वीको वातावरणमा अपूरणीय क्षति भएको छ । हाल पनि हरेक वर्ष चार करोड ७० लाख हेक्टर क्षेत्रफल बराबरको वनक्षेत्रको विनाश भइरहेको छ ।[1] वातावरण विनाशका विश्वव्यापी घटनाहरूका कारण वन एवम् वातावरण प्रदूषणजन्य समस्याहरू विश्वका साझा र जटिल समस्याका रुपमा स्थापित भइसकेका छन् । फलतः विश्वव्यापी उष्णता तथा जलवायु परिवर्तनले निम्त्याएका विश्वको बढ्दो तापक्रम, अतिशय वर्षा, खडेरी, बाढी, हावाहुरी जस्ता जलवायुजन्य विषमताका कारण सिंगो विश्व प्रभावित भइरहेको छ तर खासगरी विपन्न मुलुक, समुदाय तथा घरपरिवारको विपद् जोखिम सामना गर्न सक्ने क्षमता न्यून रहने हुँदा यो वर्ग वन तथा वातावरणको विनाशका कारण अझ बढी प्रताडित भइरहेको छ । कुनै पनि क्षेत्रको जलाधार त्यस क्षेत्रको पर्यापर्यटन, जलविद्युत्, कृषि, पशुपालन, स्वच्छ वातावरण, वन एवम् जडीबुटी उद्यमलगायतका क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित भएको हुँदा जलाधारको संरक्षण समग्र वातावरणको संरक्षणमा महत्वपूर्ण रहेको छ ।

उपर्युक्त परिवेशलाई संबोधन गर्नका लागि नेपालमा पनि संवैधानिक, कानुनी, कार्यक्रमिक रुपमा विभिन्न प्रयासहरू भएका छन् । नेपालको संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले वन, जंगल, वातावरण, पर्यावरण, जलाधार र जैविक विविधताजस्ता विषयको स्थानीय नीति, कानुन, योजना, मापदण्ड बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै परिप्रेक्ष्यमा गण्डकी गाउँपालिकाले आफ्नो प्रथम आवधिक विकास योजना अन्तर्गत यो वन, वातावरण व्यवस्थापन योजना तर्जुमा गरेको छ ।

संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ । यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था गर्ने नीति लिएको छ । उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।

गाउँपालिकाको आ.व. २०७८/७८ को बजेट वक्तव्यमा वन, वातावरण तथा विपद् व्यवस्थापनमार्फत् वातावरणीय सन्तुलन र विपद् जोखिम व्यवस्थापन न्यूनीकरण गर्ने नीति लिइएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि बायोग्याँस प्लान्ट सम्भाव्यता अध्ययनका लागि संघ/प्रदेश सरकार र वैकल्पिक ऊर्जा कार्यक्रमहरू सञ्चालन गर्न विभिन्न साझेदार निकायहरुसँग समन्वय गरी कार्य अघि बढाउने नीति लिइएको

[1] https://www.un.org/en/observances/environment-day

छ । यस्तैगरी, भौतिक विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय पक्षलाई ख्याल गर्ने; स्थानीय वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोगसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिने र भूक्षय नियन्त्रणका लागि तारजालीको उपयोग गर्ने नीति लिएको छ । जैविक विविधता, भूसंरक्षणसम्बन्धी कार्यक्रममा जोड दिने र सामुदायिक वनको संरक्षण तथा व्यवस्थापनलाई प्राथमिकताप्राप्त कार्यक्रमका रुपमा राखिएकोछ ।

उपर्युक्त संवैधानिक तथा नीतिगत कार्यसूचीलाई मध्यनजगर गर्दै यस योजनामा रणनीति, कार्यनीति तथा कार्यक्रमहरू समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास गरी प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा गरिएका छन् ।

संघ तथा प्रदेशको नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिवद्धतासमेत हासिल गर्न समेत स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ ।

यस योजनामा वन, जैविक विविधता, फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, भूसंरक्षण, जलवायु परिर्वतन अनुकूलनका विषय क्षेत्रसँग सम्बन्धित सम्भावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

## ८.२ वन, हरियाली, जैविक विविधता

### क. सम्भावना तथा अवसर

गाउँपालिकाको कुल भूभागको करिब ४० प्रतिशत भूभाग वन क्षेत्रले ढाकिएको छ । पूर्ण रुपमा पहाडी भूगोल रहेको यस गाउँपालिकाको वडा नं. ५, ६ र ७ को मध्यभागमा घना जंगल रहेको छ । गाउँपालिकामा कुल ५५ वटा सामुदायिक वन, ८ वटा साझेदारी वन र ९८ वटा कबुलियती वन रहेको छ । कुल भूभागमध्ये झाडी क्षेत्र २२.३८ व.कि.मी, बगर १.६६ व.किमी. र बाँकी वन क्षेत्र रहेको छ । वन क्षेत्रबाट हाल गाउँपालिकाका कुल ५६४७ घरपरिवार प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । खासगरी कोलडाँडा सा.व., जोरबेल सा.व., मजुवा सा.व., चित्रादेवी सा.व.मा घना वन क्षेत्र रहेको छ ।

गाउँपालिकाका वन क्षेत्रमा साल, खयर, सिसौ, चिलाउने, कटुस, बाँस पर्याप्त मात्रामा उपलब्ध रहेको छ । गैरकाष्ठ वन पैदावार तथा जडीबुटी अन्तर्गत कोइरालो, बाबियो, अमला पर्याप्त पाइने भएकाले व्यावसायिक उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

जैविक विविधताको दृष्टिकोणले समेत यो गाउँपालिका समृद्ध रहेको छ । यहाँ पाइने प्रमुख वन्यजन्तुमा मृग, पाटे बाघ, मृग, दुम्सी, स्याल, बाँदर, घोरल, खरायो, चरि बाघ, फ्याउरो, असला माछा, मलसाँप्रो, लंगुर, बाँदर

हुन् र पक्षी अन्तर्गत लाटोकोसेरो, हुचिल, कोइली, तामे, ढुकुर, गिद्ध, न्याउली, बाज र कालिज हुन् । जंगली पक्षीअन्तर्गत संरक्षित पक्षी ठूलो धनेशदेखि कालिज, ढुकु, लाहाँचे, वन कुखुरा, सारौ, कोइल, काँडे भ्याकुर आदि पाइन्छ ।

वन र जलाधार यस गाउँपालिकाको प्रमुख प्राकृतिक स्रोत भए पनि वनको दिगो व्यवस्थापन एवम् उपलब्ध जलस्रोतको सदुपयोग गर्न समुचित कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने खाँचो रहेको छ । वन र जलाधार क्षेत्रको

सबल पक्षलाई उपयोग गर्दै कृषि वन, पर्यावरणीय पर्यटन, आयआर्जन तथा जीविकोपार्जनका अवसरहरू वृद्धि गर्न सकिन्छ। वन क्षेत्रको सीमान्तीकृत जमीनमा संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिन्छ। नियन्त्रित व्यवस्थित चरन क्षेत्रहरू विकास गरी पशुपालन प्रवर्द्धन गर्न सकिने सम्भावना पनि रहेको छ । यहाँ पाइने प्रमुख वनस्पतिहरूमा साल, सल्ला, चाँप, सिमल, सिसौ, काफल, आँप, अमिलो जालतका फलफूल, केरा, आदि हुन् ।

### ख. समस्या तथा चुनौती

संघीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाले देशमा ४५ प्रतिशत वन क्षेत्र पुऱ्याउने उल्लेख गरेको छ। यस गाउँपालिकामा हाल करिब ४० प्रतिशत मात्र वन क्षेत्र मात्र रहेको छ। कुलछाप, केरावन आदि क्षेत्रमा वन क्षेत्र ह्रास भएको छ । वन क्षेत्रको गुणस्तर बढाउनु तथा विद्यमान वन स्रोतलाई दिगो व्यवस्थापन गर्दै स्थानीय समुदायको जीविकोपार्जनसँग जोड्नु यस क्षेत्रको एक प्रमुख चुनौतीका रुपमा रहेको छ । साथै, आर्थिक-भौतिक विकासका क्रममा पर्यावरणीय क्षति हुँदैन भन्ने सुनिश्चित गर्नु ठूलो चुनौतिको रुपमा रहेको छ। सडक निर्माणपश्चात् भूक्षयका कारण वन क्षेत्र क्षयीकरण भइरहेको छ। नदी तथा राजमार्ग आसपासका क्षेत्रमा चोरी निकासी बढी रहेको छ ।

वनको दिगो/वैज्ञानिक व्यवस्थापनको अभावमा धेरै पुराना भई नकारात्मक वृद्धिको अवस्थामा पुगेका, खोक्रा/धोद्रा, रोग लागेका, लडेकाजस्ता वृक्षहरूको सदुयोग गर्ने र तिनको ठाउँमा स्वस्थ नयाँ बिरुवाहरू हुर्काउने काम हुन नसक्दा एकातिर वनको गुणस्तर खस्किरहेको छ भने अर्कातिर स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रले क्षमताअनुकुलको योगदान गर्न सकेको छैन । कुल ५६४७ घरपरिवार वन क्षेत्रबाट प्रत्यक्ष रुपमा लाभान्वित भएको तथ्यांक भए पनि अर्थतन्त्रमा हाल यस क्षेत्रले पुऱ्याएको योगदानको पनि ठीक ढंगले प्रतिविम्बित गर्न सकिएको छैन । चरिचरनका लागि खास नियन्त्रित क्षेत्र नछुट्याई अनियन्त्रित रुपमा गर्ने गरिएकाले वन क्षेत्रको वृद्धि विकासमा एउटा समस्याका रुपमा रहेको छ। पालिकाभरि वन डढेलो हरेक वर्षजसो लाग्ने भए पनि नियन्त्रणका काम प्रभावकारी हुन सकेको छैन ।

## ८.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### क. सम्भावना तथा अवसर

यस गाउँपालिकामा मुख्य दुई नदीका रुपमा बुढी गण्डकी र त्रिशुली रहेका छन् । यस गाउँपालिकाको पूर्व र उत्तरतर्फको ढाल (slope) त्रिशुली नदीको जलाधार क्षेत्रअन्तर्गत र पश्चिम तथा दक्षिणतर्फको ढाल बुढीगण्डकी नदीको जलाधार क्षेत्रअन्तर्गत रहेको छ। जुग्दी खोला, फुजेल खोला, कोग्दी खोला, घौसुर खोला, साँध खोला, फुडुरी खोला, जुडी खोला, धवादी खोला, लम्बु खोलामा वर्षैभरि पानी रहन्छ । भैरवी चौर, एक्लेपिपल, चापपानी, डाँडापोखरीलगायतका ठाउँमा गरी गाउँपालिकामा कुल ९ वटा पोखरीहरू पनि रहेका छन् । कुल जनसंख्याको ५७.४ प्रतिशत हिस्सा १९-५९ वर्ष उमेर समूहको रहेको छ। जनसंख्यामा सक्रिय जनसंख्याको हिस्सा ठूलो भएकाले युवा पुस्तालाई कृषि वन, पयापर्टनमा आकर्षित गर्ने तथा दिगो कृषि एवम् दिगो वन व्यवस्थापनमा परिचालन गरी दिगो विकासका लक्ष्यहरूमा टेवा पुऱ्याउन सकिन्छ ।

गाउँपालिकाले वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिने, पानीका मुहान संरक्षणलाई विशेष ध्यान दिने, मुहान वरिपरि सडक खन्ने कार्यलाई निरुत्साहित गर्ने, वृक्षारोपण गर्ने, मुहान संरक्षणका लागि पुनर्भरण पोखरीहरू निर्माण गर्ने तथा विकास निर्माणका कार्य गर्दा न्यून वातावरणीय क्षति हुने गरी सञ्चालन गर्दै दिगो विकासमा जोड दिने नीति लिएको हुँदा भूसंरक्षण र जलाधार व्यवस्थापनको कार्य र प्रगतिमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

**ख. समस्या तथा चुनौती**

भूसंरक्षणमा पहिरो एउटा प्रमुख समस्याका रुपमा रहेको छ। सेती पधेंरो पहिरोका कारण पातीस्वारा वस्तीमा करिब ३५ घरधुरी जोखिममा रहेका छन् । सान्दबुंङ भुसे डाँडा पहिरो, कमेरे खोला पहिरोलगायतका अन्य पहिरोहरूले निरन्तर भूक्षय गराइरहेका भए पनि प्रभावकारी नियन्त्रण गर्न सकिएको छैन । वडा नं. ६, ७ र ८ मा सडक निर्माण पश्चात् भूक्षय गएको छ । समग्रमा पर्यावरणीय सन्तुलन र पूर्वाधार विकासलाई सन्तुलित गर्नुपर्नेतर्फ पर्याप्त काम गर्न सकिएको छैन । जैविक प्रविधिको प्रयोग एवम् एकीकृत जलाधार व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व बढाउनुपर्ने खाँचो रहेको छ । गाउँक्षेत्रमा प्लाष्टिकजन्य फोहोर र बजार क्षेत्रमा अन्य ठोस फोहोर र फोहोर पानीको दिगो एवम् वैज्ञानिक व्यवस्थापन हुन सकेको छैन ।

## ८.४ फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता

**क. सम्भावना तथा अवसर**

गाउँटोल सामान्यतया सफा, स्वच्छ रहेका छन् र कृत्रिम फोहोरमैलाको अंश कम छ । घना वस्ती तथा बजार क्षेत्रमा प्लाष्टिकजन्य फोहोरमैलाको मात्रा बढ्दै गएको भए पनि सरसफाइप्रति जनचेतना र जिम्मेवारीको भावना बढ्दै गएकाले धेरै ठाउँमा समूह, क्लब, संघ संस्थाले टोल सरसफाइको काम गर्ने गरेका छन् । फोहोर वर्गीकरणको अभ्यास केही घरधुरीहरूले गर्ने गरेको पाइन्छ । समूह, क्लब तथा संस्थाहरूले टोल सरसफाइ गर्ने गरेका छन् । मकैंसिं र अन्य केही क्षेत्रमा समुदायले टोल, वस्ती, सडकका प्लाष्टिक टिपी सफा राख्ने गरेका छन् । विद्यालय, स्वास्थ्य संस्था आदि क्षेत्र सामान्यतया सफा रहेका छन् । ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्नु अगाडि वातावरणीय अध्ययन गर्ने गरिएको छ । गाउँपालिकामा इन्धनको रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार पनि उल्लेख्य रहेको भए पनि वैकल्पिक ऊर्जा र खाना पकाउन ग्याँसको प्रचलन बढ्दै गएकाले र प्राकृतिक रुपमा हरित क्षेत्रहरू रहेकाले वातावरणीय स्वच्छता कायम गर्न सहयोग पुगेको छ । गाउँपालिका, क्लब तथा डिभिजन वन कार्यालयले ठाउँठाउँमा फोहोर संकलनका विनहरू राखी सरसफाइ प्रवर्द्धनका कामहरू गरिरहेका छन् । गाउँपालिकाको वातावरणमैत्री पूर्वाधार निर्माण तथा फोहोरमैला व्यवस्थापनमा प्राथमिकता दिने नीतिका कारण फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता अभिवृद्धिको कामले गति लिने अपेक्षा गर्न सकिन्छ ।

**ख. समस्या तथा चुनौती**

ग्रामीण परिवेशको अधिकताका कारण कृत्रिम फोहोरमैलाको मात्रा न्यून रहेको भए पनि फोहोरमैला व्यवस्थापनको दीर्घकालीन योजना, कार्यक्रमको अभाव रहेको छ । स्थानीय समुदाय तथा गाउँपालिकास्तरमा प्रयोग न्यूनीकरण (reduce), पुनःप्रयोग (reuse) पुनःचक्रीय प्रयोग (recycle) लगायत फोहोरमैला प्रशोधनका बारेमा आवश्यक ज्ञान, सीपको कमी रहेको छ । विसर्जनयोग्य वस्तुको प्रयोग निरन्तर बढ्दै जाँदा प्लाष्टिकजन्य फोहोरमैलाको निष्काशनको मात्रा निरन्तर बढ्दै गएको छ । रासायनिक मल तथा कीटनाशक विषादीको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर निरन्तर ह्रास हुँदै गएको छ । रासायनिक मलको प्रयोगको बारेमा आवश्यक ज्ञानको कमी रहेको छ । धेरै स्थानमा वातावरणीय अध्ययनविना निर्माण कार्य हुँदा भूस्खलनका जोखिमहरू बढेका छन् । सम्पूर्ण निर्माण कार्यहरूलाई वातावरणीय दृष्टिकोणबाट नियमन र व्यवस्थापन गर्न सकिएको छैन ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त वन तथा वातावरणसँग सम्बन्धित वस्तुस्थिति विश्लेषण विवरणलाई गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १७** मा प्रस्तुत गरिएको छ ।

## ८.५ सोच, लक्ष्य, उद्देश्य, रणानीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा वातावरण व्यवस्थापन क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धी एवम् नतिजा खाका देहायअनुसार रहेको छ :

### ८.५.१ सोच

- सन्तुलित एवम् दिगो पर्यावरण मार्फत् सुन्दर, सुरक्षित तथा समृद्ध गाउँपालिका निर्माणमा योगदान पुऱ्याउने

### ८.५.२ लक्ष्य

- वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने

### ८.५.३ उद्देश्य

- वन क्षेत्रको दिगो पुनरुत्पादन, उत्पादकत्व र स्थानीय अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने
- जैविक विविधता एवम् वातावरणको संरक्षण/प्रवर्द्धन गर्ने
- जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनमा स्थिरता कायम गर्ने
- फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय सरसफाइमा वृद्धि गर्ने
- स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने

### ८.५.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी वन, वातावरण, भूसंरक्षण, जलवायु परिवर्तन अनुकुलन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका १३ : वन तथा वातावरण क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन क्षेत्रको दिगो पुनरुत्पादन, उत्पादकत्व र स्थानीय अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने** | |
| वन क्षेत्रका सरोकारवाला-हरूसँगको समन्वय, सहकार्यमा वन क्षेत्रको संरक्षण, उत्पादन/ उत्पादकत्व र स्व/रोजगार वृद्धिका सम्भावनाको खोजी र उपयोग गर्ने | • नांगा पाखाहरूमा उपयुक्त प्रजातिका वृक्षारोपण गर्न वृक्षारोपण र व्यवस्थापनका काममा सामुदायिक वन उपभोक्ताहरूसँग समन्वय, सहकार्य गरिनेछ ।<br>• वन क्षेत्रका सरोकारवालाहरूसँग समन्वय, सहकार्य गरी वन सम्पदाको दिगो उपयोगबाट जडीबुटी खेती, कृषि वन, गैरकाष्ठ वन पैदावार आदि क्षेत्रमा आयआर्जन तथा आय विविधिकरणका उपायहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• सम्भाव्यताका आधारमा जडीबुटी खेती प्रवर्द्धन र गैरकाष्ठ वन पैदावारको सदुपयोग गरी वन क्षेत्रलाई जीविकोपार्जनसँग जोडिनेछ ।<br>• वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो, मिचाहा प्रजातिको प्रकोप न्यूनीकरणलगायतका कार्यहरूका लागि सम्बन्धित वन उपभोक्ता समितिहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय समुदाय, वन उपभोक्ता समितिहरू, डिभिजन वन कार्यालयलगायतका सरोकारवालाहरूसँग समन्वय/सहकार्य गरी वन सम्पदाको संरक्षणमा सबैको अपनत्व तथा जवाफदेहिता सुदृढ गरिनेछ ।<br>• सामुदायिक वन व्यवस्थापनमा सुदृढीकरणका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सामुदायिक वन व्यवस्थापनमा सुशासन प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।<br>• लामो समयदेखि बाँझो रहँदै आएका निजी जमिनमा निजी वन विस्तार गर्न संभाव्य |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | घरपरिवारलाई प्रोत्साहित गरिनेछ ।<br>● नीतिगत/कानूनी व्यवस्था अनुसार सबै आयोजनामा वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन गर्ने/गराउने र अध्ययनको सिफारिशलाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>● रेड प्लस (REDD+) तथा स्वच्छ विकास संयन्त्रमार्फत् कार्बन सञ्चितीबापत गाउँपालिकाले प्राप्त गर्न सक्ने सम्भाव्य आर्थिक लाभको लागि प्रदेश तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरिनेछ । |
| **उद्देश्य २: जैविक विविधता तथा वातावरणको संरक्षण/प्रवर्द्धन गर्ने** | |
| वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने | ● गाउँपालिकामा वन, जैविक विविधता र जलाधार क्षेत्रको आधारभूत अभिलेख निर्माणका लागि संघीय र प्रादेशिक निकायहरूसँग सहकार्य गरिनेछ ।<br>● दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>● विद्यमान प्रजातिगत विविधता, आनुवांशिक विविधता, पारिस्थितिकीय प्रणालीका विविधता कायम राख्ने र यथासंभव नयाँ प्रजाति/वंशाणुगत/पारिस्थितिकीय प्रणालीको प्रवर्द्धनको प्रयास गरिनेछ ।<br>● वन र जैविक विविधताले सम्पन्न क्षेत्रहरू पहिचान गरी संरक्षण संवर्द्धनका लागि समन्वय, सहकार्यको पद्धति अवलम्बन गरिनेछ ।<br>● नर्सरी तथा वृक्षारोपणमा जल संरक्षण गर्ने प्रजातिलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य ३: जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनको स्थिरता कायम गर्ने** | |
| एकीकृत जलाधार व्यवस्थापन पद्धति अवलम्बन गरी जलस्रोत र जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | ● भिरालो जमिनमा रहेका कृषि भूमिमा गह्रा खेती सुधार, भूक्षय भएका स्थानमा बायोइञ्जिनियरिङ जस्ता न्यून खर्चका प्रविधि विस्तार गरी भूमिको संरक्षण र सुधार गरिनेछ ।<br>● कमजोर वन क्षेत्रमा उच्च मूल्यका संभाव्य कृषी बालीको प्रवर्द्धन गरी आयआर्जन वृद्धिमा टेवा पुऱ्याइनेछ ।<br>● स्थानीय वन तथा जलाधार क्षेत्रका लागि एक वडा, एक स्रोत व्यक्तिको अवधारणा कार्यान्वयन गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ ।<br>● गाउँपालिका तथा स्थानीय समुदायसमेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरीहरू निर्माण गरिनेछ ।<br>● भिरालो जमिन र भूक्षयको जोखिम भएका अन्य क्षेत्रमा साल, बाँस, निगालो, अम्रिसो खेती तथा बायो-इञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी पहिरो न्यूनीकरणमा दिगोपना कायम गरिनेछ ।<br>● जलाधार व्यवस्थापनमा महिला, दलितलगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ ।<br>● भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।<br>● जलाधार तथा भूपरिधि व्यवस्थापनसम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धनको प्रयास गरिनेछ । |
| **उद्देश्य ४: फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय सरसफाइमा अभिवृद्धि गर्ने** | |

| रणनीति | कार्यनीति |
|---|---|
| नागरिक सचेतना एवम् जिम्मेवारीबोधमा वृद्धिलगायत संस्थागत प्रयासका माध्यमबाट दिगो स्वच्छता तथा सरसफाइ कायम गर्ने | • टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । र त्यसपश्चात् प्लास्टिक एवम् अन्य फोहरमैला व्यवस्थापन युक्त घर, टोल, वडा घोषणा कार्यक्रम सञ्चालन गरी फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।<br>• टोल सरसफाइका लागि जनचेतनामूलक कार्यक्रमहरू एवम् टोलस्तरीय नागरिक आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ ।गाउँपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ । साथै, समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । |
| फोहोरमैला संकलन तथा व्यवस्थापन प्रणाली स्थापना गर्ने | • घना वस्ती भएका क्षेत्रमा सार्वजनिक स्थलका लागि दुई-दुईवटा फोहोर संकलन भाँडो र घर-घरमा दुई-दुईवटा फोहोर संकलन भाँडो राख्ने व्यवस्था मिलाई फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सुरुआत गरिनेछ ।<br>• कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर ( reduce, reuse, recycle) को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिकामा निष्कासन हुने प्लाष्टिक, सिसा, फलामलगायतका नकुहिने वस्तुहरू पुनः चक्रीय प्रयोगका लागि गाउँपालिका बाहिर पठाउने वा स्थानीयस्तरमैं दिगो व्यवस्थापन गरिनेछ ।<br>• फोहोर संकलन तथा व्यवस्थापनमा गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>• फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ । |
| **उद्देश्य ५: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने** | |
| वातावरण अनुकुलित जीवनशैली र विकास पद्धति प्रवर्द्धन गरी जलवायु विषमताका असरहरू न्यूनीकरण गर्ने | • खडेरी एवम् अधिक पानी जम्ने क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवर्द्धन गरिनेछ । जमिनमा चिस्यान बनाइ राख्न सहयोग गर्ने कृषि बालीको प्रयोग/विस्तारलाई प्राथमिकता दिइनेछ ।<br>• बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजातिसहितको कृषिवन प्रणालीको विकास गरिनेछ ।<br>• जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन गरी खडेरी, कृषि बालीका रोगकीरा र अन्य जलवायुजन्य जोखिम न्यूनीकरण गरिनेछ ।<br>• कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा सुनिश्चित गरिनेछ ।<br>• सार्वजनिक स्थान र सडकको दायाबायाँ सौन्दर्यप्रधान बिरुवा रोपणलाई अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता र सौन्दर्यता अभिवृद्धि गरिनेछ ।<br>• सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।<br>• विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग; प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामग्रीको प्रयोग; जलवायु परिवर्तन अनुकूलन प्रवर्द्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ ।<br>• सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>• भौतिक पूर्वाधारहरुको डिजाइन र निर्माण गर्दा जलवायु विषमताजन्य जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिनेछ । |

## ८.६ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### ८.६.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । वन तथा वातावरण क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजनाको स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ***अनुसूची १३*** मा प्रस्तुत गरिएको छ । वन तथा वातावरण क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १४ : वन तथा वातावरण व्यवस्थापनका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

*रकम रु. हजारमा*

| क्षेत्र अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१. वन तथा जैविक विविधताको संरक्षण, उत्पादकत्व तथा दिगो उपयोगमा वृद्धि गर्नु** | | | | | | | | | | |
| १.१ नर्सरी निर्माण तथा वृक्षारोपणमा सहकार्य | हेक्टर | ४ | २० | १००० | १५०० | १००० | - | - | ३५०० | ७५० |
| १.२ कृषि वन तथा जडीबुटीलगायतका गैरकाष्ठ वनपैदावार उत्पादनको सम्भाव्यता अध्ययन | पटक | ० | १ | २०० | - | - | - | - | २०० | २०० |
| १.३ वन डढेलो नियन्त्रण कार्यक्रम | वडा | ३ | ८ | ४८० | ४८० | ४८० | ४८० | ४८० | २४०० | ३०० |
| १.४ वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सुशासन कार्यक्रम | समिति संख्या | ६० | ६८ | २५० | १००० | १००० | १००० | - | ३२५० | ५० |
| १.५ जडिबुटी खेती, वन व्यवस्थापन तथा हरित उद्यम कार्यक्रम | हेक्टर | ० | १० | - | १००० | १००० | - | - | २००० | २०० |
| १.६ निजी वन प्रवर्द्धन कार्यक्रम | पटक | ० | २ | १०० | १०० | - | - | - | २०० | १०० |
| १.७ वनसँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय, अन्तरक्रिया, कार्ययोजना तर्जुमा र अनुगमन | पटक | १ | १० | ८० | ८० | ८० | ८० | ८० | ४०० | ४० |
| १.८ वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | ० | १ | - | ३०० | - | - | - | ३०० | ३०० |
| १.९ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थानको पहिचान तथा संरक्षण | पटक | १ | १ | - | - | ५०० | ५०० | - | १००० | १००० |
| १.१० जैविक विविधता सम्पन्न क्षेत्रहरूको संरक्षण कार्यक्रम | वटा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.११ रैथाने बीउ संरक्षण | पटक | ० | ५ | ८० | ८० | ८० | ८० | ८० | ४०० | ८० |
| **उद्देश्य १ को जम्मा अनुमानित बजेट** | | | | | | | | | २३६५० | |
| **२. जलाधारको क्षेत्रको समुचित व्यवस्थापन र भिरालो जमिनको स्थिरता कायम गर्ने** | | | | | | | | | | |
| २.१ जलधार क्षेत्र सर्भेक्षण/ संवेदनशील उपजलाधार क्षेत्रहरू पहिचान | संख्या | ० | १ | ५०० | | | | | ५०० | ५०० |
| २.२ संवेदनशील उपजलाधार क्षेत्र संरक्षण | उपजलाधार संख्या | १० | ४ | | १००० | १००० | १००० | १००० | ४००० | १००० |

| क्षेत्र अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| २.३ गह्वा खेती सुधार कार्यक्रम | सहभागी संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | - | ४०० | १०० |
| २.४ कमजोर वन क्षेत्रमा उच्च मूल्यका कृषि वनको संभाव्यता अध्ययन | हेक्टर | ० | १० | - | ५०० | - | - | - | ५०० | ५०० |
| २.५ भूमिगत पानी पुनर्भरण पोखरी निर्माण | संख्या | १ | ८ | ५०० | १५०० | १५०० | ५०० | - | ४००० | ५०० |
| २.६ भूक्षय संवेदनशील क्षेत्रमा साल, बाँस, निगालो, अम्रिसोलगायतका वृक्षारोपण | हेक्टर | ० | ५ | ५०० | १००० | १००० | - | - | २५०० | ५०० |
| २.७ बायोइञ्जिनियरिडमा आधारित भूसंरक्षण कार्यक्रम | | | | | | | | | | |
| सडक संरक्षण | किमी | ० | १ | - | ५००० | ५००० | - | - | १०००० | १०००० |
| पहिरो नियन्त्रण | हे. | ० | १ | - | १०००० | १०००० | - | - | २०००० | १०००० |
| कृषि भूमि संरक्षण | हे. | ० | १ | - | ५००० | ५००० | - | - | १०००० | १०००० |
| २.८ भूक्षय भएका जमिनको स्थिरीकरण | हेक्टर | ० | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५००० |
| २.९ नदी खहरे नियन्त्रण तथा तटबन्धन कार्यक्रम | कि.मी | १ | २ | - | ५००० | १०००० | ५००० | - | २०००० | १०००० |
| २.१० पानीका मुहान संरक्षण/पुनर्निर्माण | वटा | १० | ५० | - | - | २००० | २००० | १००० | ५००० | १०० |
| २.११ बाढी पहिरो संवेदनशील क्षेत्रमा रहेका वस्ती संरक्षण | वटा | ६ | १ | - | - | २५००० | १०००० | - | २०००० | १०००० |
| **उद्देश्य २ को जम्मा अनुमानित बजेट** | | | | | | | | | १४६९०० | |
| **३. फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छतामा वृद्धि गर्ने** | | | | | | | | | | |
| ३.१ सामुदायिक फोहोरमैला व्यवस्थापन कार्यक्रम | वडा | १ | ८ | ४०० | ६०० | ६०० | - | - | १६०० | २०० |
| ३.२ विद्यालय हाता एवम् स्वास्थ्य चौकी आसपासको सरसफाइ कार्यक्रम | संख्या | ५० | ६६ | २०० | २०० | ४०० | ४०० | १२० | १३२० | २० |
| ३.३ गण्डकी सरसफाइ पुरस्कार | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| ३.४ वातावरणमैत्री सामग्री उत्पादन तथा प्रयोगमा प्रोत्साहन (झोला, गिलास, प्लेट) कार्यक्रम | व्यवसायी | ० | १०० | - | २५० | २५० | - | - | ५०० | ५० |
| ३.५ समुदायमा आधारित प्रतिस्पर्धामूलक वडा तथा टोल सरसफाई कार्यक्रम | वडा | ० | ८ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ३.६ कृषि भूमिमा माटोको गुणस्तर परीक्षण एवम् सुधारका लागि जनचेतनामूलक कार्यक्रमहरू | वडा | ४ | ८ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |

| क्षेत्र अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ३.७ वातावरणीय सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम | वडा | ८ | ८ | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० |
| **उद्देश्य ४ को जम्मा अनुमानित बजेट** | | | | | | | | | ८४२० | |
| **४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने** | | | | | | | | | | |
| ४.१ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन | वडा | ० | ८ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ५०० |
| ४.२ बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण | संख्या | ० | ३ | - | १००० | १००० | - | १००० | ३००० | १००० |
| ४.३ वैकल्पिक ऊर्जा प्रवर्द्धन | घरधुरी | ५०० | १५०० | - | ३००० | ७५०० | ७५०० | ४५०० | २२५०० | १५ |
| **उद्देश्य ५ को जम्मा अनुमानित बजेट** | | | | | | | | | २९५०० | |
| **वन, वातावरण, भूसंरक्षण क्षेत्रको कुल प्रस्तावित बजेट** | | | | | | | | | २०८४७० | |

### ८.६.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न यस विषय क्षेत्रमा प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरण सम्बन्धी विवरण ***अनुसूची १४*** मा गरिएको छ।

### *८.६.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका*

वर्तमानको संरक्षणमुखी वन व्यवस्थापन दिगो व्यवस्थापनमा रुपान्तरण भई स्थानीय समुदायको जीविकोपार्जनका लागि महत्वपूर्ण स्रोतका रुपमा सावित भएको हुनेछ । करिब ३९.२५ प्रतिशत रहेको झाडीसहितको वन क्षेत्रको गुणस्तरसमेतमा वृद्धि भई गाउँपालिकाको करिब ४१ प्रतिशत भूमिमा गुणस्तरीय वन क्षेत्र रहेको हुनेछ। स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानीमा ३० प्रतिशतले वृद्धि भएको हुनेछ भने २००० घरपरिवार वनमा आधारित उद्यम र आयआर्जनका क्रियाकलापमा संलग्न भएका हुनेछन् । क्षतिग्रस्त २० हेक्टर जमिन योजनाको अन्तिमसम्ममा पुनर्स्थापित भएको हुनेछ । कुल पाँचवटा वडाहरूमा नियममित रुपमा टोल सरसफाइ, बाटो सरसफाइ, सार्वजनिक स्थलहरू सरसफाइ, सामुदायिक फोहोर मैलाको दिगो व्यवस्थापन भई पूर्णरुपमा वातावरणीय सरसफाइ कायम भएको हुनेछ।

नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र गाउँपालिकासँग नियमित समन्वयमा रहने वन उपभोक्ता समितिहरूको हिस्सा १०० प्रतिशत पुगेको हुनेछ । सबै विद्यालय एवम् तिनका चर्पी नियमित रुपमा स्वच्छ, सफा भएका हुनेछन् । कम्तीमा ३५० परिवार व्यवसायिक जडीबुटी खेतीमा संलग्न भई पारिवारिक आम्दानी वृद्धिका साथै राजस्व वृद्धिमा समेत योगदानसमेत गरेका हुनेछन् । हरेक वडामा कम्तीमा एक वटाका दरले कुल ८ वटा भूमिगत जल पुनर्भरण पोखरी निर्माण भएका हुनेछन् । कम्तीमा एकवटा बाढी पहिरो संवेदनशील वस्तीको संरक्षण गरिएको हुनेछ। कम्तीमा ५० प्रतिशत वस्तीका घरआँगन, बाटो, सार्वजनिक स्थलहरू स्थानीय समुदायको सक्रिय सहभागितामा सधैं सफा भएका हुनेछन्। हाल खाना पकाउन दाउरा प्रयोग गर्ने २५ प्रतिशत घरधुरीले सुधारिएको चुल्हो, सौर्य ऊर्जा प्रणालीलगायतका वैकल्पिक ऊर्जा प्रयोग गरेका हुनेछन् । जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमाबाट कुल कृषक परिवारको २५ प्रतिशत लाभान्वित भएका हुनेछन्। वन तथा वातावरण क्षेत्रको नतिजा खाकालाई ***अनसूची १५*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद नौं

# विपद् व्यवस्थापन योजना

## ९.१ पृष्ठभूमि

सिंगो नेपाल बहुप्रकोप जोखिममा रहेको देश भएको हुँदा गोर्खा जिल्ला र गण्डकी गाउँपालिका पनि स्वाभाविक रुपमा विभिन्न प्रकारका प्रकोपको जोखिममा रहँदै आएको छ । यस गाउँपालिकामा खासगरी खडेरी, असिना, हावाहुरी, पहिरो, असिना र वन डढेलो प्रमुख प्रकोपका रुपमा रहँदै आएका छन् । प्रकोप जोखिम न्यूनीकरणका लागि संघीय तथा स्थानीय स्तरमा विभिन्न नीतिगत/कार्यक्रमगत प्रयासहरू भइआएका भए पनि विश्वभरि नै प्रकोपको आवृत्ति, प्रवृत्ति तथा सघनता निरन्तर वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा गण्डकी गाउँपालिका, यहाँका नागरिक तथा विकासका उपलब्धीलाई संभाव्य विपद्हरूबाट सुरक्षित बनाई विपद् उत्थानशीलता सुनिश्चित गर्नु गण्डकी गाउँपालिकाको प्राथमिक कर्तव्य हो । यसै सन्दर्भमा संभाव्य विपद्हरूलाई सुव्यवस्थित एवम् योजनाबद्ध किसिमले व्यवस्थापन गर्ने उद्देश्यले गण्डकी गाउँपालिकाले यो योजना तर्जुमा गरेको हो ।

संघीय सरकारले जारी गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैरप्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ । संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ । यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, जलवायु नीति लगायत अन्य नीतिहरूले प्राकृतिक तथा गैरप्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत, पुनर्लाभ जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरेका छन् ।

गाउँपालिकाले कोभिड-१९ बाट सिर्जित संकट व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखेको छ। गाउँपालिकाले विपद् जोखिम प्रतिकार्ययोजना, २०७७ तर्जुमा गरी कार्यान्वयनमा पनि ल्याएको छ । साथै, विपद् व्यवस्थापन स्थानीय सरकारको महत्वपूर्ण दायित्व हो भन्ने विषयलाई बोध गरी कोभिड-१९लगायत प्राकृतिक तथा मानवजन्य घटनाको जोखिम न्यूनीकरण तथा नियन्त्रण गर्न छुट्टै विपद् व्यवस्थापन कोष खडा गरेको छ । कोभिड-१९ को महामारी व्यवस्थापनका लागि स्थानीयस्तरमै आरडीटी तथा पीसीआर परीक्षण, सम्बन्धित कर्मचारीलाई प्रोत्साहनको व्यवस्था, मनोपरामर्श सेवासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू, हरेक वडामा एकान्तवाससहितका क्वारेन्टाइन कक्षहरूको व्यवस्था गर्ने नीति कार्यक्रम रहेको छ ।

विपद् व्यवस्थापनलाई संविधानले स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेत राखेको छ (अनुसूची-८ र ९) । संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य एवम् प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा यस योजनाले विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्ने विश्वास लिइएको छ । विपद् व्यवस्थापनसँग सम्बन्धित सम्भावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी यो विपद् जोखिम व्यवस्थापन क्षेत्रको योजना तर्जुमा गरिएको छ ।

## क. सम्भावना तथा अवसर

गोर्खा जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित यो गाउँपालिका मूलतः बुढीगण्डकी र त्रिशुली नदीको जलाधार क्षेत्रमा अवस्थित छ । नेपालका यी दुई ठूला नदीहरूका अतिरिक्त अन्य दर्जनभन्दा बढी सदाबहार खोलाहरूले यस गाउँपालिकालाई जलस्रोतमा समृद्ध बनाएको छ । यो प्रचुर जलस्रोत यस गाउँपालिकाका लागि सबल पक्षका रुपमा रहेको छ । यो आवधिक योजना तर्जुमा गर्ने क्रममा तयार गरिएको वस्तुस्थिति विवरण अनुसार यस गाउँपालिकाको कुल भूमिको ५८.६ प्रतिशत जमिनमा खेती गर्ने गरिएको छ । साथै यस गाउँपालिकामा १७ वर्ग कि.मी. क्षेत्रफलमा चारवटा चरन क्षेत्रहरू पनि रहेका छन् । यस परिप्रेक्ष्यमा यहाँ कृषि तथा पशुपालनको क्षेत्रलाई विपद्का दृष्टिकोणले उत्थानशील बनाई दिगो विकासमा टेवा पुऱ्याउन सकिने सम्भावना रहेको छ । यस क्रममा कृषि तथा पशु बीमाको प्रभावकारी उपयोग गरी कृषि तथा पशुपालन व्यवसायमा संलग्न जनसंख्याको संकटासन्नता न्यूनीकरणमा सहयोग पुऱ्याउन सकिन्छ । यहाँको कुल क्षेत्रफलमध्ये ३९.२ प्रतिशत भूमि वनजंगलले ढाकिएको छ । जडीबुटी लगायत अन्य गैरकाष्ठ वनपैदावरको प्रचूर सम्भावना भएको हुँदा यस गाउँपालिकाले वनको दिगो व्यवस्थापनमार्फत् स्थानीय वनलाई स्थानीय जीविकोपार्जनसँग आवद्ध गरी विपद् प्रतिरोध गर्ने नागरिक क्षमतामा अभिवृद्धि गर्न सकिने अवस्था रहन्छ । साथै, दिगो वन व्यवस्थापन गरेर पनि जलवायुजन्य प्रकोप न्यूनीकरणमा आफ्नो स्थानमा योगदान गर्न सक्ने अवसर पनि उपलब्ध छ । त्रिशुली तथा बुढीगण्डकी नदी किनार क्षेत्रमा ढुंगा, गिट्टी, बालुवाको उल्लेख्य उपलब्धताका कारण धेरै संख्यामा क्रसर उद्योगहरू स्थापना भएका छन्, स्थानीय सरकार सञ्चालन ऐन अनुसार आवश्यक वातावरणीय अध्ययन गरी सिफारिश गरिएको क्षेत्र र परिणाममा ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था भएकाले गाउँपालिकाले यसरी प्राप्त गर्ने आम्दानीको निश्चित हिस्सा वार्षिक रुपमा नदीजन्य जोखिम नियन्त्रणका लागि विनियोजन गर्न सक्दछ ।

यहाँको कुल जनसंख्या ३१२०५ को ६२ प्रतिशत जनसंख्या १९ देखि ६९ वर्ष उमेर समूहका रहेका छन् । सक्रिय उमेर समूहको ठूलो हिस्सामा रहेको यस जनसंख्यालाई आय आर्जन एवम् विपद् जोखिम व्यवस्थापन लगायतका काममा परिचालन गरी जनसांख्यिक लाभांस लिन सकिने सम्भावना पनि रहेको छ ।

भूकम्प पश्चात् बनेका सबैजसो घरहरु भूकम्प प्रतिरोधी रहेका हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले पहिलेभन्दा तुलनात्मक दृष्टिकोणले सुरक्षित रहेका छन् । स्थानीय स्वयम्सेविकाहरु तथा स्वास्थ्यकर्मीको उपलब्धता रहेको हुँदा आपत्कालीन अवस्थामा गाउँपालिकामा प्राथमिक उपचारका लागि न्यूनतम जनशक्ति रहेको छ । यसका अतिरिक्त संविधानले स्थानीय सरकारलाई विपद् जोखिम व्यवस्थापनको अधिकार प्रदान गरेको तथा गाउँपालिकाले धेरै किसिमका करहरू संकलन गर्न सक्ने र संघीय तथा प्रदेश सरकारको तर्फबाट नियमित रुपमा विभिन्न किसिमका अनुदानहरू प्राप्त गर्ने भएकाले विपद् जोखिम व्यवस्थापनमा गाउँपालिकाले आफ्नो संस्थागत क्षमता सुदृढ गरी विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकताप्राप्त कार्यक्रमका रुपमा अघि बढाउन सक्दछ । गाउँपालिकाले हाल फोहोरमैला संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जन गरी सफा शहर निर्माण गर्ने तथा विपद् व्यवस्थापनका लागि विपद् जोखिम क्षेत्रहरूमा जोखिमको अवस्था, जोखिम न्यूनीकरणका उपायहरू तथा संस्थागत क्षमता प्रवर्द्धन गर्न आवधिक जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने नीति लिएको छ ।

## ख. समस्या चुनौती

खडेरी, असिना, वनडढेलो, भूकम्प, हावाहुरी, पहिरो, बाढी, महामारी, वर्डफ्लू तथा अन्य फ्लूहरू, जंगली जनावरको आतंक, कीट आतंक, चट्याङ, यस गाउँपालिकाका प्रमुख प्रकोपहरूका रुपमा रहेका छन् । विश्वभरि नै विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ र भूकम्प, बाढी, पहिरो, महामारी, खडेरी, हावाहुरीलगायतका प्रकोपहरू नेपालका साझा र दोहोरिइरहने प्रकोपका रुपमा पनि रहेको

हुँदा यी प्रकोपजन्य संभाव्य विपद् जोखिम यस गाउँपालिकाको दिगो विकासका लागि एउटा प्रमुख चुनौतीका रुपमा रहेको छ । विपद् व्यवस्थापनका लागि स्थानीय स्तरमा पर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकासका उपलब्धी विपद् उत्थानशील हुन नसक्दा विपद्को एकै झोक्कामा वर्षौंका उपलब्धीहरू छोटो समयमा सखाप हुने अवस्था बन्दै आएको छ । भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । यो जोखिम संबोधनका लागि विपद् प्रतिकार्य सम्बन्धी सामुदायिक तथा संस्थागत क्षमता कम रहेको छ, जुन विपद् व्यवस्थापनका दृष्टिले गाउँपालिकाको एक प्रमुख चुनौतिका रुपमा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

गाउँपालिकाका पहाडी भीर तथा खोचहरू, नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशील रहेका छन्। वडा नं. ६ तथा ७ तथा अन्य वडाहरूमा समेत सडक निर्माणका क्रममा भूक्षय भएको छ । मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई वस्ती एवं कृषि क्षेत्रमा अनियन्त्रित बाढीको प्रकोप बढेको छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो छ । त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र एकीकृत जलाधार संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएकोछ ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त विपद् व्यवस्थापनसँग सम्बन्धित वस्तुस्थिति विश्लेषण विवरणलाई गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १८** मा प्रस्तुत गरिएको छ ।

## ९.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ९.२.१ सोच

बहुप्रकोपको व्यवस्थापन गर्न सक्षम प्राकृतिक एवम् मानवजन्य विपद्बाट सुरक्षित गाउँपालिका

### ९.२.२ लक्ष्य

विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने

### ९.२.३ उद्देश्य

विपद् व्यवस्थापन क्षेत्रको उद्देश्य देहायअनुसार हुनेछ :

- विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु,
- सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु, र
- पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु ।

### ९.२.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति एवम् कार्यनीति अबलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका १५ : विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु** | |
| गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि, आवश्यक स्रोत-साधनको व्यवस्थापन, र व्यवस्थापकीय सोचमा स्पष्टता कायम गरी विपद्को प्रभावकारी पूर्वतयारी गर्ने | • वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विपद्का समयमा प्रयोग गर्ने गरी विपद्सँग सम्बन्धित संस्थाहरू जस्तै स्थानीय संघ संस्था, क्लब, सुरक्षा निकाय लगायतसँग सहकार्य गरी वस्तीस्तर, वडास्तर एवम् पालिकास्तरका लागि खोज-उद्दार, प्राथमिक उपचार, आपत्कालीन बसोवास, राहत व्यवस्थापनलगायतका आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित आवश्यक दक्ष जनशक्ति तयार गरिनेछ ।<br>• आपत्कालीन व्यवस्थापनका लागि सम्बन्धित कर्मचारी, पदाधिकारी तथा कार्यालयहरूबीच स्पष्ट कार्यविभाजन गरी आपत्कालीन समयमा आपत्कालीन व्यवस्थापन स्वःस्फूर्त रुपमा सुरु हुने सुनिश्चित गरिनेछ । स्तरीकृत आपत्कालीन कार्यसञ्चालन कार्यविधि तयारी, कार्यान्वयन तथा समयानुकूल परिमार्जन गर्दै आपत्कालीन व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लगिनेछ ।<br>• पहिलो पटक गाउँपालिकास्तरबाट सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यसपश्चात् सबै वडाले उक्त उद्दार सामग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधिकरणको व्यवस्था मिलाइनेछ ।<br>• विपद् एवम् विपद् पश्चात्को समयमा महिला, बालबालिका, जेष्ठनागरिक, अपांगलगायतको समुदायको सुरक्षा र संरक्षणका लागि उचित प्रवन्ध गरिनेछ । |
| समन्वय/सहकार्यमा जोड दिई विपद्पूर्व, विपद्को समय र विपद्पश्चात्का पूर्वतयारीका क्रियाकलापलाई प्रभावकारी कार्यान्वयन गर्ने | • संकटासन्नता तथा क्षमता लेखाजोखा/नक्सांकन मार्फत् स्थानीय स्तरमा जोखिम, प्रकोप तथा क्षमता पहिचान गरी सोअनुरुप समुदायस्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ । समुदायस्तरको विपद् जोखिम व्यवस्थापनमा गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनमा काम गर्ने संघसंस्थालाई सक्रियरुपमा परिचालन गरिनेछ ।<br>• आपत्कालीन व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन शाखा तथा विपद्को समयमा आकस्मिक प्रतिकार्य सञ्चालनका लागि आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।<br>• गाउँपालिका/वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषलाई आपत्कालीन खोज उद्दारमा प्रयोग गरिनेछ तथा यस कोषमा वार्षिक रुपमा रकम विनियोजनको सुनिश्चितता गरिनेछ ।<br>• विपद्को समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाई प्रोत्साहनको व्यवस्था गरी विपद् उद्धारकर्ताहरूलाई सक्रिय र उद्धारको कामलाई प्रभावकारी बनाइनेछ ।<br>• विपद्को समयमा अपनाइने आकस्मिक प्रतिक्रियालाई सहज बनाउन वार्षिक रुपमा गाउँपालिकामा कृत्रिम अभ्यास गरिनेछ र यसका लागि सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय सहकार्य गरिनेछ ।<br>• गाउँपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • गाउँपालिकास्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू (evacuation routes) पहिचान गरी सम्बन्धित सबैलाई जानकारी गराइनेछ ।<br>• गाउँपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ ।<br>• सङ्घ, प्रदेश र स्थानीय तह तथा समुदाय, सङ्घ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य २ : सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु** | |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | • बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी भिर/पहिरो तथा नदी कटानलगायत अन्य भूक्षय न्यूनीकरण गरिनेछ ।<br>• गाउँपालिका स्वयम्लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>• भवन आचार-संहिताको तर्जुमा र कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>• विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने । जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ ।<br>• स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>• आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड-१९ जस्ता महामारीको लागि सुरक्षित स्थलको रुपमा व्यवस्था गरिनेछ ।<br>• योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा वडा तथा टोलस्तरीय विपद् जोखिम व्यवस्थापन समिति/कार्यदललाई सहभागी गराई विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>• गाउँपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ : पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु** | |
| छिटो एवम् दिगो रुपमा पुनर्लाभ हासिल गर्न आवश्यक नीति कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | • स्थानीय स्रोत, साधन प्रयोग गर्ने तथा दुर्गम स्थानमा सञ्चालित एवम् रोजगारमूलक विपद् प्रभावित उद्यम व्यवसायका लागि करछुटलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू ल्याइनेछ ।<br>• स्थानीय उत्पादनका लागि बजारको पहुँच सुनिश्चित गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।<br>• पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभलाई विशेष जोड सहितको आवधिक जोखिम व्यवस्थापन योजना निर्माण गरी विपद् व्यवस्थापनका लागि विपद् जोखिम क्षेत्रहरूमा जोखिमको अवस्था पहिचान, समुदायस्तरमा जोखिम न्यूनीकरणका लागि सुरक्षित संस्कृतिको विकासमा जोड दिइनेछ ।<br>• विपद् प्रभावित उत्पादनहरूलाई बजारको सुनिश्चितता, व्यावसायिक परामर्श तथा बजारसम्बन्धी अन्य समस्याहरू सम्बोधनका लागि उद्योग वाणिज्य संघसँगको सहकार्यमा छुट्टै संयन्त्रको विकास गरी निरन्तर सहयोग र सहजीकरणको व्यवस्था मिलाइनेछ ।<br>• कोभिड-१९ ले गाउँपालिका क्षेत्रमा पारेको आर्थिक-सामाजिक प्रभावको मूल्यांकन गरी आर्थिक-सामाजिक क्षेत्रको पुनरुत्थानका लागि कार्ययोजना बनाई लागू गरिनेछ ।<br>• स्रोतको दिगो, भरपर्दो र प्रभावकारी ढंगले संरक्षण, प्रवर्द्धन र प्रयोग गरी भविष्यमा आइपर्ने विपद् न्यूनीकरणमा योगदान पुऱ्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अबलम्बन गरी विपद् जोखिम व्यवस्थापन (कोरोना, सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण) गरिने छ । |
| विपद् प्रभावित उद्यम व्यवसायलाई समावेशी बनाउन युवा, महिला, अपांगता भएका व्यक्ति एवम् अति विपन्न वर्गलाई आकर्षित गर्ने | • महिला, अल्पसंख्यक, अपांगता भएका व्यक्ति तथा अति विपन्न परिवारलाई उद्यम व्यवसायमा आकर्षित गर्न प्रोत्साहनका कार्यक्रमहरू ल्याइनेछ ।<br>• बीमा कार्यक्रमहरूमार्फत् जोखिम हस्तान्तरणका विधिहरू अपनाई युवा जनशक्तिलाई कृषि, पशुपालन, उद्योगलगायतका उत्पादनशील आर्थिक क्षेत्रमा आकर्षित गरिनेछ ।<br>• आर्थिक ऐन तर्जुमा गर्दा उत्पादनशील व्यवसायलाई व्यवसायको प्रकृतिअनुसार निश्चित अवधिका लागि कर छुटको प्रावधान राखिनेछ ।<br>• व्यवसायीहरूलाई व्यवसायिक प्रयोजनमा वित्तीय पहुँचमा सहजताका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग सहजीकरण गरिनेछ ।<br>• कोभिड-१९ का कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालीन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, गाउँपालिकामा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परिपूरक भूमिकामा परिचालन गरिनेछ । |

## ९.३ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

### ९.३.१ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा हासिल गर्न गाउँपालिकाको स्रोत परिचालन तथा सरोकारवालाहरूसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण ***अनुसूची १६*** मा प्रस्तुत गरिएको छ । प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । विपद् व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहायबमोजिम हुने गरी प्रस्ताव गरिएको छ ।

*तालिका १६ : विपद् जोखिम व्यवस्थापनका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

*रकम रु. हजारमा*

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. (७६/७७) | कुल लक्ष्य (८१/८२) | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १ : विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु** | | | | | | | | | | |
| १.१ विपद् व्यवस्थापन समिति/कार्यदल गठन/पुनर्गठन तथा अभिमुखीकरण | संख्या | | ४० | ५०० | – | – | – | – | ५०० | १२.५ |
| १.२ आपत्कालीन उद्दार सामग्री व्यवस्थापन | वडा | | ८ | ८०० | – | – | – | – | ८०० | १०० |
| १.३ आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नती | स्थान | | ४ | ५०० | – | १००० | ५०० | – | २००० | ५०० |
| १.४ विपद् व्यवस्थापन कोष | पटक | | १ | १०००० | २००० | २००० | २००० | २००० | १८००० | NA |
| १.५ समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | | ८ | ८०० | | | | | ० | ८०० |
| १.६ विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी | पटक | | १ | ५०० | – | – | – | – | ५०० | ५०० |
| १.७ आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना | पटक | | १ | – | ५०० | ५०० | ५०० | – | १५०० | ५०० |
| **उद्देश्य १ को जम्मा** | | | | | | | | | २३३०० | |
| **उद्देश्य २ : सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु** | | | | | | | | | | |
| २.१ पहिरो/बाढीको उच्च जोखिममा रहेका घरपरिवार स्थानान्तरण | संख्या | | ५० | | १०००० | १०००० | ५००० | | २५००० | ५०० |
| २.२ वायोइन्जिनियरिङ प्रविधि | कि.मी. | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० |
| २.३ एकीकृत भूउपयोग योजना निर्माण | पटक | | १ | १००० | १००० | – | – | – | २००० | २००० |
| २.४ प्रकोप, संकटासन्नता तथा क्षमता नक्सांकन | वडा | | ८ | ४०० | – | – | – | – | ४०० | ५० |
| २.५ वन्यजन्तुबाट सुरक्षा कार्यक्रम | वडा | | ८ | | | | | | ८०० | १०० |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | | ७८२०० | |
| **उद्देश्य ३ : पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु** | | | | | | | | | | |
| १.१ कोभिड-१९ प्रभाव लेखाजोखा | पटक | | १ | १०० | – | – | – | – | १०० | १०० |
| १.२ उत्पादनशील क्षेत्रमा बीमा प्रवर्द्धन (व्यवसाय) | संख्या | | १०० | ५०० | ५०० | १००० | – | – | २५०० | २५ |
| १.३ विपद् प्रतिरोधी कृषि प्रणाली प्रवर्द्धन | रोपनी | | २०० | – | ५०० | ५०० | – | – | १००० | ५ |
| १.४ युवा सञ्चालित व्यवसायमा बैंकको ब्याजमा अनुदान | व्यवसायी | | २०० | – | २५०० | २५०० | २५०० | २५०० | १०००० | ५० |
| १.५ स्थानीय उत्पादनको बजार सम्बन्धी समस्या सम्बोधनका लागि संयन्त्र गठन र कार्यक्रम | व्यवसायी | | २०० | १२५ | २५० | १२५ | – | – | ५०० | २.५ |
| १.६ उद्यम-व्यवसाय पुनरुत्थान प्रोत्साहन कार्यक्रम | संख्या | | १०० | – | १००० | १००० | – | – | २००० | २० |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | | १६१०० | |
| **विपद् जोखिम व्यवस्थापन क्षेत्रको कुल** | | | | | | | | | ११७६०० | |

### ९.३.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरणको विवरण ***अनुसूची १७*** मा प्रस्तुत गरिएको छ ।

### ९.३.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका

आवधिक योजना अन्तर्गतको यो विपद् व्यवस्थापन योजना कार्यान्वयन भएपश्चात् समग्रमा विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्य व्यवस्थित र प्रभावकारी भएको हुने, सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण भएको हुने र पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल भएको हुने अनुमान गरिएको छ । यो योजना कार्यान्वयन भइसकेपछि कुल मानवीय क्षतिमा विगत पाँच वर्षको तुलनामा औसतमा ५५ प्रतिशतले गिरावट आएको हुनेछ भने पहिरो वा नदी कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफलमा औसत ४५ प्रतिशतले गिरावट आएको हुनेछ । दुईवटा सुरक्षित, एकीकृत आवास वस्ती विकास भएको हुनेछ । विपद्बाट विस्थापित घरपरिवारको संख्या विगत तीन वर्षको तुलनामा औसतमा ८० प्रतिशतले घटेको हुनेछ । भवन आचार संहिताको पालना गरी निर्माण गरिएका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा ९५ प्रतिशत हुनेछ। खडेरी सहन सक्ने अन्नबालीका प्रजातिहरूको खेती विस्तार भई किसानहरूको खडेरीप्रतिको उत्थानशीलता वृद्धि भएको हुनेछ । हरेक वडामा एक वटा हेलिप्याडसहितका आपत्कालीन सामुहिक आश्रयस्थल हुनेछन् । हरेक वडामा कम्तीमा पाँच-पाँच जनाका दरले तालिमप्राप्त स्थानीय खोज उद्दार कार्यकर्ता तथा प्राथमिक उपचारमा दक्ष क्रियाशील जनशक्ति हुनेछन् । विपद् प्रभावित भएकामध्ये ९० प्रतिशत उद्यम व्यवसायी विपद् पूर्वको अवस्थामा फर्किएका हुनेछन् साथै, गाउँपालिकामा पुनर्लाभको वातावरण सिर्जना भई नयाँ २५० जना उद्यम-व्यवसायी थपिएका हुनेछन् । उपर्युक्त अपेक्षित लक्ष्यलाई दर्साउने नतिजा तालिकाको विवरण ***अनुसूची १८*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद दश
# आर्थिक सामाजिक पुनर्लाभ योजना

## १०.१ पृष्ठभूमि

कोभिड–१९ को महामारी, संक्रमणको त्रास र लामो वन्दावन्दीका कारण समग्र मुलुक तथा स्थानीय आर्थिक सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव पर्नुका साथै उत्पादन, रोजगारी, निकासी तथा आम्दानीको क्षेत्र नराम्ररी प्रभावित भएको छ । महामारीको कारण स्थानीय स्तरमा सञ्चालित उद्योग, व्यापार, पर्यटन, कृषि, शिक्षा तथा स्वास्थ्य लगायत समग्र सेवा क्षेत्र विथोलिएको छ । महामारीले आर्थिक, सामाजिक र मनोवैज्ञानिक क्षेत्रमा परेको प्रभावका कारण राष्ट्रिय विकास लक्ष्य प्राप्तिमा चुनौति थपिएको छ । कोभिड १९ को निरन्तर प्रभाव, त्रास र सहज दैनिकीको अनिश्चितताले नागरिकलाई अत्याइरहेको छ । असंगठित क्षेत्रमा रहेका र आर्थिक रूपमा सबभन्दा पिंधमा रहेका स्वरोजगार व्यवसायी र ज्यालादारी श्रमिक भने आफ्नो दैनिक रोजीरोटी गुम्न जाँदा सबैभन्दा बढी पीडामा रहेका छन् । आर्थिक तथा सामाजिक विकासमा गतिरोध उत्पन्न भएको छ । यो महामारीको मार आम वर्ग र क्षेत्रका परेको भएता यसबाट सबैभन्दा बढी जेष्ठ नागरिक, गरिब तथा अन्य पिछडिएका वर्ग, श्रमिक र साना व्यवसायीले व्यहोर्नु परिरहेको छ ।

## १०.२ वर्तमान अवस्था

गण्डकी गाउँपालिकाले आ.व. २०७८/७९ मा प्रस्तुत नीति कार्यक्रमले कोभिड १९ बाट गाउँपालिकावासीको जीवन रक्षा गर्ने र कोभिड लगायतका महामारी र अन्य विपद्बाट सृजित आर्थिक तथा सामाजिक क्षतिलाई न्यूनीकरण गर्दै विकास प्रक्रियालाई गतिशिल बनाउने प्रमुख लक्ष्य लिएको छ । सबै खाले विपद्बाट सिर्जित संकट व्यवस्थापन र कोभिड १९ का कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका गण्डकी गाउँपालिकावासीलाई कृषि कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्ने तथा पशुपक्षीं व्यवसाय प्रवर्द्धन कार्यक्रम ( वाखा, गाई, भैंसी वंगुर, व्रोइलर तथा लेयर्स कुखुरा, कालिज, वट्टाई, खरायो) अन्तर्गत कोषको व्यवस्था गरी व्यवसाय सञ्चालनको लागि अनुदानको व्यवस्था गरेको छ । कोभिड लगायतको महामारी तथा अन्य विपद्बाट सृजित नकारात्मक असर कम गरी आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम विकास साझेदार निकायहरु सँगको सहकार्यमा अगाडी बढाउने नीति लिएको छ । स्थानीय स्तरमा संक्रमित, पहिचान, परीक्षण, उपचार, आइसोलेसन केन्द्र र क्वारेण्टाइनको व्यवस्था गरिएको छ ।

यस गाउँपालिकामा कोभिड-१९ महामारीका कारण २००० भन्दा बढी संक्रमित रहेको, कुल २५७ जनाले रोजगारी गुमाएको, कुल ५४३ घरपरिवारको व्यवसाय वन्द भएको र १५ करोड भन्दा बढी बराबरको क्षति भईसकेको अनुमान गरिएको छ । महामारीका कारण व्यवसाय, रोजगारी, शिक्षा, स्वास्थ्य र विकास निर्माणको क्षेत्रमा नकारात्मक असर पुगेको छ । जोखिम कायमै रहेको वर्तमान परिवेशमा कोभिड १९ लगायत अन्य महामारीको जोखिम कम गर्दै यसबाट भएको आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक प्रभावलाई मध्यनजर गर्दै आर्थिक सामाजिक पुनर्लाभका लागि रचनात्मक अग्रसरता आवश्यकता रहेको छ ।

### क. सम्भावना तथा अवसर

गण्डकी गाउँपालिका कोभिड १९ लगायतका महामारी तथा अन्य विपद्को रोकथाम सम्बन्धी सचेतना, पूर्व तयारी, उपचार तथा क्षति न्यूनीकरण र राहतका लागि प्रयत्नरत रहेको छ । यस गाउँपालिका क्षेत्रमा रोजगारी गुमाउने संख्या १५६ र राहत पाउनेको संख्या १,९५१ रहेको तथ्याङ्क सहितको कोभिड प्रभाब लेखाजोखा प्रतिवेदन तयार गरिएकोछ । कोभिड १९ सम्बन्धमा सचेतना, सतर्कता, पूर्व तयारी, परीक्षण, उपचार राहत र कोभिड १९ विरुद्धको खोपमा सबैको पहूँच स्थापना जस्ता सबालमा तीन वटै तहका सरकारको विशेष प्राथमिकता

रहेको छ । कोभिड १९ विरुद्धको खोप सेवा स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध गराइएको छ भने गण्डकी गाउँपालिकाले कोभिड १९ को व्यवस्थापनलाई वार्षिक योजनामा उच्च प्राथमिकतामा राखेको छ ।

### ख. समस्या चुनौती

कोभिड १९ नियन्त्रणका लागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट निरन्तर प्रयासहरु भएता पनि नयाँ भेरियन्ट तथा नयाँ लहरहरुको सम्भावना कायमै रहेको छ भने महामारी पूर्ण रुपमा नियन्त्रणमा आइसकेको छैन । दैनिक रुपमा संक्रमित हुने तथा मृत्य वरण गर्नेको संख्या हाल सम्म पनि उल्लेख्य रहेको छ । कोभिड १९ को रोकथाम र संक्रमण न्यूनीकरणका लागि लागू गरि लामो बन्दावन्दी र निषेधाज्ञाको कारण आर्थिक, सामाजिक तथा विकास निर्माणको क्षेत्रमा दुरगामी प्रभावबहरु रहेका छन् । हाल चाडपर्व मनाउँदा तथा विद्यालय, बजार, यातायात, सभा गोष्ठी लगायत जमघट हुने स्थानमा सुरक्षा मापदण्डको पालना गर्ने अभ्यासमा कमी रहेको छ । महामारीलगायतका विपद्का घटना वर्षेनी देखापर्ने गरेको देखिन्छ । गाउँपालिकाको शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, पर्यटन, कृषि, साना उद्योग, व्यापार तथा रोजगारीको क्षेत्रमा महामारी लगायतका विपद्को प्रत्यक्ष रुपमा प्रभाव परेको छ । प्रभाबित क्षेत्रलाई पुनलार्भ लागि योजना समयमा तर्जुमा गरी लागू गर्न ढिला भइसकेको अवस्था छ ।

## १०.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### १०.३.१ सोच

- कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट सुदृढ पुनर्लाभ

### १०.३.२ लक्ष्य

- कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट आर्थिक सामाजिक क्षेत्रलाई पुनःजागृत गराउने

### १०.३.३ उद्देश्य

यस क्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन् :

- कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट प्रभावित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु,
- कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु

### १०.३.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति एवम् कार्यनीति अवलम्बन गरी आर्थिक सामाजिक पूनउत्थान क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: कोभिड १९ लगायतको महामारी र अन्य विपद्बाट प्रभावित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु** | |
| १. कोभिड १९ को महामारीबाट भएको क्षतिको विवरण तयार गरी आर्थिक, सामाजिक तथा विकास निर्माणको क्षेत्रलाई गतिशिल र पुनर्जागृत | १.१ कोभिड महामारीबाट बन्द भएका उद्यम व्यवसाय एवं रोजगारी गुमाएकाहरुको यथार्थ विवरण संकलन तथा अद्यावधिकरण गरिनेछ ।<br>१.२ कोभिड महामारीका कारण विद्यालय शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई विशेष शिक्षाका अवसर प्रदान गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| गराउन प्रोत्साहन, राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने । | १.३ कोभिड महामारीबाट भएको क्षतिको वर्गीकरण र लेखाजोखा गरी कृषि, पर्यटन तथा अन्य व्यवसाय पुनः सञ्चालनका लागि सहयोग तथा राहत उपलब्ध गराइनेछ । |
| २. कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट प्रभाबबाट रोजगारी गुमाएकाहरुका लागि रोजगारीका अवसर सृजना गर्न स्थानीय पूर्वाधार निर्माण, कृषि तथा उद्यम क्षेत्रमा अवसरहरु सृजना गरी प्राथमिकता प्रदान गर्ने । | २.१ स्थानीयस्तरमा सञ्चालन हुने विकास निर्माण आयोजनामा कोभिड महामारीका कारण रोजगारी गुमाएकाहरुका लागि सीप, दक्षता र क्षमता अनुसारको रोजगारीमा प्राथमिकता दिइनेछ ।<br>२.२ कोभिड महामारीका कारण रोजगारी गुमाएकाहरुका लागि कृषि, पर्यटन एवं उद्योग व्यवसाय सञ्चालनसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराइ व्यवसाय सञ्चालनका लागि सहयोग उपलब्ध गराइनेछ ।<br>२.३ स्थानीय स्तरमा रोजगारी सृजना हुने गरी उद्योग तथा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिका लागि विशेष सहुलियत उपलब्ध गराइनेछ । |
| **उद्देश्य २: कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु** | |
| १. कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट परेको नकारात्मक प्रभाब कम गरी आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्न अन्तर-सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने । | १.१ मापदण्ड तयार गरी कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट पुनर्लाभको लागि प्रदान गरिने राहत तथा सहयोग वितरण गरिनेछ ।<br>१.२ कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट प्रभावितका लागि अन्य तहको सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र तथा समुदायमा आधारित संस्थासँग अधिकतम सहयोगको पैरवी र समन्वय गरिनेछ ।<br>१.३ कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट को नकारात्मक प्रभाब कम गर्ने उद्देश्यले सञ्चालन गरिने अन्य तहको सरकार, गैसस, नीजि क्षेत्र, सहकारीका कार्यक्रमहरुमा सहकार्य र साझेदारी हटाइनेछ । |
| २. कोभिड १९ संक्रमित भइ पोष्ट कोभिड प्रभाब रहेका व्यक्तिको पहिचान गरी उपचार तथा मनोपरामर्श सेवा निशुल्क उपलब्ध गराउने । | २.१ कोभिड १९ संक्रमित भइ पोष्ट कोभिड असर रहेका व्यक्तिहरुको विवरण टोलस्तरबाट संकलन तथा अद्यावधिक गरिनेछ ।<br>२.२ पोष्ट कोभिड प्रभाब रहेका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य परीक्षण एवं स्वास्थ्य समस्या पहिचान गरी मनोपरामर्श लगायतका स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराइनेछ ।<br>२.३ पोष्ट कोभिड प्रभाब रहेका विपन्न तथा कमजोर स्वास्थ्य अवस्था रहेका व्यक्तिका लागि राहत तथा विशेष सहयोगको व्यवस्था गरिनेछ। |

## १०.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### १०.४.१ प्रमुख कार्यक्रम तथा आयोजना

यस आवधिक विकास योजना अन्तगत आर्थिक सामाजिक पुनउत्थान क्षेत्रका आयोजना तथा कार्यक्रम गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको सञ्चालन गरिनेछ ।

*तालिका १७: आर्थिक सामाजिक पुनलार्भ क्षेत्रको प्रमुख कार्यक्रम*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (२०७६/७७) | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १: कोभिड १९ को महामारीबाट प्रभाबित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु** | | | | | | | | | ९९७५० | |
| १.१ कोभिड १९ क्षति विवरण संकलन तथा लेखाजोखा | पटक | ० | १ | १००० | | | | | १००० | १००० |
| १.२ विद्यार्थी केन्द्रित अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | ० | ४४ | १००० | १००० | १००० | | | ३००० | ६८ |
| १.३ विद्यालय शिक्षामा वैकल्पिक विधि प्रवर्द्धन कार्यक्रम | विद्यालय | ० | ४४ | २००० | १००० | १००० | १००० | १००० | ६००० | १३६ |
| १.४ आइसोलेसन वार्ड सहित अस्पताल निर्माण र सञ्चालन | संख्या | ० | १ | २५००० | २५००० | २५००० | ५००० | ५००० | ८५००० | |
| १.५ कोभिड १९ प्रभाबित व्यवसायी राहत सहयोग कार्यक्रम | वडा | ० | ५५ | २७५० | | | | | २७५० | ५० |
| १.६ व्यवसाय सञ्चालन सहयोग कार्यक्रम | जना | ० | ४० | २००० | | | | | २००० | ५० |
| **उद्देश्य २: कोभिड १९ बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु** | | | | | | | | | २८१०० | |
| २.१ पोष्ट कोभिड विरामी खोज पडताल तथा उपचार कार्यक्रम | वडा | ० | १२० | १६०० | | | | | १६०० | २०० |
| २.२ कोभिड प्रभावित स्वरोजगार कार्यक्रम | जना | ० | २५० | ४००० | ४००० | | | | ४००० | ३२ |
| २.३ कोभिड अति प्रभाबित विपन्न सहयोग | जना | ० | १५० | १५०० | | | | | ५५०० | १० |
| २.४ मनोसामाजिक परामर्श, सीप तथा क्षमता विकास कार्यक्रम | जना | ० | ५०० | ३००० | ३००० | ३००० | १५०० | १५०० | १२००० | २५ |
| २.५ महामारी व्यवस्थापन क्षमता विकास | पटक | १ | २ | १५०० | १५०० | | | | ३००० | १५०० |
| २.६ समुदाय सचेतना कार्यक्रम | जना | ० | २४० | ५०० | ५०० | ५०० | | | १५०० | ६ |
| २.७ स्वास्थ्यकर्मी उच्चस्तरीय महामारी व्यवस्थापन क्षमता विकास | पटक | ० | २ | २०० | ३०० | | | | ५०० | २५० |
| **आर्थिक सामाजिक पुनउत्थान क्षेत्र कुल जम्मा** | | | | | | | | | १२७८५० | |

### १०.४.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ***अनुसूची १९*** मा प्रस्तुत गरिएको छ ।

### १०.४.३ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतिकरण ***अनुसूची २०*** मा प्रस्तुत गरिएको छ ।

### १०.४.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

कोभिड १९ आर्थिक सामाजिक प्रभावको लेखाजोखा हुनेछ । गाउँपालिकाको ४४ वटा विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन हुनुका साथै वैकल्पिक विधिको उपयोग गरिनेछ । पोष्ट कोभिड विरामीहरु पहिचान भई उपचार सहयोग प्राप्त हुनेछ । गाउँपालिकामा आइसोलेशन वार्ड समेत १५ शैयाको अस्तताल सञ्चालनमा आउनेछ । गाउँपालिकाका भित्रका कोभिड १९ को महामारी लगायतका विपद्‌बाट अति प्रभावित ५०० जनाले मनोसामाजिक र व्यवसायिक परामर्शका साथै सीप, क्षमता विकास र सहयोग प्राप्त गर्नेछन् । सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रको नतिजा खाका ***अनुसूची २१*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद एघार

# संस्थागत विकास तथा सुशासन योजना

## ११.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संवैधानिक व्यवस्था अनुसार विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा रहेका हुन्छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जवाफदेही ढंगले स्थानीय सरकार सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकार निहित रहेको हुन्छ ।

बलिदानीपूर्ण लामो संघर्षको परिणामस्वरुप मूलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारलाई संवैधानिक अधिकार प्राप्त भएको छ । अधिकार, जिम्मेवारी र साधन स्रोतमा बढोत्तरीसँगै जनअपेक्षामा पनि चुलिएका छन । विपद् जोखिमको चूनौति र चुलिएका जनआकांक्षाको सम्बोधन पुरानै सोच र तरिकाबाट संभव छैन । बदलिदो परिवेशमा चुलिएका चूनौति सम्बोधन गर्न विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिन्छ । आगामी दिनमा स्थानीय सरकारले संगठन तथा क्षमता विकास, सूचना प्रविधि उच्चतम उपयोगग र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापन सम्बन्धी वस्तुस्थिति विश्लेषण समेत संस्थागत विकास तथा सुशासन योजनाको प्रारुप तय गरिएको छ ।

## ११.२ सम्भावना तथा अवसर

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत गाउँ शिक्षा ऐन, औद्योगिक व्यवसाय ऐन, पूर्वाधार व्यवस्थापन ऐन, सहकारी ऐन, आर्थिक तथा विनियोजन ऐन समेत ३१ वटा विषयमा नीति तथा ऐन तयारी, प्रमाणीकरण र २४ वटा स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी स्थानीय कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसारका कार्यविभाजन तथा कार्यसम्पादन नियमावली, शिक्षा नियमावली, सार्वजनिक खरीद नियमावली लगायत ७ विषयमा नियमावली र ४१ वटा विषयमा कार्यविधि, ५ वटा निर्देशिका र ४ वटा विषयमा मापदण्ड, २ वटा योजना र ३ रणनीति तयार भई कार्यान्वयन तथा अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद व्यवस्थापन लगायत अन्य विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल उन्मुख रहेका छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ ।

हाल गाउँ कार्यपालिकाको प्रशासनिक केन्द्र साविक भूम्लिचोक गाविसको भवनमा सञ्चालन रहेको र प्रशासनिक भवन निर्माण शुरुवाती चरणमा रहेको छ । यसैगरी वडा नम्बर १, २, ३, ४, ५, र ७ वडा कार्यालयहरु आफ्नै भवनमा र ६ र ८ वडा कार्यालय भाडामा लिई स्थानीय सरकार सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । एकीकृत सेवा सहितको गाउँ कार्यपालिका,

८ वटै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, ८ वटा स्वास्थ्य संस्था र ४ वटा सामुदायिक स्वास्थ्य एकाईहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यपालिका र वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगत समेत ७४ जनाको दरबन्दी रहेकामा २७ जना स्थायी र २८ जना करारमा गरी ५६ जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शन, २०७८ को व्यवस्था अनुसार पहिलो पटक गाउँपालिकाको विषयगत वस्तुस्थिति विवरण र समष्टिगत विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रमसहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएकोछ ।

आवधिक योजनामा गाउँपालिकाको विशेषता, आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न, भूउपयोग तथा बस्ती विकास गुरुयोजना, यातायात गुरुयोजना, पर्यटन र कृषि तथा जलवायु अनुकुलन योजना तर्जुमा गर्ने कार्यक्रम तय गरिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं बस्तीबाटै शुरु गरी समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भैरहेको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि, पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्धारण गरिएको छ । गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, संभाव्यता विश्लेषण र राजस्व परिचालनको विद्यमान अवस्था अध्ययन गरी राजस्व सुधार कार्यक्रम तर्जुमा र सोको आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । सो अनुसार आर्थिक वर्ष २०७७/७८ को आन्तरिक आय, राजस्व बाँडफाँट, अन्तरसरकारी वित्त हस्तान्तरण र अन्य क्षेत्रको औषत अनुपात क्रमशः ३, १५, ८० र २ प्रतिशत रहेको छ । राजस्व सुधार कार्ययोजना तथा राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा कर तथा गैर कर निर्धारण गरी सो अनुसार गत आ.व. २०७७/७८ मा १ करोड ७७ लाख ५५ हजार आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकाको कुल आय बजेटमा आन्तरिक श्रोतको योगदान ३ प्रतिशत मात्र रहेको छ । साथै गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने गैर सरकारी संस्था, सहकारी र समुदायबाट विकास कार्यमा बार्षिक अनुमानित ३ करोड ३२ लाख २० बराबरको लगानी हुने गरेको देखिन्छ । यसैगरी निजी क्षेत्रबाट उत्पादन तथा व्यवसायमूलक आयोजना तथा कार्यक्रममा बार्षिक १ प्रतिशत जति लगानी भएको अनुमान गरिएको छ ।

संघीय संरचना अनुसार गण्डकी प्रदेश गोरखा जिल्लामा अवस्थित यस गाउँपालिकामा कृषि, पर्यटन र उद्यमको केन्द्रको रुपमा रहेको छ भने गाउँपालिकामा प्राकृतिक श्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरु उपलब्ध रहेका छन् । संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा स्थानीय सरकारबाट नागरिकहरुमा सेवा सुविधाको पहुँचमा वृद्धि भएको छ । गाउँपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ । गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादनमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ । गाउँपालिकाको

वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोगमा पनि क्रमशः बढ्दै गएको छ ।

## ११.३ समस्या तथा चूनौति

गण्डकी गाउँपालिका देशको रणनीतिक स्थानमा अवस्थित र विकासको प्रचुर सम्भावनायुक्त भएर पनि भौतिक विकास तथा सेवा प्रवाह सम्बन्धी उपलब्धिमा अपेक्षित रुपमा पछाडि रहेको छ । योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज कार्यप्रणाली स्थापना लगायतका समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

संवैधानिक व्यवस्था अनुसार गाउँपालिकाले विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, उद्यम, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण लगायत एकल अधिकारका विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन सकेको छैन । तर्जुमा भएका नीति, ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, सोको कार्यान्वयन र पालना हुन सकिरहेको छैन । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, आयमूलक र विपद तथा जलवायु उत्थानशील आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ ।

गाउँपालिकामा एकातिर संस्थागत क्षमता कमजोर रहेको छ भने अर्कोतिर निर्वाचित पदाधिकारी र कर्मचारीहरुमा सेवाभाव, मनोबल र जवाफदेहिता कमी रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शिताको कमी देखिन्छ । योजनाबद्ध विकास तथा गुणस्तरीय सेवाको मापदण्ड लागू गर्न राजनीतिक इच्छाशक्ति र दक्षतामा कमी देखिन्छ। विकास व्यवस्थापन र सेवा प्रवाहमा संस्थागत संरचना, मानव संशाधन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ। गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया कार्यसम्पादनमा, दण्ड र पुरस्कारमा आधारित छैन तथा वृत्ती विकासको व्यवस्था लागू हुन सकेको छैन ।

कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरुमा दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरुको स्थायी पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेकोछ। कार्यपालिका कार्यालयको व्यवस्थित प्रशासनिक भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ । गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, उद्यम विकास तथा कृषि लगायतका क्षेत्रको गुरुयोजना तर्जुमा ढिलाई हुँदा ठोस तथा नतिजामुखी विकास छनौट तथा प्राथमिकीकरण, संभाव्यता अध्ययन सहित आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा सम्पन्न गर्न सकिएको छैन ।

गाउँपालिकामा स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ । राजस्व तथा स्रोत परिचालन सम्बन्धी ऐन, कार्यविधि र कार्यप्रणाली र सोको कार्यान्वयन नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कर र गैरकरको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण गाउँपालिकाको विकास उपलब्धिको लागि मुख्य रुपमा संघीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच समन्वय र साझेदारी संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । आधारभूत भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा नीजि क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा प्रवाह, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी आयोजनाको अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त संस्थागत विकास तथा सुशासनसँग सम्बन्धित वस्तुस्थिति विश्लेषण विवरणलाई गाउँ वस्तुस्थिति विवरण २०७७ को दस्तावेजको **अनुसूची १९** मा प्रस्तुत गरिएको छ ।

## ११.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाका स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धी र नतिजा खाकालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ११.४.१ सोच

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको छः

- सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### ११.४.२ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

### ११.४.३ उद्देश्य

गाउँपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,
- स्थानीय सरकारको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- गाउँपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु ।

### ११.४.४ विषयगत रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका १८ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १: स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु** | |
| १. स्थानीय शासन प्रणाली तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाह प्रक्रियालाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरिनेछ । <br> १.२ स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ । <br> १.३ गुनासो तथा क्षतिपूतिको प्रावधान सहितको नागरिक वडापत्रसहितको नतिजामूलक सेवा प्रवाह प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ । <br> १.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धीमा जवाफदेहिता वृद्धि गरिनेछ । <br> १.५ गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ । <br> १.६ सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ । <br> १.७ सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टचार विरुद्ध शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । |
| २. गाउँपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको संलग्नता र अपनत्व वृद्धि गर्ने । | २.१ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । <br> २.२ वडा तथा गाउँपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and Norms) को विकास गरी कार्यान्वयन गरिनेछ । <br> २.३ गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । <br> २.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आधारित संस्था मार्फत नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे प्रवोधीकरण गरिनेछ । |
| **उद्देश्य २: स्थानीय सरकारको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, समावेशी, सूचना प्रविधिमा आधारित र सेवाग्राही मैत्री बनाउने । | १.१ कार्यपालिका तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरी भौतिक सुविधा अभिवृद्धि गरिनेछ । <br> १.२ एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दको रुपमा विकास तथा सुदृढ गरिनेछ । <br> १.३ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमश: वृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ सेवा प्रवाहको सहजता र सुविधाको लागी सरोकारवालाको समन्वयमा घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ ।<br>१.५ विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।<br>१.६ विकास निर्माण, कृषि, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा एकाई स्थापना गरी सेवा प्रवाहलाई सहज बनाइनेछ ।<br>१.७ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ ।<br>१.८ गाउँपालिकाको संस्थागत तथा वित्तीय क्षमता अनुरुप कोभिड लगायत महामारी र विपद पश्चात राहत तथा सुविधा उपलब्ध गराउने र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवं व्यवस्थापनमा सहजीकरण गरिनेछ। |
| २. कार्यपालिका कार्यालय तथा वडा कार्यालय र विषयगत शाखा र सेवा केन्द्रको संगठन क्षमता सुदृढीकरण गर्ने । | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । सो अनुसार प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपुर्तिका लागि नियमित रुपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ ।<br>२.२ कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>२.३ संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.४ क्षमता विकास, प्रोत्साहन र वृत्ती विकासको माध्यमद्धारा गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>२.५ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ ।<br>२.६ प्रशासनिक र प्राविधिक कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकहरुको गाउँपालिका भित्रका सरुवा, बढुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिबृद्धिको अवसरलाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइनेछ ।<br>२.७ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई नगद पुरस्कार र बढुवाको व्यवस्था गरिनेछ । |
| ३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने | ३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा प्रचलित कानून र कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत नीति, ऐन, नियम कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा सञ्जाल निर्माण, क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.४ गाउँपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३: गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | |
| १. आन्तरिक राजस्व व्यवस्थापन प्रणाली सुदृढ गर्ने । | १.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ नियमित वैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा थप वृद्धि गरिनेछ ।<br>१.३ आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक र छलफल गरिनेछ ।<br>१.४ कोभिड १९ लगायतका महामारीले व्यापार व्यवसायमा परेको असरलाई ध्यानमा राखी सो अवधीमा बुझाउने पर्ने कर तथा शुल्कको रकममा छुटको व्यवस्था गरिनेछ ।<br>१.५ माद्यामिक तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुर सम्बन्धी विषय समावेश गरी पठनपाठन शुरुवात गरिनेछ ।<br>१.६ राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>१.७ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>१.८ व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र बार्षिक कर संकलनलाई सहज बनाइनेछ। |
| २. राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | २.१ राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था गरी सीप तथा दक्षता अभिबृद्धि गरिनेछ ।<br>२.२ स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ ।<br>२.३ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.४ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>२.५ बार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.६ गाउँपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ।<br>२.७ सूचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ ।<br>२.८ बढी राजस्व संकलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सहुलियतको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सरकारी र सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र परिचालन गर्ने । | ३.१ स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समोचित व्यवस्थापन गरिनेछ ।<br>३.२ कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३.३ प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरु सँग साझेदारी विकास गर्ने । | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिबृद्धि गरिनेछ ।<br>४.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ ।<br>४.३ निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको प्रयास गरिनेछ ।<br>४.४ गाउँपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्था र अन्तरराष्ट्रिय गैसससँग समन्वय गरी गाउँसभामा बार्षिक कार्यक्रम तथा |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु,** | |
| १. योजना व्यवस्थापन प्रक्रियालाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री र पारदर्शी बनाउने । | १.१ आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा गाउँपालिकामा आयोजन वैंक तयार गरिनेछ ।<br>१.२ कार्यविधि तयार गरी विस्तृत संभाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.३ आयोजनाको प्राविधिक लगत इस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ पुर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागु गरिनेछ ।<br>१.५ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको आर्थिक सामाजिक उपलब्धीको लेखाजोखा समेत सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने । | २.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ ।<br>२.३ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>२.४ एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी बार्षिक कार्यान्वयन योजना तयार गर्ने सो अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>२.५ वार्षिक कार्ययोजना निर्माण गरी सफ्टवयर खालका कार्यक्रम कार्यान्वयन हुनु अघि स्पष्ट कार्यविधि र मापदण्ड बनाइनेछ र सो अनुसार कार्यक्रममा गुणस्तर र एकरुपकता कायम गरिनेछ ।<br>२.६ २५ लाख भन्दा माथिको लागतका आयोजनाहरुको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.७ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, बार्षिक, मद्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र बार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने । | ३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ।<br>३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ । |

### ११.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

#### ११.५.१ प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । यस विषय क्षेत्र अन्तर्गतका कार्यक्रमको स्थानगत तथा आयोजना गत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १९ : सुशासन तथा संस्थागत विकास क्षेत्रको कार्यान्वयन योजना*

*रकम रु. हजारमा*

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाई लागत | प्रमुख जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| **उद्देश्य १: स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु** | | | | | | | | | | | |
| २.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रकाशन तथा प्रकाशन | विषय | ६८ | ८३ | ४०० | ६०० | ६०० | ४०० | ४०० | २४०० | २०० | गाउँपालिका |
| २.२ सुशासन तथा स्थानीय सरकार जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ० | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० | गाउँपालिका |
| २.३ नागरिक सन्तुष्टी सर्वेक्षण तथा नागरिक वहस कार्यक्रम | पटक | ० | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २०० | गाउँपालिका |
| २.४ विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० | गाउँपालिका |
| २.५ कानूनी साक्षरता, विवाद मध्यस्थता र मेलमिलाप कार्यक्रम | पटक | १ | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० | गाउँपालिका |
| २.६ स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | पटक | ० | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | गाउँपालिका |
| **उद्देश्य १ को जम्मा जम्मा** | | | | | | | | | २०१५० | | |
| **उद्देश्य २: स्थानीय सरकारको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,** | | | | | | | | | | | |
| २.५ कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | ० | ९ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ६७५०० | ७५०० | नेपाल सरकार |
| २.६ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | गाउँपालिका |
| २.७ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २ | २० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | २७५ | गाउँपालिका |
| २.८ अन्तर स्थानीय तह समन्वय अनुभव आदानप्रदान कार्यक्रम | पटक | ० | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ३०० | गाउँपालिका |
| २.९ कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | गाउँपालिका |
| २.१० संगठन व्यवस्थापन सर्वेक्षण तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | ७५० | ० | ० | ७५० | ० | १५०० | ७५० | गाउँपालिका |
| २.११ सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम (कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरु समेत) | एकाई | ० | २० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १२५० | गाउँपालिका |
| २.१२ न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | गाउँपालिका |
| २.१३ टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ० | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | गाउँपालिका |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाई लागत | प्रमुख जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| २.१४ लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ३ | ५० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४० | गाउँपालिका |
| २.१५ गैसस समन्वय, साझेदारी प्रवर्द्धन तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ० | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | गाउँपालिका |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | | ११८५०० | | |
| **उद्देश्य ३: गाउँपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु** | | | | | | | | | | | |
| ३.१ राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण र प्रक्षेपण (राजश्व सुधार कार्ययोजना परिमार्जन) | पटक | १ | २ | ० | ० | १००० | ० | १००० | २००० | १००० | गाउँपालिका |
| ३.२ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन | पटक | ० | ५ | १००० | ४०० | ४०० | ४०० | ४०० | २६०० | ५०० | गाउँपालिका |
| ३.३ राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | १००० | ३०० | ३०० | ३०० | ३०० | २२०० | ५०० | गाउँपालिका |
| ३.४ करदाता शिक्षा कार्यक्रम (वडा स्तरमा बार्षिक २ पटक) | पटक | ० | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | गाउँपालिका |
| ३.५ करदाता प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | २०० | २०० | २०० | २०० | १००० | २०० | गाउँपालिका |
| ३.६ राजस्व परिचालन र अनुगमन कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | गाउँपालिका |
| ३.७ आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | गाउँपालिका |
| ३.८ अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्बाद कार्यक्रम | पटक | ० | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | गाउँपालिका |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | | १४३०० | | |
| **उद्देश्य ४: योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु** | | | | | | | | | | | |
| ४.१ स्थानीय आयोजना वैक स्थापना र सूची अद्यावधीकरण | पटक | ० | ५ | ४००० | ५०० | ५०० | ५०० | ५०० | ६००० | १२०० | गाउँपालिका |
| ४.२ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन) | विषय | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | गाउँपालिका |
| ४.३ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली सञ्चालन | पटक | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | गाउँपालिका |
| ४.४ मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | १ | ६ | ९०० | ९०० | २००० | १००० | १००० | ५८०० | ९६६ | गाउँपालिका |
| ४.५ तेश्रो पक्षवाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्याङ्कन (रु. २५ लाख भन्दा बढी लागतका बाषिक ३ वटा) | आयोजना | ० | १५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ६०० | गाउँपालिका |
| ४.६ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम (चैत्रासिक रुपमा) | पटक | ० | २० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १५०० | १०० | गाउँपालिका |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/०७७) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाई लागत | प्रमुख जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | | |
| ४.७ वस्तुस्थिति विवरण अद्यावधीकरण | पटक | १ | २ | ० | ० | १५०० | ० | १५०० | ३००० | १५०० | गाउँपालिका |
| ४.८ बार्षिक बजेट तथा कार्यक्रमको लैंगिक तथा जलवायु परीक्षण | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | गाउँपालिका |
| **विकास व्यवस्थापन जम्मा** | | | | | | | | | **३९३००** | | |
| **संस्थागत विकास कुल जम्मा** | | | | | | | | | १९२२५० | | |

### ११.५.२ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरण देहायअनुसार ***अनुसूची २१*** मा प्रस्तुत गरिएको छ ।

### ११.५.३ अपेक्षित उपलब्धी तथा नतिजा खाका

संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड, प्रवोधीकरण, कार्यान्वयनको अवस्था अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ । अधिकार क्षेत्रका स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन, प्रसारण तथा सचेतना कार्यक्रम मार्फत प्रवोधीकरण गरी गाउँपालिकाबासीलाई जानकारी भएको हुनेछ । स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड पालनामा अभिबृद्धि भएको हुनेछ । गाउँपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धि बारे नागरिक बहश लगायत सामाजिक जवाफदेहिता प्रवर्द्धन औजारहर मार्फत नागरिकको पृष्ठपोषण प्राप्त हुनेछ र सोको आधारमा नीति, कानून तथा कार्यविधि परिमार्जन भएका हुनेछन् । निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत सार्वजनिक निर्णय र कार्यसम्पादन र विकास उपलब्धिको निगरानीमा अभिबृद्धि भएको हुनेछ । विश्वविद्यालय तथा कलेजसँग समन्वय र सहकार्य मार्फत विकास नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको उपलब्धि बारे अध्ययन तथा सर्वेक्षण भएको हुनेछ ।

संगठन व्यवस्थापन सर्वेक्षण भई कार्यालयको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ती, संगठन सुदृढीकरण र क्षमता विकासका कार्यहरु सञ्चालन हुनेछन् । योजना तथा बजेट तर्जुमा, खरिद व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, विषय क्षेत्रगत नीति, कानून र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका बार्षिक करिब १२० जनाको क्षमता विकास भएको हुनेछ । विषय क्षेत्रगत एकीकृत सेवा समेत गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्द्र भवन निर्माण र भौतिक व्यवस्था, औजार उपकरण र सूचना प्रविधि उपलब्ध भएको हुनेछ । गाउँपालिकाका प्रमुख वस्तीहरुमा ८० भन्दा बढी टोल विकास संस्थाहरु गठन तथा परिचालन मार्फत विकास निर्माण र सेवा प्रवाहमा समुदाय परिचालन, नागरिक सहभागिता र निगरानीमा अभिबृद्धि भएको हुनेछ । समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा बृद्धि हुनेछ ।

संविधान तथा प्रचलित कानून बमोजिम गाउँपालिकाबासी, उद्यमी व्यवसायी, निजी क्षेत्र तथा सरोकारवालासँग रायपरामर्श गरी कर, गैरकर राजस्व परिचालन, राजस्व बाँडफाँट, अनुदान, जनसहभागिता र आन्तरिक ऋण मार्फत गाउँपालिकाको तुलनात्मक लाभ तथा प्राथमिकताको क्षेत्रमा लगानी बृद्धि हुनेछ । गाउँपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदान १० प्रतिशत पुगेको हुनेछ । गाउँपालिकाको कूल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान ५ प्रतिशत भन्दा बढी पुगेको हुनेछ ।

स्थानीय आवश्यकता, माग र प्राथमिकता एवं चालु आयोजना सञ्चालनको अवस्था अध्ययनका आधारमा गाउँपालिकामा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन हुनेछन् । दीर्घकालीन तथा आवधिक योजनाको आधारमा कृषि, पर्यटन, उद्यम तथा पूर्वाधार विकास लगायत गाउँपालिकाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रहरुको रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन

तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलब्धीको मापन प्रणाली संस्थागत हुनेछ । स्थानीय सुशासन तथा संस्थागत विषयत क्षेत्रको नतिजा खाका ***अनुसूची २३*** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद वाह

# कार्यान्वयन व्यवस्था

## १२.१ वित्तीय व्यवस्थापन योजना

### *१२.१.१ श्रोत अनुमान तथा प्रक्षेपण*

प्रथम आवधिक विकास योजना गाउँपालिका नेतृत्व तथा गाउँ विकासका सरोकारवालाहरुको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ । योजनाको अपेक्षित नतिजा हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन/लगानी योजनामा गाउँपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरुको प्रक्षेपण गरिएको छ । यस योजनाको अवधिमा आन्तरिक, वाह्य श्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा ५ अरब ४८ करोड १३ लाख ८५ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ । स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका २० : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु हजारमा)*

| क्र.सं. | बजेटका स्रोतहरु | आ.व. २०७५/७६ यथार्थ | आ.व. २०७६/७७ यथार्थ | आ.व. २०७७/७८ अनुमानित | आगामी ५ आर्थिक वर्षको प्रक्षेपण | | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| **१** | **आन्तरिक आय** | **२१५५५** | **१७३०५** | **१७७५५** | **२७९४०** | **२९४३३** | **३१०१०** | **३२६७६** | **३४४३७** | **१५५४९६** |
| १.१ | कर राजस्व | ४५४ | ३६५ | २०५० | २४१५ | २६३२ | २८६८ | ३१२८ | ३४१२ | १४४५४ |
| | सम्पत्ती कर | ० | ० | ६०० | ८४५ | ९३० | १०२२ | ११२५ | १२३७ | ५१५९ |
| | मालपोत वा भूमिकर | १२२ | १२० | ५०० | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ |
| | घरजग्गा वहाल कर | ३२ | ५६ | ५० | ८० | ८८ | ९७ | १०६ | ११७ | ४८८ |
| | व्यवसाय कर | ३०० | १८९ | ९०० | ९९० | १०८९ | ११९८ | १३१८ | १४४९ | ६०४४ |
| १.२ | गैर कर राजस्व | २११०१ | १६९४० | १५७०५ | २५५२५ | २६८०१ | २८१४१ | २९५४८ | ३१०२६ | १४१०४२ |
| | ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट विक्री | ३५२१ | ११९६० | १०१३० | २०१०० | २११०५ | २२१६० | २३२६८ | २४४३२ | १११०६५ |
| | जराजुरी र दहत्तर वहत्तर विक्री | ० | ० | १५०० | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ |
| | व्यवसाय रजिष्टेशन दस्तुर | ४५४ | ० | ५०० | ५५० | ५७८ | ६०६ | ६३७ | ६६९ | ३०३९ |
| | नक्शापास दस्तुर | | ११२ | ६०० | ४७५ | ४९९ | ५२४ | ५५० | ५७७ | २६२५ |
| | सिफारिश दस्तुर | १५०५२ | १०५५ | ८०० | ८८० | ९२४ | ९७० | १०१९ | १०७० | ४८६३ |
| | प्रमाणित दस्तुर | ६४ | ९२ | २५० | ३५० | ३६८ | ३८६ | ४०५ | ४२५ | १९३४ |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | १६७ | ० | २५ | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ |
| | अन्य दस्तुर | ० | ० | ० | ७० | ७४ | ७७ | ८१ | ८५ | ३८७ |
| | अन्य आय | १८४३ | ३७२१ | १९०० | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ |
| **२** | **राजस्व वाँडफाडबाट प्राप्त आय** | **५२२११** | **५३११०** | **७७९४४** | **८२४९४** | **८६६१९** | **९०९५०** | **९५४९७** | **१००२७२** | **४५५८३१** |
| २.१ | नेपाल सरकार | ५०३४० | ४९५३५ | ७३४४९ | ७३९६६ | ७७६६४ | ८१५४८ | ८५६२५ | ८९९०६ | ४०८७०९ |

| क्र.सं. | बजेटका स्रोतहरु | आ.व. २०७५/७६ यथार्थ | आ.व. २०७६/७७ यथार्थ | आ.व. २०७७/७८ अनुमानित | आगामी ५ आर्थिक वर्षको प्रक्षेपण | | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| | मूल्य अभिवृद्धि कर तथा अन्त शुल्क | ५०३४० | ४९५३५ | ७३४४९ | ७३९६६ | ७७६६४ | ८१५४८ | ८५६२५ | ८९९०६ | ४०८७०९ |
| २.२ | प्रदेश सरकार | १८७१ | ३५७५ | ४४९५ | ८५२८ | ८९५४ | ९४०२ | ९८७२ | १०३६६ | ४७१२३ |
| | बाँडफाँटबाट प्राप्त सवारी साधन कर | १८७१ | ३५७५ | ४४९५ | ६०२८ | ६३२९ | ६६४६ | ६९७८ | ७३२७ | ३३३०९ |
| | घरजग्गा रजिष्ट्रेशन शुल्क | ० | ० | ० | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ |
| ३ | **रोयल्टी बाँडफाँट** | **०** | **०** | **०** | **१०००** | **१०५०** | **११०३** | **११५८** | **१२१६** | **५५२६** |
| | वनबाट प्राप्त रोयल्टी बाँडफाँट | ० | ० | ० | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ |
| ४ | **अन्तर सरकार वित्तीय हस्तान्तरण** | **२९१७८५** | **३३६६२६** | **४२०६३९** | **४३९४०३** | **४६१३७३** | **४८४४४२** | **५०८६६४** | **५३४०९७** | **२४२७९७९** |
| ४.१ | नेपाल सरकार | २८५८९७ | ३१२०६३ | ३९५४६३ | ४०७२०० | ४२७५६० | ४४८९३८ | ४७१३८५ | ४९४९५४ | २२५००३७ |
| | वित्तीय समानीकरण अनुदान | १३३३०० | १३४१०० | १३४१०० | १३८९०० | १४५८४५ | १५३१३७ | १६०७९४ | १६८८३४ | ७६७५१० |
| | सशर्त अनुदान | १५२५९७ | १६४६६३ | २४४६६३ | २३७८०० | २४९६९० | २६२१७५ | २७५२८३ | २८९०४७ | १३१३९९५ |
| | समपुरक अनुदान | ० | १३३०० | १६७०० | १३९०० | १४५९५ | १५३२५ | १६०९१ | १६८९६ | ७६८०६ |
| | विशेष अनुदान | ० | ० | ० | १६६०० | १७४३० | १८३०२ | १९२१७ | २०१७७ | ९१७२५ |
| ४.२ | प्रदेश सरकार | ५८८८ | २४५६३ | २५१७६ | ३२२०३ | ३३८१३ | ३५५०४ | ३७२७९ | ३९१४३ | १७७९४२ |
| | वित्तीय समानीकरण अनुदान | ५८८८ | १९५६३ | १२१५६ | १७२०३ | १८०६३ | १८९६६ | १९९१५ | २०९१० | ९५०५७ |
| | सशर्त अनुदान | ० | ० | ३००० | ३००० | ३१५० | ३३०८ | ३४७३ | ३६४७ | १६५७७ |
| | विशेष अनुदान | ० | ० | २००० | ५००० | ५२५० | ५५१३ | ५७८८ | ६०७८ | २७६२८ |
| | समपुरक अनुदान | ० | ५००० | ८०२० | ७००० | ७३५० | ७७१८ | ८१०३ | ८५०९ | ३८६७९ |
| ५ | **अन्य अनुदान** | **०** | **०** | **०** | **९५४५३** | **१००२२६** | **१०५२३७** | **११०४९९** | **११६०२४** | **५२७४३८** |
| | नेपाल सरकार | | | | ६८२५० | ७१६६३ | ७५२४६ | ७९००८ | ८२९५८ | ३७७१२४ |
| | गण्डकी प्रदेश सरकार | | | | २७२०३ | २८५६३ | २९९९१ | ३१४९१ | ३३०६५ | १५०३१४ |
| ६ | **जनसहभागिता** | **०** | **०** | **०** | **९३६६** | **९८३४** | **१०३२६** | **१०८४३** | **११३८५** | **५१७५४** |
| ७ | **संघ र प्रदेश सरकारको कार्यक्रममा लगानी** | **०** | **०** | **०** | **१७००००** | **१७८५००** | **१८७४२५** | **१९६७९६.३** | **२०६६३६** | **९३९३५७** |
| | नेपाल सरकारको कार्यक्रममा लगानी | ० | ० | ० | १२०००० | १२६००० | १३२३०० | १३८९१५ | १४५८६१ | ६६३०७६ |
| | प्रदेश सरकारको कार्यक्रममा लगानी | ० | ० | ० | ५०००० | ५२५०० | ५५१२५ | ५७८८१ | ६०७७५ | २७६२८२ |

| क्र.सं. | बजेटका स्रोतहरु | आ.व. २०७५/७६ यथार्थ | आ.व. २०७६/७७ यथार्थ | आ.व. २०७७/७८ अनुमानित | आगामी ५ आर्थिक वर्षको प्रक्षेपण | | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| ८ | नीजि क्षेत्रको लगानी | ० | ० | १८७७० | १९७०९ | २०६९४ | २१७२९ | २२८१५ | २३९५६ | १०८९०२ |
| ९ | गैसस योगदान | ० | ० | ३३२२० | ३४८८१ | ३६६२५ | ३८४५६ | ४०३७९ | ४२३९८ | १९२७४० |
| १० | नगद मौज्दात | | ४३२४१ | ७६१२८ | १११५४६ | ११७१२३ | १२२९७९ | १२९१२८ | १३५५८५ | ६१६३६२ |
| | जम्मा आय | ३६५५५१ | ४५०२८२ | ६४४४५६ | ९९१७९२ | १०४१४७७ | १०९३६५६ | ११४८४५५ | १२०६००५ | ५४८१३८५ |

### *१२.१.२ विषयक्षेत्र अनुसार आवश्यक स्रोत अनुमान*

स्रोत अनुमानको आधार कार्यशाला गोष्ठीको छलफल, प्राविधिक संभाव्यता तथा प्रति एकाई लागत रहेको छ । आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ । जसअनुसार आवधिक विकास योजना अवधिका लागि कूल ५ अरब, ५२ करोड, ४६ लाख स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका २१ : विषय क्षेत्रगत स्रोत अनुमान*

| सि. नं. | विषय क्षेत्र एवं उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **उद्देश्य १** | **आर्थिक विकास** | **८३३०००** | **१५.१** |
| प्रतिफल १.१ | कृषि विकास | २९९५०० | ५.४ |
| प्रतिफल १.२ | सिंचाई विकास | ६०००० | १.१ |
| प्रतिफल १.३ | पशु विकास | १८८५०० | ३.४ |
| प्रतिफल १.५ | उद्योग र व्यापार | ६९५०० | १.३ |
| प्रतिफल १.६ | वित्तीय सेवा र श्रम चथा रोजगार | २१५५०० | ३.९ |
| **उद्देश्य २** | **पर्यटन तथा संस्कृति** | **६५०००** | **१.२** |
| प्रतिफल २.१ | पर्यटन प्रवर्द्धन | ५७००० | १.० |
| प्रतिफल २.२ | संस्कृति संरक्षण | ८००० | ०.१ |
| **उद्देश्य ३** | **सामाजिक विकास** | **९४४७५०** | **१७.१** |
| प्रतिफल ३.१ | शैक्षिक विकास | ५०७००० | ९.२ |
| प्रतिफल ३.२ | स्वास्थ्य तथा पोषण | २२८५०० | ४.१ |
| प्रतिफल ३.३ | खानेपानी तथा सरसफाई | १२६२५० | २.३ |
| प्रतिफल ३.४ | महिला, बालबालिका र समावेशीकरण | ३७५०० | ०.७ |
| प्रतिफल ३.५ | युवा तथा खेलकुद | ४५५०० | ०.८ |
| **उद्देश्य ४** | **पूर्वाधार विकास** | **३०४७५८०** | **५५.२** |
| प्रतिफल ४.१ | आवास, भवन र शहरी विकास | ६२६५०० | ११.३ |
| प्रतिफल ४.२ | सडक तथा यातायात | २२८५००० | ४१.४ |
| प्रतिफल ४.३ | विद्युत तथा वैकल्पिक उर्जा | ११९५०० | २.२ |
| प्रतिफल ४.४ | सूचना तथा संचार | १६५८० | ०.३ |
| **उद्देश्य ५** | **वन तथा वातावरण** | **२०८४७०** | **३.८** |
| प्रतिफल ५.१ | वन, जैविक विविधता र हरियाली | २३६५० | ०.४ |
| प्रतिफल ५.२ | भू तथा जलाधार व्यवस्थापन | १४६९०० | २.७ |
| प्रतिफल ५.३ | वातावरण र फोहोरमैला व्यवस्थापन | ८४२० | ०.२ |
| प्रतिफल ५.४ | जलवायु परिवर्तन अनुकुलन | २९५०० | ०.५ |
| **उद्देश्य ६** | **विपद जोखिम न्यूनीकरण र व्यवस्थापन** | **१०५७५०** | **१.९** |
| प्रतिफल ६.१ | विपद जोखिम न्यूनीकरण | ७५१०० | १.४ |
| प्रतिफल ६.२ | विपद व्यवस्थापन | २१३०० | ०.४ |
| प्रतिफल ६.३ | विपद पुनर्लाभ तथा पुनर्स्थापना | ९३५० | ०.२ |
| **उद्देश्य ७** | **सामाजिक आर्थिक पुनर्लाभ** | **१२७८५०** | **२.३** |

| सि. नं. | विषय क्षेत्र एवं उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| प्रतिफल ७.१ | सामाजिक आर्थिक पुनजागृति | ९९७५० | १.८ |
| प्रतिफल ७.२ | राहत तथा क्षतिपूर्ति | २८१०० | ०.५ |
| **उद्देश्य ८** | **संस्थागत विकास र सुशासन** | **१९२२५०** | **३.५** |
| प्रतिफल ८.१ | नीति तथा कानून | २०१५० | ०.४ |
| प्रतिफल ८.२ | संगठन तथा क्षमता विकास | ११८५०० | २.१ |
| प्रतिफल ८.३ | श्रोत परिचालन | १४३०० | ०.३ |
| प्रतिफल ८.४ | विकास व्यवस्थापन | ३९३०० | ०.७ |
| | **कुल जम्मा** | **५५२४६५०** | **१००** |

उपरोक्त तालिकामा प्रस्तुत विषय क्षेत्रअनुसारको अनुमानित श्रोतको विवरण देहायको वृत्तचित्रमार्फत प्रस्तुत गरिएको छ ।




### *१२.१.३ परिचालन रणनीति*

यस आवधिक योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्न योजना अवधिको ५ बर्षमा विभिन्न स्रोतहरुबाट कुल ५ अरव, ४८ करोड, १३ लाख स्रोत उपलब्ध हुने प्रक्षेपण गरिएको छ। यस योजना प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न ५ अरब ५२ करोड ४६ लाख रुपैया स्रोत आवश्यक हुने अनुमान गरिएको छ। योजनाको प्रस्तावित लक्ष्य तथा उद्देश्य हासिल गर्न ४ करोड ३२ लाख स्रोत अपुग हुने देखिन्छ। यस सम्बन्धी विवरण देहायअनुसारको तालिमामा प्रस्तुत गरिएको छ।

*तालिका २२ : अनुमानित श्रोत तथा उपलब्ध बजेट प्रक्षेपण*

| **आवश्यक श्रोत एवं उपलब्ध हुन सक्ने श्रोत अनुमान** | **रकम (रु हजारमा)** | **प्रतिशत** |
|---|---|---|
| आवधिक योजनाको आवश्यक श्रोत अनुमान | ५४८१३८५ | १०० |
| आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोतको प्रक्षेपण | ५५२४६५० | १००.८ |
| **नपुग श्रोत** | **-४३२६५** | **-०.८** |

आवधिक योजना कार्यान्वयनका लागि आवश्यक तथा नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोतका रुपमा सम्पत्ति कर तथा भूमि कर, व्यवसाय कर, वहाल कर तथा वहाल विटौरी शुल्क, दस्तुर, अन्य विक्री, सेवा शुल्कको दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने वृहत आयोजना सञ्चालनको लागि नेपाल सरकार र विकास साझेदारसँग अनुरोध तथा पैरवी गर्ने
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानको वृद्धिका लागि आवश्यक पहल गर्ने
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने
- उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने
- अन्तर स्थानीय सरकार संयुक्त लगानीका आयोजना छनौट गरी श्रोत परिचालन गर्ने
- समुदाय तथा नीजि क्षेत्रसँग लागत साझेदारीमा कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने
- संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट थप स्रोत परिचालन गर्न पैरवी गर्ने

## १२.२ आवधिक योजना कार्यान्वयन

आवधिक योजनाको कार्यान्वयन बार्षिक बजेट तथा कार्यक्रममार्फत गरिनेछ। यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ। आवधिक विकास योजनामा आधारित भई तीन बर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यकालीन खर्च संरचनाबमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा बार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ।

यसैगरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईने छ। योजनाको स्वीकृती पछि कार्यपालिकाबाट सबै विषयगत समिति एवं शाखा, सबै वडा कार्यालय तथा सम्बन्धीत सरोकारवालालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैंक, मध्यमकालीन खर्च योजना र सो बमोजिम बार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ। स्थानीय सरकारले तर्जुमा गर्नु पर्ने आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम (योजना) बीचको अन्तरसम्बन्ध देहायअनुसार रहनेछ।



Activate Windows

### *१२.२.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना*

संघीय सरकारले उपलब्ध गराएको संगठन संरचना तथा यस गाउँपालिकाले स्वीकृत गरेको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली बमोजिम कार्य सम्पादन तथा सेवा प्रवाह हुने गरेको छ । संघीय ऐन बमोजिम कर्मचारी समायोजन भए पश्चात वडा कार्यालय समेत कार्यपालिका कार्यालयबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई सहज, प्रभावकारी र नतिजामुखी बनाउन अभ्यासरत रहेको छ। यस गाउँपालिकामा ४ वटा शाखा र ११ वटा एकाई र ८ वटा वडा कार्यालय प्रस्ताव गरिएका छन् । प्रस्तावित संगठन संरचना अनुसार कूल ३५ रहने गरी कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ। उक्त दरबन्दी बाहेक कार्यालय सहयोगी र हल्का सवारी चालकको दरबन्दी संख्या २० जना रहेको छ। गण्डकी गाउँपालिका संगठन संरचना देहायअनुसार प्रस्तुत गरिएको छ :




गाउँपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य, उद्देश्य एवम् विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न, प्रस्तावित रणनीति, कार्यनीति र कार्यक्रम सञ्चालन गर्न देहायअनुसार मानव संशाधन प्रस्ताव गरिएको छ। उक्त मानव संशासन स्थानीय सेवा सञ्चालनको नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन सकिनेछ। मानव संशाधनको प्रस्तावित कर्मचारी दरबन्दीलाई आधार लिईएको छ।

*तालिका २३ : प्रस्तावित कर्मचारी दरबन्दी*

| विषय क्षेत्र | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत आठौ/नवौ | अधिकृत सातौं | अधिकृत छैटौ | सहायक पाँचौ | सहायक चौथो | श्रेणी विहिन | जम्मा |
| प्रशासन तथा स्थानीय कानून | १ | १ | १ | १० | १० | १० | ३३ |
| शिक्षा, युवा तथा खेलकुद विकास | १ | ० | १ | ० | ० | ० | २ |
| कृषि, पशु विकास, उद्योग र पर्यटन | ० | १ | २ | २ | ० | ० | ५ |
| जनस्वास्थ्य, पोषण र सरसफाई | १ | ० | २ | १२ | १० | १० | ३४ |
| योजना, पूर्वाधार विकास र अनुगमन | १ | ० | २ | ४ | ४ | ० | १० |
| वातावरण तथा विपद व्यवस्थापन | ० | ० | १ | १ | ० | ० | २ |
| महिला बालबालिका र समाज कल्याण | ० | ० | १ | २ | ० | ० | ३ |
| सामाजिक सुरक्षा तथा पञ्जिकरण | ० | ० | ० | १ | १ | ० | २ |
| आर्थिक प्रशासन तथा राजस्व | ० | ० | १ | १ | ० | ० | २ |
| सूचना तथा प्रविधि | ० | ० | १ | ० | ० | ० | १ |
| **जम्मा** | ४ | २ | १२ | ३५ | २५ | २० | १०८ |

नोटः यस प्रस्तावमा संघीय निजामति सेवाबाट पदस्थापना हुने प्रमुख प्रशासकीय अधिकृत र विद्यालयमा अध्यापन गर्ने शिक्षकहरु समावेश गरिएको छैन

## १२.३ अनुगमन तथा मूल्याकंन योजना

### *१२.३.१ विद्यमान व्यवस्था र अवस्था*

गाउँपालिकामा अनुगमन तथा मुल्याकंनलाई गाउँ कार्यपालिका कार्यालय, विषयगत समिति तथा शाखा, अनुगमन तथा सुपरिवेक्षण समिति तथा सम्बन्धित परियोजना र जिससबाट अनुगमन तथा मूल्याकंनको अभ्यास रहेको छ। श्रोत साधन, जनशक्ति तथा प्राविधिक दक्षताको कमिका कारण अनुगमन कार्यलाई नतिजा खाका तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु हासिल भए नभएको सन्दर्भमा व्यवस्थित अभ्यासको कमी रहेको छ। तथापि, आयोजनाको प्रगतिको अवस्था तथा समयमै तोकिएको सर्तमा सम्पन्न हुन गर्नुपर्ने कार्यलाई सचेत गराउने र सम्पन्न भए नभएको आर्थिक वर्षको अन्तमा अनुगमन गर्ने परिपाटी यस गाउँपालिकामा रहेको छ ।

### *१२.३.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी*

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछ।

- गाउँ कार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति
- विषयगत शाखा, उपशाखा, एकाई, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

### *१२.३.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया*

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन

- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहायअनुसार प्रस्ताव गरिएको छ । यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना समेत बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गाउँ कार्यपालिकाले गर्नेछ ।

*तालिका २४ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया*

| के गर्ने? | पुष्टयाई के बाट गर्ने? | कहिले गर्ने? | कसरी गर्ने? | कसले गर्ने? |
|---|---|---|---|---|
| प्रभाव तह अनुगमन तथा मूल्याङ्कन | - प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>- प्रभाव अनुगमन प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- मध्यावधी समीक्षा<br>- वस्तुस्थिति विवरण<br>- आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | - योजना अवधि समाप्ती पछि<br>- मध्यावधि (तेश्रो बर्षको अन्त्यमा)<br>- प्रभाव नतिजा अनुगमन ( अन्तिम बर्ष) | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- सहभागितामूलक छलफल गर्ने<br>- अध्ययन तथा सर्वेक्षण गर्ने<br>- कार्यपालिका र सभाको वैठकमा समीक्षा गर्ने | - कार्यपालिका, सरोकारवाला र तेश्रो पक्ष |
| असर तह अनुगमन तथा मूल्याङ्कन | - मद्यावधी समीक्षा प्रतिवेदन<br>- असर अनुगमन प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - बार्षिक, मद्यावधि र अन्तिम बर्ष | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- नमूना सर्वेक्षण गर्ने<br>- कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- आयोजना कार्यक्रमको कार्य सम्पादन प्रतिवेदन विश्लेषण गर्ने<br>- आयोजना तथा कार्यक्रम सम्पन्न स्थिति र खर्च विवरण अध्ययन गर्ने<br>- सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>- सहभागितामूलक रुपमा समीक्षा गोष्ठी गर्ने | - सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |
| प्रतिफल अनुगमन तथा मूल्याङ्कन | - चौमासिक प्रगति प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - चौमासिक, अर्धवार्षिक, बार्षिक र मद्यावधी | - स्थलगत अनुगमन गर्ने<br>- बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | - गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | - मासिक प्रगति प्रतिवेदन<br>- चौमासिक प्रगति प्रतिवेदन<br>- गुणस्तर अनुगमन प्रतिवेदन | - पटके, मासिक, चौमासिक र बार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने | - अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति, विषयगत शाखा, एकाई परियोजना तथा गैसस |

# परिच्छेद तेह्र

# मध्यमकालीन खर्च संरचना

## १३.१ पृष्ठभूमि

आवधिक योजनाको कार्यान्वयन एवं लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । सार्वजनिक खर्च व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता पक्षहरु महत्वपूर्ण रहन्छन् । आवधिक योजना र बजेट बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन मध्यमकालीन खर्च संरचनाले मद्दत गर्दछ । मध्यमकालीन खर्च संरचनाले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यस कार्यमा मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यासका हिसाबले हेर्दा सर्वप्रथम आर्थिक वर्ष २०५९/६० देखि अवलम्बन गरिएको यस अभ्यास हाल तीन वटै तहका सरकारको अनिवार्य दायित्वको रुपमा रहेको देखिन्छ । संवैधानिक व्यवस्था, संघीय एवम् प्रदेश नीति र कानून, स्थानीय दीर्घकालीन तथा आवधिक योजनाको आधारमा स्थानीय तहले आगामी तीन आर्थिक वर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तर्जुमा र सोको आधारमा आगामी आर्थिक वर्षको बार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्दछ । यसलाई मध्यनजर गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था लगायत प्रचलित कानूनी व्यवस्था र मापदण्ड बमोजिम आवधिक योजना, वस्तुस्थिति विवरण, चालु तथा गत आर्थिक वर्षहरुको बार्षिक कार्यक्रमको आधारमा आगामी तीन वर्ष (२०७८/७९-२०८०/८१) को खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । संरचना तयारीको लागि कार्यपालिकाका पदाधिकारी, विषयगत समितिहरु, विषयगत शाखा, उपशाखा र वडा कार्यालय र सेवा केन्द्रसँग आवश्यक छलफल गरिएको थियो ।

## १३.२ अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचना सीमित स्रोतलाई सेवा प्रवाह र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रिय खर्च योजना हो । यसले सिमित स्रोत र असीमित आवश्यकता बीच तादाम्यता ल्याउने र नीतिगत प्राथमिकताको आधारमा स्रोलाई बाँडफाँट गर्ने प्रक्रिया हो ।यसले नीति तथा योजनाको निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने कार्य गर्दछ । यस प्रयोजनका लागि यसले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई आवधिक योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ ।

मध्यमकालीन खर्च संरचनाले चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्दछ । बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ जुन चाहि वार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको (Outer Year Budget) खर्चको प्रक्षेपण गरिन्छ । चक्रीय रुपले हरेका वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । यस प्रयोजनाका लागि पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ । विकासको आवश्यकता, आयोजना

कार्यान्वयनको अवस्था, राजस्व, अनुदान र अन्य स्रोतको अनुमान समेतका आधारमा प्रत्येक वर्ष यसलाई परिमार्जन गर्नु पर्दछ ।

मध्यमकालीन खर्च संरचनाले स्थानीय सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र त्यसलाई आवधिक योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्दछ । यस प्रयोजनका लागि चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । त्यसैगरी, स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोतको आँकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप बिषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको बजेट खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । बजेट खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ ।

## १३.३ उद्देश्य

यस मध्यमकालीन खर्च तयारीको संरचनाको प्रमुख उद्देश्य उपलब्ध स्रोत साधनलाई गाउँपालिकाको समिष्टगत नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका विशिष्ट देहायअनुसार रहेका छन् :

(क) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजनाहरूको प्राथमिकीकरण गर्ने र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु,

(ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु ।

## १३.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

यस मध्ममकालीन खर्च संरचना तयार गर्दा मुलतः देहायमा उल्लिखित व्यवस्थापलाई आधारका रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- गाउँपालिकाको प्रथम आवधिक योजना (२०७७/७८-२०८१/८२)
- गाउँपालिकाको वस्तुस्थिति पत्र (प्रोफाईल), २०७३
- गाउँपालिकाका नीति, कानून, विषयगत योजना, विगत ४ वर्षको नीति, बजेट तथा कार्यक्रम
- गाउँपालिका संस्थागत क्षमता स्वमूल्याङ्कन तथा राजस्व सुधार कार्ययोजना लगायतका अध्ययन प्रतिवेदनहरु

### १३.५ मध्यमकालीन समष्टिगत आर्थिक खाका

गण्डकी गाउँपालिकाको मध्यम अवधिको समष्टिगत आर्थिक खाका विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, चालु आर्थिक वर्षको समीक्षाका आधारमा तयार गरिएको छ। यसका लागि आवधिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको छ। प्रथम तीन वर्षको योजना अवधिको समष्टिगत आर्थिक खाका देहायअनुसार रहेको छ :

*तालिका २५ : समष्टिगत आर्थिक खाका विवरण*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार बर्षसम्मको स्थिति | | | आगामी तीन आर्थिक वर्षको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५७९ | ०.५९ | ०.५८ | ०.६१ | ०.६३ | ०.६२ |
| २ | औसत आयु | वर्ष | ६९.७ | ७१.७ | ७१ | ७१.०८ | ७४.८८ | ७३.४० |
| ३ | प्रतिव्यक्ति आय | युसडलर | १०४७ | १०४३ | १००० | १३७५.८ | १५९०.८ | १३०० |
| ४ | साक्षरता दर (१५ बर्ष भन्दा माथि) | प्रतिशत | ६६ | ७४.८ | ८६.७८ | ८४.०० | ८६.९२ | ९२.३१ |
| ५ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १८.७ | १४.९ | २०.४ | १४.०८ | १०.४ | १५.३६ |

### १३.६ समष्टिगत मध्यमकालीन नतिजा खाका

नेपालको १५ औं राष्ट्रिय योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको विकासको दीर्घकालीन सोच अनुरुप आगामी तीन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। समष्टिगत लक्ष्यहरुको वर्तमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका २६ : समष्टिगत नतिजा खाका*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार बर्षसम्मको स्थिति | | | आगामी तीन आर्थिक वर्षको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका |
| १ | खाद्यान्न वालीको उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | २.९ | २.७ | १.५ | ३.५६ | ३.३६ | १.८ |
| २ | खेतीयोग्य जमिनमध्ये सिंचित जमिन | प्रतिशत | ४५ | २७.४ | ३६.५६ | ४५ | २९.०२ | ४१.६२ |
| ३ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | ११ | ८.१६ | ६ | ७.४ |
| ४ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.५ | ९८ | ९५.६८ | ९३ | ९९.२ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार बर्षसम्मको स्थिति | | | आगामी तीन आर्थिक वर्षको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका | नेपाल | गण्डकी प्रदेश | गण्डकी गाउँपालिका |
| ५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | २६.२ | ९३.७१ | ५१.१२ | ३२.६८ | ९६.२८ |
| ६ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ५५.४ | ४८ | २०.४३ | ७०.१६ | ६७.२ | ४४.१७ |
| ७ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९४.८ | ९४.५ | ९६.६२ | ९७.३२ | ९७.२ |
| ९ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४३.९ | ४४.७ | ४६ | ५६.५६ | ५३.८८ | ६०.४ |
| १० | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९.३ | ५३.७ | ९७ | ६७.७२ | ६७.९२ | ९८.८ |
| ११ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ५७.४ | ६८.३ | ८४ | ६८.५६ | ८०.१२ | ९३.६ |
| १२ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ३९ | २७ | २ | ३० | २४ | ०.८ |
| १३ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ९१.१ | ८० | ९५ | ९६.४४ | ९२ |

## १३.७ समष्टिगत मध्यमकालीन बजेट खाका

विगत आर्थिक वर्षको आय तथा व्ययको आधारमा गाउँपालिकाको तीन वर्षको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ :

१. आर्थिक वर्ष २०७७/७८ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, अन्तरसरकार वित्तीय हस्तान्तरणबाट उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण खर्च अनुमान गरिएको छ ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ ।

३. रोयल्टी (वन, खानी र खनिज आदि) बाट प्राप्त हुने राजस्व अनुमान गरी गणना गरिएको छ ।

